सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० असार २०८२, सोमबार (14 July 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एक वर्षसम्म प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण गोप्य

सरकारले लगातार सुशासनको पक्षमा काम गरेको दाबी गर्दै आएको छ, तर प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्तिसमेत सार्वजनिक गर्न सकेको छैन



३१ असार ०८१ मा बसेको ओली नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठक।

उनी काग्रेसको समर्थनमा ३० असारमा चौथोपटक प्रधानमन्त्री बनेका थिए। भ्रष्टाचार निवारण आयोग ऐन, २०५९ को दफा ५० मा 'सार्वजनिक पद धारण गरेको ६० दिनभित्र र त्यसपछि हरेक नयाँ आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्ने' व्यवस्था छ। मन्त्रीहरूले विवरण 'खामबन्दी'मा बुझाएका छन्। तर, एक वर्ष बितिसक्दा पनि सरकारले सार्वजनिक गरेको छैन।

सुवास भट्ट/नयाँ पत्रिका

सरकार गठनको एक वर्ष भइसक्दा पनि प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण अझै गोप्य छ। उनीहरूले विवरण 'खामबन्दी'मा बुझाए पनि सार्वजनिक गरिएको छैन। दुई ठुला दलले सुशासनलाई प्राथमिकतामा राख्ने भन्दै सरकार बनाए पनि २५ सदस्यीय मन्त्रिपरिषद्को सम्पत्ति विवरण सार्वजनिक गर्न आनाकानी गर्दै आएका छन्।

सम्पत्ति विवरण अनिवार्य सार्वजनिक गर्नु कानुनी प्रावधान होइन। तर, सरोकारवालाको भनाइमा मन्त्रिपरिषद्का सदस्यहरूले विवरण सार्वजनिक गर्नु सुशासन र पारदर्शिताका दृष्टिले महत्त्वपूर्ण

» पृष्ठ २ मा क्रमशः

■ पूर्वसचिव शारदाप्रसाद त्रिताल भन्छन्-

सम्पत्ति सार्वजनिक नगर्नु भनेको जति फट्याइँ गरे पनि लुकाउन पाइन्छ भन्ने हो




कुनै पनि पदमा जाँदा र निस्किँदाको दुवै समयमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ। सम्पत्ति सार्वजनिक नगर्नु भनेको जति फट्याइँ गरे पनि लुकाउन पाइन्छ भन्ने हो। स्वच्छ उद्देश्य र इमानदारिता छैन भन्ने हो। सम्पत्ति सार्वजनिक गर्न कानुनले बाध्य बनाएको छैन। कानुनले बाध्य बनाएको व्यवस्थामा त पचाउँदै आएका छन्। कानुनमै नभएपछि त ढुक्कै भयो नि!

■ ७८ लाख घुस 'डिल' प्रकरण संसद्मा

मन्त्री गुप्ताको बर्खास्ती, निष्पक्ष छानबिन र प्रधानमन्त्रीको जवाफ माग

घुस डिलको अडियोमा मन्त्री र बिचौलियाले भनेका 'सम्बन्धित ठाउँ' र 'बा'को पहिचान पनि खोजे सांसदले



● **सुमना श्रेष्ठ** (सांसद, रास्वपा) : यो सबै कसको प्रश्रय, कसको तागत र कसको संस्कारमा भइरहेको हो ? भ्रष्टाचारीको अनुहार पनि हेर्दिनँ भन्ने सुशासन आयोगका प्रमुखसँग पनि हामी जवाफ माग्छौं। अडियोमा भनिएको 'सम्बन्धित ठाउँ' भनेको कुन ठाउँ हो ? 'बा' भनेर भनिएको पात्र को हो ? जनताले जान्न पाउनुपर्छ। छानबिनको माग गर्छौं।



● **दुर्गा राई** (सांसद, माओवादी) : घुसको डिल अडियो सार्वजनिक भइहँदा चुप लागेर बस्ने हो ? प्रधानमन्त्रीले एक्सन लिनुपर्छ कि पर्दैन ? म घुस लिन्नँ, अरूलाई पनि लिन दिन्नँ भन्ने प्रधानमन्त्रीको टुक्काले पुग्छ ? प्रधानमन्त्रीले सदनमा स्पष्ट पार्न रुलिङको माग गर्दछु।



● **चित्रबहादुर केसी** (अध्यक्ष, जनमोर्चा) : सत्ता र शक्तिमा बस्नेहरूमा राष्ट्र र जनताको काम गर्ने होइन कि विशुद्ध घुस खाने, भ्रष्टाचार गर्ने बानी छ। गल्ती, कमजोरी छ भने सार्वजनिक रूपमा कारबाही गरेर सरकारले प्रमाणित गरेर देखाउनुपर्छ। स्वयं मन्त्रीहरू भ्रष्टाचार गर्न, देश लुट्न, घुस खान लाजै नमान्ने भएपछि जनतालाई लोकतन्त्र-गणतन्त्र आवश्यक छैन भनेर प्रचार गर्ने तत्त्वलाई मलजल भएको छ।



मन्त्री गुप्ता

मन्त्री अधिकारी

■ तीन दिन बित्दा पनि मन्त्रीको 'घुस डिल' प्रकरणमा प्रधानमन्त्री मौन

७८ लाख रुपैयाँको 'घुस डिल'मा मुछिएका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तामाथि कारबाही गर्न प्रधानमन्त्री केपी ओली अनिच्छुक देखिएका छन्। मन्त्रीको 'घुस डिल' सार्वजनिक भएको तीन दिन बितिसक्दा पनि प्रधानमन्त्री ओलीले यसबारे न कुनै अभिव्यक्ति दिएका छन् र न त कारबाही प्रक्रिया नै अघि बढाएका छन्।

कास्की मालपोत प्रमुखको सरुवा थमौती र कास्की भूमि आयोगको अध्यक्ष नियुक्ति सन्दर्भमा मन्त्री गुप्ताले बिचौलियासँग आफ्नै क्वार्टरमा 'घुस डिल' गरेका थिए। पार्टीकै कार्यकर्तालाई आयोगमा नियुक्ति गर्ने गरी त्यसका लागि डिल भएको थियो। जसमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारी पनि जोडिएका छन्।

डिलको अडियो सञ्चारमाध्यममा सार्वजनिक भएको तीन दिनसम्म पनि प्रधानमन्त्रीले आफ्नो मन्त्रिपरिषद्का सदस्य मन्त्रीमाथि कुनै कारबाहीको प्रक्रिया अघि बढाएका छैनन्। जबकि घुस डिलको अडियोमा आफ्नो संवाद भएको मन्त्री गुप्ताले अप्रत्यक्ष रूपमा स्वीकार गरेका छन्।

हुन त घुस डिलको घटना गत २८ पुसको हो। घुस डिलको अडियो सञ्चारमाध्यमबाट सार्वजनिक भएपछि मात्र बाहिरिएको थियो। यसअघि नै यो अडियो प्रधानमन्त्रीसम्म पुगेको स्रोतहरू बताउँछन्। तर, प्रधानमन्त्रीले यसबारे कुनै पनि कदम नचालेको स्रोत बताउँछन्।

पोखराको लिची बर्गैचाको करिब १३५ रोपनी जग्गा हत्याउने व्यापारिक योजनामा बिचौलियाले मालपोत प्रमुखको थमौती सरुवाको डिजाइनिङ गरेका थिए। यसका लागि बिचौलियाले ५६ लाख बुझाएका थिए।

कमलराज भट्ट/नयाँ पत्रिका

कास्कीका तत्कालीन मालपोत कार्यालय प्रमुखको सरुवा थमौती र भूमि आयोग जिल्ला अध्यक्ष नियुक्त गरिदिने भन्दै संघीय मामिलामन्त्री राजकुमार गुप्ताले बिचौलियासँग गरेको ७८ लाखको घुस 'डिल' प्रकरण संसद्मा पुगेको छ। विपक्षी दलहरूले मन्त्रीको बर्खास्ती, निष्पक्ष छानबिन र संसद्मा प्रधानमन्त्री केपी ओलीको जवाफ माग गरेका छन्। यस 'डिल'मा मन्त्री गुप्ताले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीको संलग्नता पनि देखाएका छन्।

■ मन्त्रीद्वय गुप्ता र अधिकारीलाई निलम्बन गर्न प्रधानमन्त्री कार्यालयमा उजुरी

प्रतिनिधिसभाको आइतबारको बैठकमा आकस्मिक र शून्य समयमा बोल्दै विपक्षी सांसदहरूले प्रधानमन्त्री ओलीलाई सदनमा उपस्थित भई जवाफ दिन रुलिङका लागि सभामुखसँग माग गरे। यो प्रकरणसहितका घटनाले सरकारले गर्ने सुशासनको भाषण र व्यवहारमा गहिरो अन्तर रहेको उनीहरूको टिप्पणी छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सुमना श्रेष्ठले कास्की घुसकाण्डको निष्पक्ष छानबिन जवाफका लागि सरकारलाई रुलिङ गर्न माग गरिन्। 'दुईतिहाइको सुशासन यही हो ? आफ्नालाई चैन, अरूलाई ऐन नै ऐन ? पहिले पनि यस्तै अडियो काण्ड भएको

» पृष्ठ २ मा क्रमशः

क्यान्सर बिरामीलाई ३७ प्रकारका महँगा औषधि अब निःशुल्क

मुख्य गरी स्तन क्यान्सर, प्लाक सोरियासिस, अल्जाइमरलगायतका बिरामीले यी औषधि पाउने

● **प्रदीप पौडेल**
स्वास्थ्यमन्त्री

सरकारी प्रक्रियाका कारण औषधि ल्याउनसमेत लामो समय लाग्यो। यद्यपि, प्राप्त औषधिले क्यान्सरका बिरामीलाई लाभ मिल्नेछ। क्यान्सर उपचार निकै महँगो छ, बिरामीले औषधि किन्न नसक्ने अवस्था छ। प्राप्त औषधिले बिरामीलाई राहत हुनेछ।



शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा किन्नसमेत नपाइने क्यान्सरका महँगा औषधि सरकारले अब निःशुल्क उपलब्ध गराउने भएको छ। विभिन्न चार अस्पतालमार्फत ती औषधि वितरण गर्ने गरी आइतबार केही औषधि स्वास्थ्य मन्त्रालयलाई हस्तान्तरण गरिएको छ।

अमेरिकास्थित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था 'डाइरेक्ट रिलिफ'को सहयोग र 'वान हार्ट वर्ल्डवाइड'को समन्वयमा उक्त औषधि तथा स्वास्थ्य सामग्री २७ असारमा नेपाल आइपुगेको थियो। आइतबार प्राप्त औषधि थोरै मात्र भएकाले थप ल्याउन मन्त्रालयले पहल गरिरहेको जनाएको छ।

थोरै मात्रामा आएको उक्त औषधि मन्त्रालयले आइतबार नै सम्बन्धित अस्पताललाई हस्तान्तरण गर्न थालेको छ। तर, पर्याप्त मात्रामा

» पृष्ठ २ मा क्रमशः

यी अस्पतालबाट हुनेछ निःशुल्क औषधि वितरण

आइतबार मन्त्रालयलाई हस्तान्तरण गरिएका केही औषधि र स्वास्थ्य सामग्री आइतबार र सोमबार अस्पताललाई हस्तान्तरण गरिसकिनेछ। मुख्यतः क्षेत्र तथा बिरामीको अवस्था हेरी चार अस्पताललाई औषधि हस्तान्तरण गरिएको छ। जसमा बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, भक्तपुर क्यान्सर अस्पताल भक्तपुर, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, बाँके र वीर अस्पताललाई हस्तान्तरण गरिएको हो। यी अस्पतालले बिरामीलाई निःशुल्क रूपमा औषधि उपलब्ध गराउनेछन्। साथै, अपुग औषधि मन्त्रालयसँग माग गर्नेछन्।

■ रास्वपाको हस्ताक्षर संकलनमा प्रहरीको हस्तक्षेप

'प्रधानमन्त्रीको सवारी छ' भन्दै रास्वपाले सडकछेउमा चलाएको हस्ताक्षर अभियानको टेबुल-कुर्सी हटाउन आएका प्रहरी माइक भाँचेर हिँडे

झापामा चिरञ्जीवी घिमिरे

प्रधानमन्त्री केपी ओली आएका वेलामा झापाको दमकमा राष्ट्रिय स्वतन्त्र पार्टीले हस्ताक्षर संकलन गरेको भन्दै प्रहरीले हस्तक्षेप गरेको छ। दमकस्थित प्रधानमन्त्री ओलीको निवासनजिकै क्याम्पस मोडमा हस्ताक्षर संकलन गरिरहेका रास्वपाका कार्यकर्तालाई प्रहरीले हस्तक्षेप गरेको हो।

रास्वपाले आफ्ना सभापति रवि लामिछानेलाई राज्यले प्रतिशोधन साँधेको भन्दै केही समयदेखि हस्ताक्षर संकलन गरिरहेको छ। प्रधानमन्त्री ओली दमक आएको समयमा उनी सवार हुने सडकनजिकै हस्ताक्षर संकलन गर्दा प्रहरीले हस्तक्षेप गरेको रास्वपा झापा- ५ का

» पृष्ठ २ मा क्रमशः



प्रहरीले भाँचिदिएको रास्वपाको माइक

सरकारको एक वर्ष

मूल मुद्दाबाटै विमुख



संविधान संशोधन पहल नै भएन, सुशासन र भ्रष्टाचार नियन्त्रणमा पनि सुस्त सरकारको कामबाट विपक्षी दल, नागरिक र विश्लेषक मात्र होइन प्रमुख सत्तासाझेदार काग्रेस पनि असन्तुष्ट

(विस्तृत पृष्ठ ३)

बरालिएको नेपाली राजनीति र अबको बाटो



अग्रलेख

● प्रा. कृष्ण पोखरेल

नयाँ संविधान जारी भएपछि संसदीय मान्यताको प्रणाली भत्काउने नेताले नै पूर्वराष्ट्रपति राजनीतिमा फर्किँदा प्रणाली भत्किने तर्क गर्न सुहाउँदैन

(पृष्ठ ४)

अर्को सैन्य 'कु'तर्फ जाँदै हो थाइल्यान्ड ?



सेनाले 'कु' गरेर पेटोइट्टार्नका व्यापारी पिता थाक्सिन सिनावात्रालाई प्रधानमन्त्री पदबाट हटाएको १० वर्ष नबित्दै पुनः सन् २०१४ मा पेटोइट्टार्नकी सानिमा यिनलक सिनावात्रालाई अदालतले पदच्युत गऱ्यो। अदालतले यिनलकलाई पदच्युत गरेको दुई हप्तापछि सेनाले सत्ता हातमा लिएको थियो।

(विस्तृत पृष्ठ ५)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कमलाको दुःखान्त : महिनावारी बार्न छाउगोठमा सुतिन्, सर्पले डस्दा ज्यान गयो

कञ्चनपुरमा **मोहन विष्ट**

महिनावारी भएपछि छाउगोठ (महिनावारी भएकी महिला बस्न छुट्टै बनाइएको गोठ)मा सुतेकी कञ्चनपुरकी एक महिलाको सर्पले डस्दा ज्यान गएको छ। महिनावारी भएपछि शुक्रबार छाउगोठमा सुतिरहेका वेला राति १० बजे कृष्णपुर नगरपालिका- १, निगालीकी २८ वर्षीया कमला आउजी दमाईंलाई सर्पले टोकेको थियो। धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचारका क्रममा शनिबार राति उनको मृत्यु भएको कञ्चनपुर प्रहरीका डिएसपी सागर बोहराले बताए।



कमला आउजी दमाईं

आफ्नो छाउगोठ वर्षामा चुहिने भएकाले कमला घरनजिकै जेठानीको छाउगोठमा सुत्न गएकी थिइन्। उनका छिमेकी सुचित्र शाहले महिनावारी भएपछि घरनजिकैको कच्ची छाउगोठमा सुतेका वेला कमलालाई सर्पले डसेको बताए। हालै मात्र कमलाले पक्की घर बनाएकी थिइन्। 'कमलालाई सर्पले डसेपछि हामीले अटो खोजेर

» पृष्ठ २ मा क्रमशः



कञ्चनपुरको कृष्णपुर नगरपालिका- १, निगालीकी कमला आउजी दमाईंले महिनावारी बार्न प्रयोग गरेको छाउगोठ। आफ्नो छाउगोठ वर्षामा चुहिने भएकाले उनी घरनजिकै जेठानीको छाउगोठमा सुत्न गएकी थिइन्। त्यहीं उनलाई राति १० बजे सर्पले डसेको थियो।



■ १५ दिनभित्र नगरभरिका छाउगोठ भत्काउन कृष्णपुर नगरपालिकाको निर्देशन, मेयर हेमराज ओझा भन्छन्-

छाउगोठ नभत्काउने नागरिकको पालिकाबाट दिने सुविधा रोक्छौं, जरिवाना गर्छौं

कृष्णपुर नगरपालिकाले नगरभरिका छाउगोठ भत्काउन १५ दिने सूचना जारी गरेको छ। मेयर हेमराज ओझाले नौबटै वडालाई पत्र काट्दै छाउगोठ भत्काउन भनिएको र अटेरी भए नगरपालिकाले भत्काउने बताए। नगरपालिकाले आइतबार मात्र कमला दमाईं बसेको छाउगोठसहितका दुई गोठ भत्काएको छ। 'हामीले यसअघि पनि गोठ भत्काएका थियौं। फेरि बनाएछन्,' उनले भने, 'अब कडाइका साथ लाग्छौं। छाउगोठ नभत्काउने नागरिकको पालिकाबाट दिने सुविधा रोक्छौं, जरिवाना गर्छौं।'



■ छाउगोठ घटनाबारे संसद् र सरकारको ध्यानाकर्षण गराउँदै आइतबार प्रतिनिधिसभाको विशेष समयमा सांसद तारा लामा तामाङले भने-

छाउपडी सामाजिक प्रश्न मात्र होइन, मानव अधिकारको पनि उल्लंघन, सबै मिलेर यो कुरीतिको अन्त्य गरौं

मेरो गृहजिल्ला कञ्चनपुरमा २८ वर्षीया कमला आउजीको छाउगोठमा सुतिरहेको वेला सर्पले डसेर मृत्यु भएको खबर अत्यन्त दुःखद र पीडादायी छ। कञ्चनपुरमा त यस्तो छ भने अछाम, बाजुरा, डोटी र बझाङलगायत पहाडी जिल्लाका केही स्थान र केही समुदायमा यो प्रथा अझै गम्भीर रूपमा विद्यमान छ। जहाँ महिनावारी भएका महिलालाई आज पनि गोठ, खुला छाप्रोमा जनावरसँगै, भय र अपमानको वातावरणमा, बिच्छी, फट्याङ्ग्राजस्ता जन्तुको डरमा मात्र होइन, कहिलेकाहीं मानव हिंसाको पनि सिकार बन्नुपरेको छ। यो केवल सामाजिक प्रश्न होइन, मानव अधिकारको पनि गम्भीर उल्लंघन हो। छाउप्रथासम्बन्धी भएको कानुन पूर्ण रूपमा लागू गरी सबै मिलेर यो कुरीति अन्त्य गरौं।

प्राधिकरणबाट सरुवाको अधिकार खोस्ने कदमबाट पछि हटे ऊर्जामन्त्री खड्का



कर्मचारीले मन्त्री खड्कालाई सञ्चालक समिति बैठकमा बस्न छेकेर धर्ना दिएपछि भयो सहमति

नयाँ पत्रिका

ऊर्जामन्त्री दीपक खड्का नेपाल विद्युत् प्राधिकरणका कर्मचारीको सरुवा अधिकार आफूमातहत ल्याउने कदमबाट तत्कालका लागि पछि हटेका छन् । मन्त्री खड्काले गत २२ असारमा सञ्चालक समितिको बैठकबाट विद्युत् प्राधिकरण कर्मचारी सेवा सर्त विनियमावली, ०७५ संशोधन गर्दै हाल कार्यकारी निर्देशकसँग भएको १०औँ र सोभन्दा माथिल्लो तहका कर्मचारीको सरुवा, बढुवा, बिदा, काज खटाउने अधिकार सञ्चालक समितिमा राख्ने निर्णय गरेका थिए । विनियमावली स्वीकृतिका लागि लोकसेवा पठाउने निर्णय पनि भएको थियो ।

तर, विद्युत् प्राधिकरणका कर्मचारी आन्दोलनमा उत्रिएपछि उनी तत्कालका लागि पछि हटेका हुन् । आइतबार कर्मचारीको धर्नापछि सञ्चालक समिति, ऊर्जासचिव सुरेश आचार्य र कर्मचारीबिच विनियमावली संशोधनको निर्णय तत्काल कार्यान्वयन नगर्ने लिखित सहमति भएको छ । छलफलमार्फत मात्र विनियमावली संशोधन गरेर अघि बढाउने सहमति भएपछि कर्मचारीले मन्त्री खड्कालाई बैठकमा बस्न दिएका थिए । त्यसअघि प्राधिकरणका कर्मचारीहरूले कर्मचारी कल्याण परिषद्, कर्मचारी युनियन, राष्ट्रिय कर्मचारी युनियन र कर्मचारी संघको नेतृत्वमा आइतबार सञ्चालक समितिको बैठक बस्ने कोठाको बाहिर धर्ना दिएका थिए । ऊर्जासचिव सुरेश आचार्य र सञ्चालक बलबहादुर पराजुली रहने गरी छलफल समिति पनि गठन गरिएको छ ।

राष्ट्रिय कर्मचारी युनियनका अध्यक्ष रामेश्वर पौडेलले कर्मचारी सरुवाको अधिकार सञ्चालक समितिमा लैजानु गलत भएको बताए । 'कार्यकारी निर्देशकलाई सरकारले निश्चित कार्यदेश दिएर नियुक्त गरेको हुन्छ ।

रुंगा पुलदेखि टिमुरेतर्फको १६ मध्ये साढे नौ किमि सडक खुलाइयो

नयाँ पत्रिका

गत मंगलबारको बाढीले क्षतिग्रस्त हुँदा अवरुद्ध बनेको रसुवास्थित स्याफ्रुबेंसी-रसुवागढी सडकको १६ किलोमिटरमध्ये रुंगा पुलदेखि टिमुरेतर्फको साढे नौ किलोमिटर सडक मर्मत गरेर खुलाइएको छ ।

बाढी र पहिरोले क्षतविक्षत भएको सडक जेसिबी, एक्स्काभेटर, ब्रेकरलगायतका हेभी इक्युपमेन्ट प्रयोग गरी स्याफ्रुबेंसी (रुंगा पुल)देखि टिमुरेतर्फको सडकखण्डको करिब साढे नौ किलोमिटर र रसुवागढी जलविद्युत् आयोजनाको बालुवाखानीदेखि रसुवागढीतर्फको सडक/बाटो २७० मिटर मर्मत गरिएको गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक योजनाका सूचना अधिकारी अमरेन्द्रकुमार यादवले बताए । 'साना गाडी गुडाउन मिल्ने गरी साढे नौ किलोमिटर सडक अस्थायी रूपमा खुलेको हो । अझै सात किलोमिटरको ट्र्याक खोल्न बाँकी छ,' उनले भने, 'पूरै सडक अस्थायी रूपमा खुलाउन अझै चार-पाँच दिन लाग्न सक्छ ।' गत मंगलबारको भोटेकोशीको सहायक नदी ल्हेन्देमा आएको बाढीका कारण स्याफ्रुबेंसी-रसुवागढी सडक पूर्ण रूपमा अवरुद्ध बनेको थियो ।

यादवका अनुसार यो सडक खण्डको १५ ठाउँमा ११ सय मिटर सडक क्षतविक्षत छ । सडक खुलाउन सडक विभाग, लाङटाङ भोटेकोशी जलविद्युत् आयोजना, रसुवागढी जलविद्युत् आयोजना र लाङटाङ जलविद्युत् आयोजनासमेतका जेसिबी, एक्जाभेटर, ब्रेकरलगायतका हेभी इक्युपमेन्ट प्रयोग भइरहेका छन् ।

बाढी प्रभावित क्षेत्रको भौतिक क्षतिको प्रारम्भिक विवरण संकलनका लागि यसअघि नै समिति गठन भइसकेको छ । गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक योजनाका योजना प्रमुख खड्गलाल श्रेष्ठको संयोजकत्वमा गठित १३ सदस्यीय समितिले क्षतिको विवरण संकलन गरिरहेको छ ।



मन्त्री गुप्ताको...

पृष्ठ १ बाट क्रमशः

थियो, जनताले बिर्सेका छैनन् । फेरि पनि त्यही दोहोरिन लागेको हो ?' उनले प्रश्न गर्दै भनिन्, 'यो सबै कसको प्रश्रय, कसको तागत र कसको संस्कारमा भइरहेको हो ? भ्रष्टाचारीको अनुहार पनि हेर्दिनँ भन्ने सुशासन आयोगका प्रमुखसँग पनि हामी जवाफ माग्छौँ ।'

सांसद श्रेष्ठले घुस डिलको अडियोमा उल्लेखित 'सम्बन्धित ठाउँ' र 'बा'को पहिचान खुलाउन पनि माग गरिन् । अडियोमा मन्त्री गुप्ताले घुस लिएको रकमको केही 'सम्बन्धित ठाउँमा' पुऱ्याउनुपर्ने उल्लेख गरेका छन् । त्यस्तै, गुप्तासँगको संवादमा बिचौलियाले नियुक्तिका लागि 'बाले समेत भने होलान्' भनेको अडियोमा सुनिन्छ । बिचौलियाले प्रधानमन्त्री ओलीतिर इसारा गरेको संकेत पाइन्छ ।

'कास्कीको कार्यालयमा को पठाउने भन्नेमा सेटिङ र घुस डिल छ । जिल्लाको भूमि आयोगमा अध्यक्ष नियुक्तिमा सेटिङ छ । भूमि विधेयक किन फास्ट ट्र्याक गर्न खोजिएको थियो भन्ने कुरा पनि अब बुझिन थालिएको छ । आफूअनुकूल मान्छे, आफूअनुकूल कानुन । एउटा मन्त्रीले अर्को मन्त्रीलाई पोलेको अवस्था छ । यसको छानबिनको हामी माग गर्छौँ,' श्रेष्ठले भनिन्, 'अडियोमा भनिएको 'सम्बन्धित ठाउँ' भनेको कुन ठाउँ हो ? कसको ठाउँ हो ? 'बा' भनेर भनिएको पात्र को हो ? यो जनताले जान्न पाउनुपर्छ ।'

प्रमुख प्रतिपक्षी माओवादी सांसद दुर्गा राईले सरकार भ्रष्टाचार र कमिसनमा व्यस्त रहेको, मुलुक बिचौलियाले चलाइरहेका छन् भन्ने पुष्टि हुने गरी मन्त्रीको घुसकाण्ड आएको र यो मन्त्री मात्र नभई प्रधानमन्त्रीको विषय भएको बताइन् । 'कुनै मन्त्रीको विवाद भए सम्बन्धित मन्त्री र प्रधानमन्त्रीले सोच्ने विषय हो । घुसको डिल अडियो सार्वजनिक भइरहँदा चुप लागेर बस्ने हो ? घुस डिल बाहिरिएपछि प्रधानमन्त्रीले एक्सन लिनुपर्छ कि पर्दैन ? म घुस लिन्नँ, अरूलाई पनि लिन दिन्नँ भन्ने प्रधानमन्त्रीको टुक्काले पुग्छ ?' उनले प्रश्न गर्दै भनिन्, 'मन्त्रीले नैतिकता देखाउने टाढाको विषय बन्दै छ । डिलमा भूमिमन्त्री पनि जोडिनुभएको छ । त्यसैले यी विषयमा प्रधानमन्त्रीले सदनमा स्पष्ट पार्नका लागि सभामुखमार्फत रुलिङको माग गर्दछु,' उनले भनिन् ।

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले मन्त्रीहरूको घुसकाण्डबारे सरकारका प्रवक्ताले सत्यतथ्य बताउनुपर्ने र घुस लेनदेन भएकै भए मन्त्रीलाई कारबाही हुनुपर्ने बताए । 'प्रधानमन्त्रीले म भ्रष्टाचार गर्दिनँ, सहन्नँ र अरूलाई पनि गर्न दिन्नँ भन्नुभएको थियो । तर, उहाँकै क्याबिनेटका दुई मन्त्री घुसकाण्डमा मुछिएका छन् । यसले सुशासनको उपहास भएको छ,' उनले भने, 'सभामुखमार्फत म सरकारसँग प्रश्न गर्न चाहन्छु, संघीय मामिलामन्त्री र भूमि व्यवस्थामन्त्रीले घुस खाएको कुरामा कति सत्यता छ ? घुस लेनदेन भएकै हो भने गल्तीअनुसार मन्त्रीहरूमाथि कारबाही हुनुपऱ्यो । सत्य तथ्य बताउनुपऱ्यो ।'

जनमोर्चाका चित्रबहादुर केसीले सत्तामा बसेर मन्त्रीले घुस खाने र भ्रष्टाचार गर्ने कारणले लोकतन्त्र र गणतन्त्र खतरामा परिरहेको भन्दै कारबाही गर्न माग गरे । 'स्वयं मन्त्रीहरू भ्रष्टाचार गर्न, देश लुट्न, घुस खान लाजै नमान्ने भएपछि नेपाली जनतालाई यो लोकतन्त्र-गणतन्त्र आवश्यक छैन भनेर व्यापक रूपमा देशभर प्रचार गर्ने तत्त्वलाई मलजल भएको छ कि छैन ?' उनले भने, 'अहिले पनि सत्ता र शक्तिमा बस्नेहरूमा राष्ट्र र जनताको काम गर्ने होइन कि विशुद्ध घुस खाने, भ्रष्टाचार गर्ने बानी छ । सत्ता-शक्तिमा बस्ने साथीहरूले विशुद्ध आफ्नो स्वार्थलाई ध्यानमा राख्ने होइन । गल्ती, कमजोरी छ भने सार्वजनिक रूपमा कारबाही गरेर सरकारले प्रमाणित गरेर देखाउनुपर्छ ।'

नेमकिपाका प्रेम सुवालले भने, 'संघीय मामिलामन्त्री र भूमिमन्त्रीको घुसकाण्डबारे आजै सरकारले संसद्मा जानकारी दिनुपर्छ ।'

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले मन्त्रीको घुस डिलबारे प्रधानमन्त्रीले सदनलाई जानकारी गराउन र मन्त्रीहरूलाई कारबाही गरेर सुशासनको पक्षमा कडा कदम चाल्न माग गरे । माओवादीकै हितबहादुर तामाङले घुस डिल गर्ने मन्त्रीलाई बर्खास्त गरेर कारबाही अगाडि बढाउन माग गरे । माओवादीकै रेखा शर्माले दुईजटा मन्त्री घुसमा जोडिएको विषयमा प्रधानमन्त्रीले सदनमा जानकारी गराउनुपर्ने र छानबिन गरेर कारबाही गर्न माग गरिन् ।

त्यस्तै, माओवादीकै सुदन किराँतीले सामान्य प्रशासन र भूमि सुधारमन्त्रीको घुस डिलबारे सरकारसँग प्रश्न गरे । 'प्रधानमन्त्रीले यही सदनमा भ्रष्टचार गर्दिनँ, गर्न दिन्नँ भन्नुभएको थियो । यो जुनीमा त के अर्को जुनीमा पनि चित्रगुप्तको अगाडि उभिएर जवाफ दिन्छु भन्नुभएको थियो । हामीलाई अर्को जुनी र चित्रगुप्तको विश्वास छैन । त्यसैले सरकारको तर्फबाट सदनमा सत्यतथ्य जवाफ चाहिन्छ,' उनले भने ।

माओवादीकी ज्ञानु बस्नेत सुवेदीले घुस डिल आइसकेको, केही भइसकेको र दुईजना मन्त्री मुछिँदा पनि सरकार मौन रहनु आपत्तिजनक भएको बताइन् । भ्रष्टाचारीको मुख हेर्दिनँ भन्ने प्रधानमन्त्री के गर्दै हुनुहुन्छ भनेर प्रश्न गरिन् ।

'स्पेनबाट नेपाली नफर्किएको केसले अझै भिजिट भिसामा मानव तस्करी भइरहेको देखायो'

रास्वपा सांसद सुमना श्रेष्ठले प्रधानमन्त्री सहभागी स्पेनको संयुक्त राष्ट्र संघको कार्यक्रममा भिजिट भिसामा गएका नेपालीहरू नफर्किएको घटनाले अझै पनि मानव तस्करी भइरहेको देखाएको र आफूहरूको आन्दोलनको औचित्य पुष्टि भएको बताइन् । त्यसैले कर्मचारीको टालटुले समिति होइन, संसदीय छानबिन वा उच्चस्तरीय छानबिन आयोग माग गरेर १३ जेठदेखि सदन र सडकमा आन्दोलन गरिरहेको उनको भनाइ थियो । 'हामीले उठाउँदै आएको विषय कति महत्त्वपूर्ण, सान्दर्भिक र औचित्यपूर्ण छ भनेर स्पेनको सेभिल्लीको केसले झन् पुष्टि गऱ्यो । सबैभन्दा दुःखको कुरा के हो भने सदनमा आन्दोलन हुँदै गर्दा पनि बिचौलियाहरूलाई न डर छ, न भय, न संकोच,' उनले भनिन्, 'कसको अकर्मण्यताले गर्दा यस्तो आँट मानव तस्कर र स्मल गर्सहरूमा पलाएको हो ? सदनको गरिमा त निलो रिबनमा भन्दा यसमा खोज्नुपर्ला सभामुख महोदय । देशको उच्चतम निकायको गरिमा कसले खस्काएको छ र कसरी ?'

सांसद श्रेष्ठले भिजिट भिसा प्रकरणको अध्ययन गर्न ०७८ सालमा समिति बनेको र अध्ययनपछिको प्रतिवेदन तीन वर्षदेखि दराजमा थन्क्याएर फेरि उस्तै समिति बनाउनुको कुनै अर्थ नभएको उल्लेख गरिन् ।

राप्रपाका ज्ञानबहादुर शाहीले प्रधानमन्त्री सहभागी स्पेनको कार्यक्रममा गएका नेपाली नफर्किएको पुष्टि भइसकेको भन्दै छानबिन गर्न माग गरे । संसदीय छानबिन समिति बनाउन यो सरकार किन डराएको भनेर उनले प्रश्न गरे ।

माओवादीका सुदन किराँतीले प्रधानमन्त्री सहभागी स्पेनको कार्यक्रममा फेरि मानव तस्करीजस्तो जघन्य अपराध भएको भन्दै यसले देशको छविमाथि अन्तर्राष्ट्रिय मञ्चमा गम्भीर प्रश्न उठाएको बताए । सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न उनले माग गरे ।

एमाले सचेतक सुनिता बरालले विभिन्न विकसित मुलुकमा विभिन्न कार्यक्रममा कर्मचारी, राजनीतिज्ञ, कलाकार, खेलाडी, पत्रकार, व्यवसायी जाने कुरा स्वाभाविक भएको बताइन् । 'विदेशी मुलुकले अनुरोध गरेका व्यक्तिलाई भिसा दिने कि नदिने भनेर नेपाल सरकारलाई सोध्ने गर्दैन । तर, अहिले केही गैरसरकारी संस्थाले असम्बन्धित व्यक्तिलाई विदेशी कार्यक्रममा पठाउने गरेको समाचार निकै संवेदनशील छ,' उनले भनिन्, 'यदि त्यसो हो भने राज्यका निकायमार्फत छानबिनको दायरामा ल्याइनुपर्छ र दोषीलाई कारबाहीको विषय बनाउनुपर्छ,' उनले भनिन् ।

यसअघि प्रधानमन्त्री सहभागी स्पेनको कार्यक्रममा गएका नेपालीहरू नफर्किएको भनेर प्रश्न उठाउँदा सत्तारूढ सांसदले प्रधानमन्त्रीलाई जोड्ने भन्दै प्रतिवाद गरेका थिए । जसको विपक्षी दलहरूले विरोध गरेका थिए । उनीहरूले आफूहरूले प्रश्न सत्तापक्ष सांसद नभई सरकारको मन्त्री र प्रधानमन्त्रीलाई सोधेको भन्दै सरकारले नै जवाफ दिनुपर्ने माग गरेका थिए ।

संसद्मा स्पेनको विषय प्रवेश गराएकी सांसद सोविता गौतमले २५ असारको बैठकमा सदनमा सांसदले उठाएको प्रश्नमा सरकारले शान्त शैलीमा जिम्मेवार ढंगले सदनमै आएर जवाफ दिनुपर्ने बताएकी थिइन् । माओवादी मुख्य सचेतक हितराज पाण्डेले २४ असारको बैठकमा सदनमा उठेका प्रश्नको जवाफ सांसदले होइन सरकारले दिनुपर्ने बताएका थिए ।

अख्तियारको छानबिन जारी

मन्त्री गुप्ता संलग्न 'घुस डिल'मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन अघि बढाएको छ । आयोगको नियुक्ति र मालपोत प्रमुखको थमौतीमा 'घुस डिल' भएको उजुरी अख्तियारमा गत १० असारमा दर्ता भएको थियो । मन्त्री गुप्तालाई तत्काल नियन्त्रणमा लिई भ्रष्टाचार निवारण ऐन, २०५८ अनुसार तत्काल कारबाहीको माग उजुरीकर्ता गरेका थिए । अख्तियार स्रोतका अनुसार उजुरीमा उल्लेख भएबमोजिम छानबिनको प्रक्रिया अघि बढेको छ । यसका लागि अडियो परीक्षण भइरहेको अख्तियार स्रोत बताउँछ । तर, अख्तियार प्रवक्ता राजेन्द्रकुमार पौडेलले भने आफू बिदामा रहेकाले यसबारे थाहा नभएको बताए ।

मन्त्रीद्वय गुप्ता र अधिकारीलाई निलम्बन गर्न प्रधानमन्त्री कार्यालयमा उजुरी

७८ लाख रुपैयाँ घुस प्रकरणमा मुछिएका सामान्य प्रशासनमन्त्री गुप्ता र भूमि व्यवस्थामन्त्री अधिकारीलाई मन्त्री पदबाट निलम्बन गरी हदैसम्मको कारबाही गर्न मागसहित प्रधानमन्त्री कार्यालयमा उजुरी दर्ता भएको छ । प्रधानमन्त्रीलाई सम्बोधन गर्दै युवराज सफलले आइतबार प्रधानमन्त्री कार्यालयमा उजुरी दर्ता गरेका हुन् ।

बहालवाला मन्त्रीको खुलेआम घुस प्रमाण बाहिर आएको अवस्थामा पदमा बस्ने अधिकार नभएको उनको जिकिर छ । घुसखोरीमा संलग्न मन्त्रीद्वय गुप्ता र अधिकारीलाई तत्काल निलम्बन गर्न उनको माग छ । 'सम्माननीय प्रधानमन्त्रीज्यू साँच्चै भ्रष्टाचारविरोधी, सुशासनको पक्षपाती भए तत्काल ७८ लाख घुसकाण्डमा जोडिएका भ्रष्ट मन्त्रीद्वय राजकुमार गुप्ता र बलराम अधिकारीलाई निलम्बन गरी भ्रष्टाचार नियन्त्रण ऐनबमोजिम हदैसम्मको कारबाही गर्नुपर्छ,' निवेदनमा उनले भनेका छन्, 'यदि प्रधानमन्त्रीज्यूले उल्लेखित काण्डमा जोडिएका व्यक्तिलाई पदबाट निलम्बन र कारबाही नगर्ने हो भने प्रधानमन्त्रीकै योजना र निर्देशनमा मन्त्रीले भ्रष्टाचार गरेको प्रमाणित हुन्छ ।'

एक वर्षसम्म...

पृष्ठ १ बाट क्रमशः

विषय हो । विगतमा फाट्टफुट्ट रूपमा सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास भए पनि त्यसले निरन्तरता पाउन सकेको छैन ।

कानुनअनुसार सार्वजनिक पदमा बसेका व्यक्तिले आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण सरकारलाई बुझाउनुपर्छ । सोहीअनुसार प्रधानमन्त्री र मन्त्रीहरूले पनि विवरण बुझाएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटअनुसार ऊर्जाराज्यमन्त्री खमबहादुर गर्बुजाबाहेक सबैको विवरण प्राप्त भएको उल्लेख छ । गर्बुजा अघिल्ला राज्यमन्त्री पूर्णबहादुर तामाङ बर्खास्त भएपछि १७ वैशाखमा नियुक्त भएका थिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने बताउँछन् ।

पूर्वसचिव शारदाप्रसाद त्रिताल राजनीतिक व्यक्तिहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने अन्तर्राष्ट्रिय प्रचलनलाई नेपालले अंगाले पनि यसको निरन्तरता नभएको बताउँछन् । 'कुनै पनि पदमा जाँदा र निस्किँदाको दुवै समयमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ,' उनले नयाँ पत्रिकासँग भने, 'सम्पत्ति सार्वजनिक नगर्नु भनेको जति फट्याइँ गरे पनि लुकाउन पाइन्छ भन्ने हो । स्वच्छ उद्देश्य र इमानदारिता छैन भन्ने हो ।' सार्वजनिक नगर्ने हो भने बुझाएको सम्पत्ति विवरणको औचित्य नहुने पनि उनको भनाइ छ । 'सम्पत्ति सार्वजनिक गर्न कानुनले बाध्य बनाएको छैन,' उनी भन्छन्, 'कानुनले बाध्य बनाएको व्यवस्थामा त पचाउँदै आएका छन् । कानुनमै नभएपछि त ढुक्कै भयो नि !'

भ्रष्टाचार निवारण आयोग ऐन, २०५९ को दफा ५० मा 'सार्वजनिक पद धारण गरेको ६० दिनभित्र र त्यसपछि हरेक नयाँ आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्ने' व्यवस्था छ । त्यस्ता व्यक्तिले आफ्नो र परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेस गर्नुपर्छ । यसरी प्राप्त भएको सम्पत्ति विवरण गोप्य राख्ने व्यवस्था भए पनि प्रधानमन्त्री र मन्त्रीहरूका हकमा सार्वजनिक गर्ने अभ्यास चलिआएको छ ।

कानुनी रूपमा सम्पत्ति विवरणमा व्यक्तिगत गोपनीयतासम्बन्धी व्यवस्था लागू हुन्छ । तर, सरकारले कार्यव्यवस्था नियमावलीमार्फत संघीय सरकारका प्रधानमन्त्री र मन्त्रीहरूको विवरण सार्वजनिक गर्ने अभ्यास सुरु गरेको थियो । बाध्यकारी कानुन नभए पनि पारदर्शिता र जवाफदेहिताका लागि लामो समयदेखि उच्चपदस्थ पदाधिकारीको सम्पत्ति सार्वजनिक गर्नुपर्ने माग उठ्दै आएको छ ।

गत वर्ष ०८१ मा प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिएको थियो । ३ जेठ ०८१ मा बसेको मन्त्रिपरिषद् बैठकले मन्त्रिपरिषद्का सदस्यहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने निर्णय गरेको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उपप्रधानमन्त्री र मन्त्रीहरूले व्यक्तिगत रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्र लेखेर विवरण सार्वजनिक गरिदिन अनुरोध गरेका थिए । त्यसपछि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको तत्कालीन सरकारले ९ जेठमा मन्त्रिपरिषद्का २१ सदस्यको सम्पत्ति विवरण एकसाथ सार्वजनिक गरेको थियो ।

प्रधानमन्त्रीले आफ्नै अध्यक्षतामा बनाएको शासकीय सुधार आयोगको बैठक तीन महिनामा पनि बस्न सकेन

देशमा शासन प्रणालीमा देखिएका समस्या समाधानका लागि सुझाव पेस गर्न सरकारले गठन गरेको उच्चस्तरीय शासकीय सुधार आयोगको बैठक तीन महिनासम्म बस्न सकेको छैन । गत ८ वैशाखमा मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीकै अध्यक्षतामा १५ सदस्यीय आयोग गठन गरेको आयोगले बल्लबल्ल पूर्णता पाएको छ ।

आयोगले पूर्णता पाए पनि काम भने सुरु गर्न सकेको छैन । आयोग स्रोतका अनुसार आयोगले गर्ने कार्यबारे आयोग अध्यक्ष रहेका प्रधानमन्त्रीले एजेन्डा नै दिएका छैनन् । 'पहिले अध्यक्षबाट एजेन्डा त आउनुपऱ्यो !' स्रोत भन्छ । आयोगको अवधि एक वर्ष तोकिएको छ ।

राजनीतिक परिवर्तनका उपलब्धि संस्थागत गर्ने, विकास र समृद्धिको नागरिक आकांक्षा परिपूर्ति गर्ने, सहज र गुणस्तरीय सेवाप्रवाह, सार्वजनिक प्रशासनलाई समयानुकूल परिष्कारको आवश्यकता औँल्याउँदै आयोग गठनको अवधारणापत्र पनि तयार गरिएको छ ।

पछिल्लोपटक गत १३ असारमा चारजनालाई विज्ञ सदस्यका रूपमा तोकिएको छ । त्यसमा पूर्वअर्थसचिवद्वय डा. राजन खनाल र यामकुमारी खतिवडा, त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. दीपेशकुमार घिमिरे र पुष्पा श्रेष्ठ छन् । त्यस्तै, आयोगका सदस्यमा गृहमन्त्री, अर्थमन्त्री, कानुनमन्त्री र संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री पनि सदस्य छन् । कांग्रेस उपाध्यक्ष पूर्णबहादुर खड्का र एमाले उपाध्यक्ष रामबहादुर थापालाई पनि आयोगको सदस्य तोकिएको छ । यसैगरी, मुख्यसचिव एकनारायण अर्याल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी पनि सदस्य छन् भने प्रधानमन्त्री कार्यालयका शासकीय मामिला हेर्ने सचिव गोविन्दबहादुर कार्की सदस्यसचिव छन् ।

कञ्चनपुरमा...

पृष्ठ १ बाट क्रमशः

उपचारका लागि अस्पताल पठायौँ । उपचारका क्रममा शनिबार राति नै निधन भयो,' शाहले भने ।

कमलालाई राति अस्पताल पुऱ्याइएकामा अवस्था नाजुक बन्दै गएपछि चिकित्सकले शुक्रबार राति २ बजे आइसियू राख्नुपर्ने बताएका थिए । तर, बिरामीको चापका कारण आइसियू खाली थिएन । झन्डै डेढ घण्टापछि कमलालाई आइसियूमा राखेर उपचार सुरु गरिए पनि उनको ज्यान जोगिएन ।

कमलाका श्रीमान् पुरन रोजगारीको सिलसिलामा भारतमा छन् । उनी छोरा पढाउन भन्दै गत वैशाखमा मात्र घर फर्किएकी थिइन् । घरमा छोराहरू १५ वर्षीय आयुष, १२ वर्षीय आशिष र ५ वर्षीय आदित्य छन् । कमलाको शव अहिले सेती प्रादेशिक अस्पतालमै राखिएको छ । श्रीमान् भारतबाट फर्किएपछि अन्त्येष्टि गरिने आफन्तले जनाएका छन् ।

कृष्णपुर नगरपालिका-१ का वडाध्यक्ष मोहन बस्नेतले गाउँमा रहेका छाउगोठ भत्काउनेदेखि सामाजिक सचेतनाका कार्यक्रम सञ्चालन गर्दागर्दै छाउगोठमै रहेकी कमलाको ज्यान गएको घटनाले थप चिन्तित बनाएको बताए । 'हामीले निरन्तर गाउँमा छाउगोठ भत्काउने, महिला, धामी-झाँक्रीसँग पनि निरन्तर छलफल सचेतना कार्यक्रम सञ्चालन गऱ्यौँ,' उनले भने, 'अहिले यो दुःखद घटना भयो, हामी थप प्रभावकारी कार्यक्रम चलाउँछौँ ।'

कञ्चनपुरकी महिला अधिकारकर्मी माया नेगीले छाउगोठमा सुतेकी कमलाको सर्पले डसेर मृत्युको घटनाले अझै पनि समाज अघि बढ्नुको साटो पछाडि परिरहेको प्रस्ट रहेको बताए । उनले छाउगोठ भत्काएर मात्रै नहुने, हरेक मानिसको मानसिकतामा सकारात्मक सोच, विचार र भावनाको विकास गराउनुपर्ने सुझाव दिइन् । प्रहरी प्रवक्ता डिएसपी बोहराले घटनालाई गम्भीर रूपमा लिएको अब यस्ता घटना दोहोरिन नदिन सरोकारवालासँग समन्वय गरेर अघि बढ्ने बताए ।

कृष्णपुर नगरपालिकाले नगरभरिका छाउगोठ भत्काउन १५ दिने सूचना जारी गरेको छ । मेयर हेमराज ओझाले नौवटै वडालाई पत्र काट्दै छाउगोठ भत्काउन भनिएको र अटेर गरिए नगरपालिकाले भत्काउने बताए । नगरपालिकाले आइतबार मात्र कमला दमाईं बसेको छाउगोठसहितका दुई गोठ भत्काएको छ । 'हामीले यसअघि पनि गोठ भत्काएका थियौँ । फेरि बनाएछन्,' उनले भने, 'अब कडाइका साथ लाग्छौँ । छाउगोठ नभत्काउने नागरिकको पालिकाबाट दिने सुविधा रोक्छौँ, जरिवाना गर्छौँ ।' १ साउनदेखि नगरपालिकाले प्रहरीसहितको अभियान टोली बनाएर नै थप छाउगोठ भत्काउनेदेखि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उनले बताए ।

क्यान्सरका...

पृष्ठ १ बाट क्रमशः

औषधि नभएकाले वितरणमा अलमल हुने चिकित्कहरूले बताएका छन् । 'औषधि त आयो भनियो, तर चाहिने आएको छैन, आएकोमध्ये पनि निकै कम औषधि छ,' त्रिवि शिक्षण अस्पतालका एक चिकित्सकले भने, 'सम्झौता भइसकेको वा सहयोगी संस्थाले दिने भनेको औषधि छिटोभन्दा छिटो ल्याएर बिरामीलाई उपलब्ध गराउन जरुरी छ ।'

औषधि सात करोड रुपैयाँबराबरको

अहिले प्राप्तमध्ये केही औषधि लामो समयको पहलपछि आएको हो । प्राप्त र आउन बाँकी उक्त औषधिको मूल्य करिब सात करोड रुपैयाँ पर्ने स्वास्थ्यमन्त्री प्रदीप पौडेलले जानकारी दिए । उनका अनुसार एक वर्षदेखि औषधि ल्याउन पहल गरिएको थियो । तर, नीतिगत तथा सरकारी प्रक्रियाका कारण ढिलो भएको मन्त्री पौडेलले बताए । 'सरकारी प्रक्रियाका कारण औषधि ल्याउनसमेत लामो समय लाग्यो । यद्यपि, प्राप्त औषधिले क्यान्सरका बिरामीलाई लाभ मिल्नेछ,' उनले भने, 'क्यान्सर उपचार निकै महँगो छ, बिरामीले औषधि किन्न नसक्ने अवस्था छ । प्राप्त औषधिले बिरामीलाई राहत हुनेछ । यसको वितरण विभिन्न चार अस्पतालबाट हुनेछ, बिरामीले सहजै पाउनेछन् ।' उनका अनुसार औषधि निःशुल्क उपलब्ध गराएको संस्थासँग पहिलो चरणमा पाँच वर्षसम्म उपलब्ध गराउने सहमति भएको छ । त्यसपछि पनि दीर्घकालीन समयसम्म औषधि उपलब्ध गराउन सहयोगी संस्थासँग पहल गरिने मन्त्री पौडेलले बताए । मन्त्रालयले आवश्यक औषधिको सूची तयार गरी सम्बन्धित संस्थालाई पठाएको समेत थियो । सोही आधारमा सहयोगी संस्थाले पाँच वर्षका लागि औषधि दिने प्रतिबद्धता जनाएको छ । तर, सूचीमा राखिएका कतिपय औषधि नआउँदा अस्पताल द्विविधामा छन् ।

भक्तपुर क्यान्सर अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले क्यान्सरको औषधि किन्दा बिरामीमा परिरहेको आर्थिक भार निःशुल्क औषधि प्राप्तपछि केही कम हुने बताए । 'बिमा कार्यक्रम तथा सरकारले निःशुल्क रूपमा दिने औषधिले बिरामीलाई पुग्दैन, आफैँ किनेर प्रयोग गर्दै आइरहेका छन्, कतिपय त महँगो औषधि किन्नसमेत नसक्ने अवस्थामा छन्,' उनले भने, 'अझ क्यान्सरको उपचारमा चार-पाँच सय प्रकारका औषधि प्रयोग हुन्छन्, तीमध्ये अधिकांश औषधि महँगा छन् ।'

यी औषधि मुख्य गरी स्तन क्यान्सर, प्लाक सोरियासिस, अल्जाइमरलगायतमा प्रयोग हुन्छन् । औषधि मुख्यतः स्तन क्यान्सरका बिरामीलक्षित भएको सहयोगी संस्था वान हार्ट वर्ल्डवाइडका प्रतिनिधि सूर्य भट्टले जानकारी दिए । उनका अनुसार लामो प्रक्रियापछि यी औषधि नेपाल ल्याउन सकिएको हो । किन्नलाई निकै महँगो पर्ने हुँदा बिरामीलाई वैकल्पिक औषधिसमेत खुवाउने गरिएको थियो । अब भने प्रभावकारी औषधि नेपाललाई हस्तान्तरण भएको भट्टले बताए ।

यसअघि विश्व स्वास्थ्य संगठनले १४ वर्षभन्दा मुनिका बालबालिकालाई लक्षित गरी औषधि दिएको थियो । अहिले उक्त उमेरभन्दा माथिल्लो समूहलाई यो औषधि आएको हो । यद्यपि, यो औषधिले सबै प्रकारका क्यान्सर र बिरामीलाई कभर नगर्ने हुँदा थप औषधि ल्याउने तयारी रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । वीर अस्पतालका प्रमुख कन्सल्ट्यान्ट तथा क्यान्सर रोग विशेषज्ञ डा. सन्ध्या चापागाईंले निःशुल्क औषधिको उपलब्धता हुनु सराहनीय भएको बताए । यसलाई थप व्यवस्थित र निरन्तरताका लागि पहल आवश्यक रहेको उनको भनाइ छ । उनले अब आधारभूत किमोथेरापी सेवासमेत सहज पार्न आवश्यक रहेको बताइन् ।

रास्वपाको...

पृष्ठ १ बाट क्रमशः

सभापति भेषराज भट्टराईले बताए । माइकमा बोलेर हस्ताक्षर संकलन गर्दै गर्दा प्रहरी आएर माइक खोस्दै भाँचिदिएको उनले बताए । 'हामीमाथि हस्तक्षेप भयो । के शान्तिपूर्ण रूपमा हस्ताक्षर संकलन गर्न पनि नपाइने हो ?' उनले भने, 'प्रहरीले हामीमाथि दुर्व्यवहार गऱ्यो ।' जिल्ला प्रहरी कार्यालय झापाले भने हस्तक्षेप नभई समान्य सम्झाइ-बुझाइ गरेको दाबी गरेको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले प्रधामन्त्री हिँड्ने सडकमै माइकिङ गरेको हुँदा सम्झाइ-बुझाइ गरेको बताए । 'हस्तक्षेप भएको होइन । त्यो सामान्य हो । प्रधानमन्त्री भ्रमण गर्ने बाटोमा माइकिङ गरेकाले सम्झाइ-बुझाइ मात्र गरेका हौँ,' उनले भने ।

सरकारको एक वर्ष : मूल मुद्दाबाटै विमुख

संविधान संशोधनको पहल नै भएन, सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकार सुस्त
सरकारको कामबाट विपक्षी, नागरिक समाज र विश्लेषक मात्र होइन, प्रमुख सत्तासाझेदार कांग्रेस पनि असन्तुष्ट

शुरोजंग पाण्डे/नयाँ पत्रिका

संसदीय अभ्यासमा बिरलै देखिने दुई ठुला दल कांग्रेस र एमालेबिच सातबुँदे सहमतिको जगमा बनेको एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकार एकवर्षे कार्यकालमा मूल मुद्दाबाट विमुख देखिएको छ। सरकार आफैँले उठाएको संविधान संशोधन, सुशासन, भ्रष्टाचार नियन्त्रण र राजनीतिक स्थायित्वका एजेन्डाको कार्यान्वयन सुस्त छ।

विपक्षी र नागरिक मात्र होइन सरकारको एकवर्षे कामबाट प्रमुख सत्तारूढ दलकांग्रेस पनि असन्तुष्ट छ। मूल मुद्दामा मौन प्रधानमन्त्री ओलीले कांग्रेससँग विश्वास टुट्ने भयले दुई वर्ष पुग्नुअगावै सत्ता हस्तान्तरण गर्ने निरन्तर घोषणा गर्दै आएका छन्। त्यसैले विश्लेषकको टिप्पणी छ- सातबुँदे सहमति केवल शक्ति बाँडफाँटको माध्यम मात्रै बन्यो।

२३ असारमा सम्पन्न कांग्रेस केन्द्रीय समिति बैठकले सरकारले संविधान संशोधन, सेवा प्रवाह र सुशासनमा प्रभावकारी रूपमा काम गर्न नसकेको निष्कर्ष निकालेको थियो। सरकारले एकवर्षे कार्यकाल पूरा गर्दै गर्दा कांग्रेसले आन्तरिक समीक्षा गर्दै आफ्नो असन्तुष्टि सार्वजनिक गरेको हो। बैठकमा अधिकांश नेताले सरकारले अपेक्षाअनुसार काम गर्न नसकेको भन्दै आलोचना गरेका थिए।

सरकारको समीक्षा गर्दै प्रचार विभाग प्रमुख मीन विश्वकर्माले नयाँ पत्रिकासँग भने, 'सरकारको गति धिमा छ। यो गतिले जनभावाना र जनआकांक्षा सम्बोधन गर्न सक्दैन। त्यसैले सरकारको कामको गतिलाई तीव्र बनाउनुपर्छ। सरकार होइन, सरकारको कार्यशैली बदल्नुपर्ने हाम्रो सुझाव छ।'

संविधान संशोधन गर्ने मूल मुद्दा अगाडि बढ्न नसकेको विषयलाई कांग्रेस-एमालेले पनि स्वीकार गर्दै बिस्तारै काम अगाडि बढ्ने जनाएका छन्। कांग्रेसले केन्द्रीय समिति बैठकबाट संविधान संशोधनसम्बन्धी गृहकार्यका लागि कार्यदल गठन गरेको छ।

संविधान निर्माणमा संलग्न दलहरूसँग सहकार्य र नागरिक समाज तथा सरोकारवालासँग परामर्श गर्ने निर्णय पनि कांग्रेसको निर्णय छ। 'कांग्रेसको नेतृत्वमा बनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनको एक दशकको समीक्षा गर्दै यसका सबल पक्ष र दुर्बल पक्षको पहिचान गर्दै संविधानमा आवश्यक संशोधनलाई सार्थक निष्कर्षमा पुग्न आन्तरिक कार्यदल गठन गर्दछ,' कांग्रेसको निर्णय छ, 'संविधान संशोधनका लागि संविधान निर्माणमा संलग्न दलहरूसँग कांग्रेस सहकार्य गर्दछ र नागरिक समाज तथा सरोकारवालासँग पनि परामर्श गर्नेछ।'

कांग्रेस प्रचार विभाग प्रमुख विश्वकर्माले ०८२ मा संविधान संशोधन गर्ने उद्देश्यले नै पार्टीले कार्यदल बनाएको बताए। 'हामीले ०८१ लाई विधेयक अधिवेशन वर्ष बनाउने र संविधानको समीक्षा गर्ने र त्यसपछि ०८२ मा संविधान संशोधन प्रक्रिया थाल्ने भनेका थियौँ। तर, ०८१ मा सबै विधेयक पारित हुन सकेन। ०८२ मा संविधान कार्यान्वयनसम्बन्धी विधेयक द्रुत गतिमा पारित गर्नुपर्छ र जनभावनाअनुसार संविधान संशोधन प्रक्रिया थाल्न कांग्रेसले अलग्गै कार्यदल बनाएको छ।'

एमालेले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल प्रमुख रहेको नीति अनसुन्धान प्रतिष्ठानमार्फत संविधान संशोधनको गृहकार्य गरेको छ। प्रतिष्ठानले संविधान कार्यान्वयनको कठिनाइ र संशोधनको मुद्दाका विषयमा विभिन्न



● **मीन विश्वकर्मा**,
प्रचार विभाग प्रमुख, कांग्रेस

सरकारको गति धिमा छ। यो गतिले जनभावाना र जनआकांक्षा सम्बोधन गर्न सक्दैन। त्यसैले सरकारको कामको गतिलाई तीव्र बनाउनुपर्छ। सरकार होइन, सरकारको कार्यशैली बदल्नुपर्ने हाम्रो सुझाव छ।



● **राजेन्द्र गौतम**,
प्रचार विभाग प्रमुख, एमाले

अस्थिरता र अराजकतालाई सरकारले तोडेको छ। अर्थतन्त्रलाई लयमा फर्काएको छ। अर्थतन्त्रका सबैजसो सूचकलाई यो सरकारले सकारात्मक बनाउन सफल भएको छ।

राजनीतिक दल, विज्ञहरू र सरोकारवालासँग छलफल गरेको थियो।

प्रतिष्ठानले संशोधनसम्बन्धी गृहकार्य गरिहेको जानकारी दिँदै एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले आफ्नो पार्टी मौन भनेर प्रचार गरिनु गलत भएको प्रतिक्रिया दिए। 'दुवै सदनमा दुईतिहाइको बहुमत सुनिश्चित नभएसम्म संशोधन प्रस्ताव टेबुल गर्नुको अर्थ नभएकाले अहिले नै प्रस्ताव अगाडि नबढाइएको मात्र हो। पार्टीका तर्फबाट संशोधनसम्बन्धी गृहकार्य गरेका छौँ। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा रहेको नीति तथा अनुसन्धान प्रतिष्ठानले विज्ञ-सरोकारवालासँगसुझाव लिएर प्रतिवेदन तयार पारिरहेको छ। त्यसकैआधारमा अगाडि बढ्नेगरी धारणा बनाउँदैछौँ। त्यसैले संविधान संशोधनको गृहकार्य चलिरहेकै छ भनेर बुझ्दा हुन्छ,' गौतमले भने।

अर्थतन्त्र सुधार र सेवा प्रवाहमा भने सरकारको एक वर्ष केही उपलब्धिपूर्ण देखिएको छ। अर्थतन्त्रका धेरैजसो सूचांक प्रगतिउन्मुख देखिएको भन्दै दुवै दल उत्साही देखिएका छन्। कांग्रेस प्रचार विभाग प्रमुख विश्वकर्मा भन्छन्, 'अर्थतन्त्र सुधारोन्मुख हुँदै गएको छ। बजेट तरलताको अवस्थामा सुधार भएको छ। ब्याजदर घटाएर लगानीमैत्री वातावरण सिर्जना भएको छ। मौद्रिक नीति पनि राम्रो आएको छ। तीन तहको सरकारबाट प्रवाह हुने सेवा प्रवाहअन्तर्गत राष्ट्रिय परिचयपत्र वितरण, राहदानी वितरण द्रूत गतिमा हुन थालेको छ।'

एमाले प्रचार विभाग प्रमुख गौतमले अर्थतन्त्रमा देखिएको सुधारको सूचकांकले सरकार सफल भएको बताए। 'देशमा जुन प्रकारको अस्थिरता, अराजकताको चुनौतीपूर्ण अवस्थामा यो सरकार बन्यो, त्यो दृष्टिबाट हेर्दा सरकार सफल भएको छ। अस्थिरता र अराजकतालाई सरकारले तोडेको छ। अर्थतन्त्रलाई लयमा फर्काएको छ। अर्थतन्त्रका सबैजसो सूचकलाई यो सरकारले सकारात्मक बनाउन सफल भएको छ,' गौतमले भने। तर, ओलीको घोषणा र सरकारको अनिच्छाले सातबुँदे सहमति केवल सत्ता लेनदेनका लागि मात्रै भएको पुष्टि भएको राजनीतिक विश्लेषणको निष्कर्ष छ।

अघिल्लो वर्ष २९ असारमा चौथोपटक प्रधानमन्त्री नियुक्त भएका



प्रधानमन्त्री केपी ओलीले ३१ असारमा शपथ लिएर पद बहाल गरेका थिए। ६ साउनमा विश्वासको मत लिएका ओलीको पक्षमा १८८, विपक्षमा ७४ र एक मत तटस्थ परेको थियो। विश्वासको मत लिँदै ओलीले सातबुँदे सहमति कार्यान्वयनका लागि स्थायित्व आवश्यक रहेको भन्दै त्यसकै लागि दुई ठुला दल मिलेर सरकार बनाएको भन्दै औचित्य पुष्टि गर्ने प्रयास गरेका थिए। 'देशमा जुन किसिमको निराशा छाएको छ, त्यसलाई चिर्नका निम्ति राजनीति विकास र समृद्धिको बहसतर्फ मोडिनै पर्छ। देशलाई विकास र समृद्धितर्फ हिँडाउन बलियो प्रणाली नभईकन हुँदैन, नबनाईकन हुँदैन। विनास्थायित्व बलियो प्रणाली नबन्ने रहेछ भन्ने कुराको हामी आफैँ साक्षी हौँ,' प्रधानमन्त्रीले भनेका थिए, 'हामी सबैलाई थाहा छ- नेकपा (एमाले) र नेपाली कांग्रेस प्रतिस्पर्धी पार्टी हुन्। हामी विचारमा प्रतिस्पर्धा गर्छौं। तर, खास समयमा यी दुई पार्टीले सहकार्य गरेका छन् र देशलाई परिणाम पनि दिएका छन्।'

दुई वर्ष पुग्नुअगावै उनले देउवालाई सत्ता हस्तान्तरण गर्ने पटक-पटक घोषणा गर्दै आएका छन्। तर, दुई ठुला दल मिलेर सरकार बनाउनुको औचित्य पुष्टि गर्ने प्रयास गरेका ओली प्रतिबद्धताबाट धेरै टाढा छन्। संविधान संशोधन अगाडि बढ्ने कुरा त परै जावस्, त्यसबारे औपचारिक बहससमेत प्रारम्भ भएको छैन। बरु, प्रधानमन्त्री ओलीले आफ्नै पार्टीको बैठकमा दुईतिहाइ नभएसम्म संविधान संशोधन असम्भव रहेको बताए। यसबिचमा गणित नपुगे ०८६ मा मात्र संविधान संशोधन हुने उनको भनाइ थियो।

मन्त्रीहरू स्वयं घुस प्रकरणमा मुछिएका छन्। संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता घुस डिल गरेको अडियो काण्डमा मुछिएको समाचार बाहिर आएको तीन दिन बित्दा पनि प्रधानमन्त्रीले एक्सन लिन सकेका छैनन्। भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखक नैतिक रूपमा जोडिएका छन्। भ्रष्टाचार नियन्त्रणमा सरकारले निष्पक्षता कायम गर्न नसकेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि अदालतसम्म सरकारी प्रभावमा फैसला आएको आरोप लागेको छ।

■ अर्थतन्त्रमा लक्ष्यअनुसारको प्रगति भएन

सरकारले अर्थतन्त्रमा घोषणा र लक्ष्यअनुसारको प्रगति हासिल गर्न सकेको देखिँदैन। यस वर्षमा आर्थिक क्षेत्रमा औसत प्रगति भएका छन्, कतिपय सूचक अझ खस्किएका छन्। चालू आर्थिक वर्षको बजेटले ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको थियो। तर, यस वर्ष ४.६१ प्रतिशत मात्रै आर्थिक वृद्धिदर हासिल हुने देखिएको हो। दुई दलको सहमतिअनुसार अपेक्षाकृत काम हुन नसकेको राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल बताउँछन्। 'खर्च र राजस्वमा खासै सुधार हुन सकेन, लगानी पनि उच्च दरमा बढेको छैन, निजी क्षेत्रको मनोबल उच्च हुन सकेको छैन, रोजगारी सिर्जनामा त झन् प्रगति हुनै सकेन,' उनले भने, 'सारमा भन्नुपर्दा अर्थतन्त्रमा हाम्रो अपेक्षाअनुसार मात्रै होइन, सरकारको आफ्नै लक्ष्य र घोषणाअनुसारको काम हुन सकेन।' अघिल्लो वर्षको तुलनामा रेमिट्यान्स र निर्यात उच्च दरमा बढेको छ। चालू खर्च बढे पनि पुँजीगत खर्च अझ घटेको छ। सार्वजनिक ऋण बढेको छ। आयातसँगै व्यापार घाटा बढेको छ।

बैंकमा लगानीयोग्य तरलता साढे नौ खर्बहाराहारी रहेको छ। तर, त्यसको परिचालन हुन सकेन। न त सरकारले विकास खर्च बढाउन सक्यो, न त व्यवसायीले कर्जा लिएर लगानी बढाउने वातावरण बन्यो। जेठ मसान्तसम्म सरकारले तिनुपर्ने आन्तरिक र बाह्य ऋणको आकार २६ खर्ब ५४ अर्ब ६६ करोड पुगेको छ। नारायणगढ-बुटवल सडकखण्ड, सूर्यविनायक-धुलिखेल सडकखण्ड, नागढुंगा-नौबिसे-मुग्लिन सडकखण्डको स्तरोन्नतिमा कुनै प्रगति भएको छैन। यसबिचमा बंगलादेशसँगको विद्युत् व्यापार सुरु भएको छ। दैलेखमा पेट्रोलियम खानी भेटिएको छ। यसले केही आशाको सञ्चार गराएको छ। हुम्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। ललितपुरको ग्वार्कोमा नेपालकै पहिलो ओभर पास सञ्चालनमा आएको छ।

■ शिक्षामा निराशाजनक र स्वास्थ्यमा आशाजनक कार्य

एमाले र कांग्रेस सरकारले शिक्षा क्षेत्रमा गरेको उपलब्धि निकै कमजोर देखिन्छ। एक वर्षमा दुईजना शिक्षामन्त्री आए। विद्यालय शिक्षा विधेयक, डिजिटल शिक्षा सिकाइ कार्यक्रम र त्रिवि उपकुलपतिको विषयलाई लिएर प्रधानमन्त्री केपी ओलीले विद्या भट्टराईलाई हटाएर रघुजी पन्तलाई शिक्षामन्त्री बनाए। तर, मन्त्री भएलगत्तै वैशाखमा शिक्षकहरूसँग आफैँले गरेको प्रतिबद्धता र सहमति पन्तले पूरा गर्न सकेका छैनन्। शिक्षामा अन्य देखिनलायक मुख्य काम भएका छैनन्। यद्यपि, राष्ट्रिय परीक्षा बोर्डको पुनर्संरचना गर्ने, बालविकास कक्षा सञ्चालनसम्बन्धी अध्ययन र शिक्षक दरबन्दी रूपान्तरण अध्ययनको काम शिक्षामन्त्रीले एक वर्षका गरेका मुख्य उपलब्धि हुन्। यी तीनवटै काम भट्टराई हुँदा भएका थिए। विद्यालय शिक्षा ऐनबारे सरकारले घुँडा नै टेक्यो। शिक्षकहरूले २९ दिन लामो आन्दोलन गरे पनि अझै विद्यालय शिक्षा विधेयक आउन सकेको छैन। शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शिक्षामा नीतिगत र संस्थागत रूपमा सुधार भएको दाबी गरे।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सूक्ष्म काम गरेर आशा जगाइरहेका छन्। यसको ज्वलन्त उदाहरण हो, अस्पतालका बिग्रिएका उपकरणको मर्मत गर्न आविष्कार केन्द्रसँगको सम्झौता र मर्मत। त्यस्तै, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क यातायात, किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप वितरण, सिकलसेल उपचार वार्ड स्थापना, खेलाडीको निःशुल्क स्वास्थ्य परीक्षण, बाल क्यान्सरको निःशुल्क उपचार, मुटुरोग सेवा विस्तार, जलनको निःशुल्क उपचार सेवा, सातै प्रदेशमा क्यान्सर उपचार सेवा विस्तारका कार्य भए। त्यस्तै, क्यान्सरको महँगो औषधि वितरण, जटिल आठ प्रकारका रोगका बिरामीलाई दुई लाखको उपचार सेवा, स्वास्थ्य बिमाको प्रथम विन्दु कायम, हरेक स्थानीय तहमा अनिवार्य बिमा तथ्यांक व्यवस्था, बिमाको स्रोत व्यवस्थापन, घटिरहेको जनसंख्या व्यवस्थित गर्ने गरी जनसंख्या नीति जारी, सुर्तीजन्य पदार्थ सेवा नियन्त्रण गर्न निर्देशिका कार्यान्वयन, उपत्यकाबाहिर पनि अंग प्रत्यारोपण सेवालगायत काम पौडेलले गरेका छन्।

संक्षेप

निर्वाचन आयोग पुग्यो राप्रपाको विवाद

काठमाडौं/ राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले अनुशासन समितिको अध्यक्षमा पार्टी उपाध्यक्ष रोशन कार्कीलाई मनोनीत र सगुन लावतीलाई पार्टी प्रवक्ताको जिम्मेवारीबाट मुक्त गरेपछि चुलिएको विवाद निर्वाचन आयोगसम्म पुगेको छ। गत ४ चैतमा राजसंस्था पुनर्स्थापनाका लागि गठित 'संयुक्त जनआन्दोलन समिति' संयोजक भएपछि ८६ वर्षीय नवराज सुवेदीले राप्रपाको साधारण सदस्य पनि परित्याग गरेको सार्वजनिक घोषणा गरेका थिए। त्यसपछि राप्रपा अध्यक्ष लिङ्देनले कार्कीलाई अनुशासन समितिको अध्यक्षमा मनोनीत गरेका थिए। सो निर्णयविरुद्ध सुवेदी दलबलसहित आइतबार निर्वाचन आयोग पुगेका हुन्। सुवेदीले आफूलाई राप्रपा अनुशासन समिति अध्यक्षमा पुनर्बहाली गरिनुपर्ने माग गरेका छन्। 'म पार्टीको अनुशासन समितिको वैधानिक अध्यक्ष रहेको, विधानले तोकेको पदावधि र कार्यकाल बाँकी नै रहेको र म स्वयंले पार्टीको विधानविपरीतको कुनै कार्य नगरी पार्टीको वरिष्ठ नेता एवं केन्द्रीय सदस्यको पदमा यथावत् नै रहेको र केन्द्रीय सदस्यको हैसियतबाटै अनुशासन समितिको अध्यक्षको जिम्मेवारी प्राप्त भई विधानअनुसारको पदीय जिम्मेवारी निर्वाह गरी आएको अवस्था हुँदा मलाई अनुशासन समितिको अध्यक्षबाट हटाउने, मेरो स्थानमा अर्को व्यक्तिलाई तोक्नेसमेतका काम-कारबाही निर्णय पार्टीको विधानविपरीत रहेकाले यस सम्बन्धमा पार्टीका जिम्मेवार पदाधिकारी एवं पार्टी केन्द्रीय समितिका अध्यक्षज्यूबाट तत्काल लिखित प्रतिक्रिया लिई विधानविपरीत हटाउने र पदपूर्ति गर्नेलगायत काम-कारबाही बदर गरी अनुशासन समितिको अध्यक्ष पदमा यथावत् बहाली हुने गरी उपयुक्त निर्णय एवं निर्देशन जारी गरी पाउन सादर अनुरोध गर्दछु,' सुवेदीले आयोगमा दिएको निवेदनमा उल्लेख छ।



एमालेले ७० वर्षे उमेरहद हटाउने प्रस्ताव लैजान्छ : पोखरेल

काठमाडौं/ एमाले महासचिव शंकर पोखरेलले आगामी विधान महाधिवेशनमा ७० वर्षे उमेरहद हटाउने गरी प्रस्ताव लैजाने बताएका छन्। केन्द्रीय विभागहरूको भेलालाई आइतबार पार्टी कार्यालयमा सम्बोधन गर्दै पोखरेलले त्यस्तो बताएका हुन्। पार्टी केन्द्रीय कमिटी बैठकबाट स्थगित गरिएको ७० वर्षे उमेरहद विधान महाधिवेशनबाट पारित गराउनु केन्द्रीय कमिटीको दायित्व भएकाले त्यस्तो प्रस्ताव लैजाने उनको भनाइ छ। उनले पार्टीको दसौँ महाधिवेशनबाटै अध्यक्षमा दुईपटक उम्मेदवार बन्न पाउने वा दुईपटक अध्यक्ष बन्न पाउने व्यवस्था पनि हटाइसकिएको दाबीसमेत गरे। भेलामा उनले सात दिनभित्र संगठनात्मक प्रस्तावबारे लिखित सुझाव दिन विभागहरूलाई निर्देशन पनि दिए।

अब नागरिक एपबाटै ट्राफिक सचेतना कक्षा

काठमाडौं/ ट्राफिक नियम उल्लंघन गर्नेले अनलाइनबाटै ट्राफिक कक्षा लिन सक्ने भएका छन्। नेपाल प्रहरीले 'नागरिक एप'मा यससम्बन्धी सुविधा दिएको छ। गृहमन्त्री रमेश लेखकले यस्तो प्रणालीको आइतबार उद्घाटन गरेका छन्। यसले सर्वसाधारण ट्राफिक सचेतना कक्षा लिन ट्राफिक कार्यालय जानुपर्ने बाध्यता हट्नेछ। प्रहरी प्रधान कार्यालयले ज्ञानबजार प्रालि नामक कम्पनीसँग मिलेर यससम्बन्धी सफ्टवेयर बनाएको हो। प्रहरी प्रधान कार्यालयका अनुसार यस्तो कक्षा लिन नागरिक एप अनिवार्य हुन्छ। ट्राफिक कारबाहीअनुसार जरिवाना तिरेपछि त्यहाँ आफ्नो दुवै कान प्रस्ट देखिने फोटो खिचेर अनलाइन कक्षाका लागि रजिस्ट्रेसन गर्नुपर्ने हुन्छ। त्यसपछि एक घण्टा कक्षा लिनुपर्ने हुन्छ। कक्षा सकिएपछि ६ वटा प्रश्नमध्ये तीनवटाको सही उत्तर मिलाएपछि मात्र सचेतना कक्षाको प्रक्रिया पूरा हुने उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले बताए। अनलाइन सचेतना कक्षा लिँदा एआइजी प्रविधिका आधारमा नागरिक एपले नियमन गर्नेछ। एक मिनेटभन्दा धेरै समय अनुहार भिडियोमा नदेखिए सचेत गर्ने र तेस्रोपटक त्यस्तो गल्ती गरेमा अर्को कक्षा लिनुपर्ने हुन्छ। त्यसपछि पनि त्यस्तै समस्या भएमा भौतिक रूपमै कक्षा लिनुपर्ने हुन्छ। प्रहरी सेवालाई प्रविधिमैत्री बनाउने योजनाअन्तर्गत अनलाइन ट्राफिक सचेतना कक्षा सुरु गरिएको प्रहरी महानिरीक्षक दीपक थापाले बताए।

निर्वाचन आयोगले अझै अद्यावधिक गरेन रास्वपाको विवरण

नयाँ पत्रिका

तत्कालीन महामन्त्री मुकुल ढकाललाई कारबाही गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समितिको एक वर्षअघिको निर्णयको विवरण अद्यावधिक गर्न ढिलाइ भएको छ। निर्णयको एक वर्ष बितिसक्दा पनि आयोगले विवरण अद्यावधिक गरेको छैन। बरु आयोगले गत ४ असारमा ढकाललाई २० चैत ०८० पछि रास्वपाको विवरण अद्यावधिक नै नभएको पत्र दिएको थियो। पत्रका आधारमा ढकालले आफू हाल पनि रास्वपाको महामन्त्रीकै भूमिकामा रहेको र काम गर्न पाऊँ भनी सर्वोच्च अदालतमा रिट दायर गरेका छन्।

रास्वपाले एक वर्षअघि दर्ता गरेको विवरण 'होल्ड' गरेर ढकाललाई अद्यावधिक नभएको विवरण दिएपछि आयोगको भूमिकामा प्रश्न उठेको थियो। त्यसपछि आयोगले थप विवरण मागेको थियो। विवरण बुझाए पनि अझै अद्यावधिक भइसकेको छैन। अद्यावधिकमा ढिलाइ भएपछि रास्वपा कार्यकर्ता गोविन्दप्रसाद पन्त, शीतलचन्द्र धरेल, कैलाशबाबु सिलवाल र रामप्रसाद शिवाकोटीले २३ असारमा सूचनाको हक

■ सर्वोच्चले झिकायो सक्कल फाइल



सर्वोच्च अदालतले मुकुल ढकाललाई कारबाही गरेको निर्णयको सक्कल फाइल झिकाएको छ। ढकालले दायर गरेको रिटमा आइतबार सुनुवाइ गर्दै न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले पार्टी कार्यालयबाट कारबाही गरेको सक्कल फाइल मगाउने आदेश गरेको हो। रास्वपाले ढकाललाई २५ असार ०८१ मा महामन्त्री र प्रवक्ता पदबाट हटाएको थियो। आफूलाई गरिएको कारबाही अवैधानिक भन्दै ढकालले सर्वोच्चमा रिट दायर गरेका थिए।

प्रयोग गरी जवाफ मागेका थिए।

आयोगका सूचना अधिकारी सुमन अधिकारीले आइतबार रास्वपाको विवरण अद्यावधिक प्रक्रियासम्बन्धी सूचना उपलब्ध गराएका छन्। जसमा रास्वपाले १७ साउन ०८१ मा केन्द्रीय समितिबाट पदाधिकारी हेरफेर गरेको निवेदन दर्ता भएको आयोगले स्वीकार गरेको छ। तर, तत्कालीन महामन्त्री डा. मुकुल ढकाललाई अनुशासनात्मक कारवाहीस्वरूप पदमुक्त गरेको विषयको पर्याप्त प्रमाण पेस हुन नआएकाले प्रमाण कागजात पेस गर्न रास्वपालाई २९ जेठ ०८२ मा पत्राचार गरेको आयोगको जवाफ छ। रास्वपाको २५ असार ०८१ मा बसेको केन्द्रीय समिति बैठकले ढकाललाई महामन्त्री र प्रवक्ता पदबाट हटाएको थियो।

आयोगका सूचना अधिकारी सुमन अधिकारीका अनुसार ढकाललाई कारबाही गरेकोसम्बन्धी थप कागजात रास्वपाले ८ असारमा उपलब्ध गराएको थियो। साथै, कवीन्द्र बुर्लाकोटीलाई महामन्त्री र मनीष झालाई प्रवक्ता तोक्नेसहित जिम्मेवारी हेरफेर गर्ने ७ असार ०८२ को केन्द्रीय समितिको निर्णय अद्यावधिकका लागि रास्वपाले ९ गते आयोगमा निवेदन पेस गरेको थियो। निवेदनमा केही त्रुटि भएकाले सो सुधार गरी १९ असारमा पुनः निवेदन दर्ता भएको र उक्त विवरणमा पार्टीको महामन्त्रीमा बुर्लाकोटी र प्रवक्तामा झा भनी उल्लेख भएको आयोगको जवाफ छ।

इ-राहदानीको ठेक्का जर्मन कम्पनीलाई

काठमाडौं/ राहदानी विभागले इ-राहदानी आपूर्तिका लागि दुई जर्मन कम्पनीलाई ठेक्का दिएको छ। सार्वजनिक टेन्डर प्रक्रियामा मुएलबाउर र भेरिडोस जर्मन कम्पनीले फ्रेन्च प्रतिस्पर्धी आइडिमियाभन्दा एक करोड २० लाख अमेरिकी डलर सस्तो मूल्य प्रस्ताव गर्दै प्रतिस्पर्धा जितेका छन्। यद्यपि, टेन्डरबारे प्रश्न उठाउँदै सार्वजनिक खरिद अनुगमन कार्यालय र सर्वोच्च अदालतमा मुद्दा परेको छ। कानुनी निरूपण शीघ्र नभए राहदानी वितरणमा समस्या आउन सक्ने विभागका अधिकारीहरूको चिन्ता छ। मुएलबाउर कम्पनीले प्याकेज १ (डाटा इनरोलमेन्ट)का लागि एक करोड १० लाख अमेरिकी डलर प्रस्ताव गर्दै ठेक्का हात पारेको छ भने भेरिडोसले प्याकेज २ (इ-राहदानी आपूर्ति तथा वितरण)का लागि चार करोड ३९ लाख ४१ हजार ३८१ अमेरिकी डलर प्रस्ताव गरेर जितेको छ। दुवै प्याकेजको संयुक्त प्रस्ताव मूल्य करिब ५५ मिलियन अमेरिकी डलर छ। राहदानी विभाग स्रोतका अनुसार फ्रेन्च प्रतिस्पर्धी कम्पनी आइडिमियाले प्याकेज १ का लागि एक करोड ७० लाख डलर र प्याकेज २ का लागि पाँच करोड डलर प्रस्ताव पेस गरेको थियो। मूल्यमा धेरै अन्तर देखिएपछि राहदानी विभागले जर्मन कम्पनीहरूलाई ठेक्का दिने निर्णय गरेको हो।

आइडिमियाले विभागको निर्णयलाई चुनौती दिँदै सार्वजनिक खरिद पुनरावलोकन समितिमा ठेक्का पुनरावलोकनको माग दर्ता गरेको छ। आइडिमिया समर्थित एक कानुनी फर्मले विभागको टेन्डर प्रक्रियाविरुद्ध सर्वोच्चमा दायर गरेको सार्वजनिक हित मुद्दा सुनुवाइ हुने क्रममा छ। राहदानी विभागले सबै प्रक्रिया खुला प्रतिस्पर्धा र मूल्यका आधारमा निर्णय गरिएको स्पष्ट पार्दै आएको छ। टेन्डरबारे कानुनी अड्चन उत्पन्न भएमा इ-राहदानी आपूर्ति प्रभावित हुनेछ भने राहदानी सेवामा संकट आउने सम्भावना रहेको अधिकारीहरू बताउँछन्। हाल राहदानीको मासिक खपत एक लाख २० हजार नाघिसकेको छ।

पूरा भयो रतुवा पुल तर्ने १७ वर्षदेखिको सपना

झापामा **चिरञ्जीवी घिमिरे**

हुलाकी राजमार्गअन्तर्गत झापाको गौरीगन्ज गाउँपालिका र मोरङको रतुवामाई नगरपालिका जोड्ने रतुवा पुल निर्माण सुरु भएको १७ वर्ष पूरा भएको छ। सुरुमा खोलाको चौडाइभन्दा पुलको लम्बाइ सानो भएपछि पुल सञ्चालन हुन सकेन। पुलको लम्बाइ २०५ मिटर थियो। पुल बने पनि १७ वर्षसम्म स्थानीयले रतुवा नदीमा हिउँदमा बाँसको पुल र बर्खामा डुंगामा जोखिमपूर्ण यात्रा गरे। त्यो पनि पैसा तिरेर।

तर, सरकारले यो पुल पूरा गर्न १७ पुस ०७९ मा ठेक्का लगायो। देव एन्ड सायर-समता-आशिषदीप जेभीले २२ करोड १२ लाख ३७ हजारमा ठेक्का लियो। असार मसान्तमा सम्पन्न गर्ने गरी ठेक्का लिएको निर्माण कम्पनीले समयमै काम सक्यो। तीनवटा स्पाम थपेसँगै पुल सञ्चालनमा आएको छ। पुल निर्माण सकिएपछि आइतबार प्रधानमन्त्री केपी ओली उद्घाटन गरे। उद्घाटनसँगै रतुवाको पुलमाथिबाट हिँड्ने १७ वर्षदेखिको सपना पूरा भएको छ।

'हाम्रो त वारिपारि आफन्त छन्। आउने-जाने गर्नुपर्छ। पुल नहुँदा पैसा तिरेर नाउ र बाँसको पुलमा हिँड्ने गरेका थियौँ। पैसा नहुनेले हिँड्नै नपाउने अवस्था थियो,' मोरङ रतुवामाई- ४ का सतारुलाल गणेशले भने, 'उद्घाटन गरेसँगै हाम्रो पुलमाथि हिँड्ने सपना पूरा भएको छ।' पुल निर्माण सकिएसँगै अब गौरीगन्ज र रतुवामाईका स्थानीयलाई सहज भएको प्रधानमन्त्री ओलीले बताए। उनले वारिपारि गर्दा



हुलाकी राजमार्गको रतुवा पुल उद्घाटन गर्दै केपी ओली।

पाँच मिनेटको बाटोमा घुमेर जाँदा घण्टौँ लाग्ने बाध्यता हटेको बताए।

■ कन्काई पुल अझै पर्खाइमा

हुलाकी राजमार्गको कन्काई नदीको पुल १४ वर्षदेखि अलपत्र छ। प्रधानमन्त्री ओली र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको गृहजिल्ला झापामा पर्ने यो पुल अलपत्र हुँदा गौरीगन्ज र झापा गाउँपालिकामा आवतजावत गर्ने स्थानीयलाई सास्ती छ। समयमा पुल नबनेपछि स्थानीयले जोखिमपूर्ण रूपमा बर्खामा डुंगा र हिउँदमा बाँसको पुलमा पैसा तिरेर यात्रा गरिरहेका छन्। गौरीगन्ज गाउँपालिकाले हिउँदमा बाँसको पुल निर्माण र बर्खामा डुंगा सञ्चालनका लागि दुई लाख ३० हजारमा स्थानीय ईश्वर माझीलाई ठेक्का दिएको छ। माझीले बाँसको लामो पुल बनाएका छन्। जसबापत उनले मोटरसाइकलमा यात्रा गर्नेलाई ५० रुपैयाँ र साइकलमा यात्रा गर्नेलाई ३० रुपैयाँ लिन्छन्। १४ वर्षदेखि अलपत्र यो पुलले उद्घाटनका लागि प्रधानमन्त्री ओलीलाई पर्खिरहेको छ। यो पुल बनेपछि झापा सदरमुकाम चन्द्रगढीबाट गौरीगन्ज आउजाउ छिटो हुन्छ।

हुलाकी राजमार्गअन्तर्गत झापाको गौरीगन्ज गाउँपालिका र झापा गाउँपालिका जोड्ने कन्काई माई नदीको सात सय मिटर पुल ३१ जेठ ०६८ मा पप्पु र महादेव खिम्ती जेभीले २९ जेठ ०७२ मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेका थिए। ७२५ मिटर लम्बाइ रहेको पुल बनाउन ३४ करोड नौ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। सुरुमा पप्पुले काम गऱ्यो। तर, पुल अलपत्र बनाएपछि पछिल्लो समय निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको निर्माण कम्पनी महादेव खिम्तीले काम अघि बढायो। तर, यो कम्पनीको पनि काम सुस्त छ। पाँचौँपटक म्याद थपिएको समय ०८० असारमै सकियो। पछि म्याद थपिएको छैन। तर, यस अवधिमा करिब ६५ प्रतिशत मात्र काम सकिएको हुलाकी सडक आयोजना कार्यालय इटहरीले जनाएको छ।

रतुवा पुल उद्घाटनको अध्यक्षता गरेका भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहालले झापाको कन्काई, कमला र बागमती पुलका कारण हुलाकी राजमार्ग सञ्चालनमा समस्या भएको बताए। उनले कन्काईको पुल पनि यसैगरी छिट्टै उद्घाटन हुने बताए। 'पुल निर्माणका लागि केन्द्रित भएर लागेका छौँ। कन्काई पुलको छिट्टै यसरी नै उद्घाटन गर्नेछौँ। यसको समस्या अध्ययन गरिसकेका छौँ,' उनले भने, 'हामी निर्माण व्यवसायीसँग अन्तिम कुरा गर्छौं। उहाँले त्यो पुल पूरा गर्नुहुन्छ भने समय दिन स्टेप अगाडि चालिसकेका छौँ।'


बरालिएको नेपाली राजनीति र अबको बाटो

नयाँ संविधान जारी भएपछि संसदीय मान्यताको प्रणाली भत्काउने नेताले नै पूर्वराष्ट्रपति राजनीतिमा फर्किँदा प्रणाली भत्किने तर्क गर्न सुहाउँदैन



● प्रा. कृष्ण पोखरेल

अग्रलेख



विषय प्रवेश : केही साताअघि पूर्वराष्ट्रपति विद्या भण्डारीले आफूले एमालेको सदस्यता नवीकरण गरेको बताइन् । उनको यस निर्णयको मकसद निश्चय नै अध्यक्ष र प्रधानमन्त्रीसम्म पुग्ने हुनसक्छ । तर, उनी आफ्नो त्यो मकसदमा सफल हुन्छिन् या हुन्नन् ? त्यसका लागि उनले पार्टीभित्र कति पापड बेल्नुपर्ने हो ? कस्ता हन्डर खानुपर्ने हो र षड्यन्त्रको कस्ता तानाबाना पार गर्नुपर्ने हो ? पार्टीका तिकडम-वीरहरूको कस्ता जालको सामना गर्नुपर्ने हो, त्यो अहिले नै यसै भन्न सकिन्न । ती सबै अवस्था समयक्रममा उद्घाटित हुने नै छन् । तर, यसैबिच उनको यस निर्णयले हठात् नेपाली कांग्रेसका नेताहरूको रक्तचाप बढेको कुरा त्यस पार्टीका नेता एवं प्रतीक्षारत प्रधानमन्त्री देउवा दलबलसहित प्रधानमन्त्री केपी ओलीलाई भेट्न जाँदा उनीहरूले राखेको विचार र चासोले देखाउँछ ।

कांग्रेसको चासो : कुरा के रे भने, पूर्वराष्ट्रपतिको सक्रिय राजनीतिमा प्रवेशले प्रणालीप्रति अविश्वास बढाउँछ रे ! यो नैतिक हुँदैन रे ! एकपटक सेनाको परमाधिपति भइसकेको व्यक्ति सक्रिय राजनीतिमा आउन मिल्दैन रे ! यो कुनै पार्टीको आन्तरिक मामिला नभई मुलुकको हितको सवाल हो रे ! अचम्म त के भने आफ्नो दलको आन्तरिक मामिलामा हस्तक्षेप गरेकामा असन्तुष्टि व्यक्त गर्नुपर्नेमा देउवाको बोलीमा लोली मिलाउँदै ओलीले मेरो पनि यही विचार हो भन्नसम्म भ्याए । मेरो विचारमा यी सबै चासो र तर्क बकवास मात्र हुन् ।

र यथार्थ : संसदीय व्यवस्थाको आधारभूत मान्यता के हो भने आफ्नो नेतृत्वमा आमनिर्वाचनमा जाँदा पार्टीले पराजय व्यहोऱ्यो भने त्यो नेताले हारको दायित्व आफूले बोक्छ र खुरुक्क पार्टी नेतृत्वबाट राजीनामा गर्छ अनि पार्टीले नयाँ नेता छान्छ । हो, यही हो संसदीय राजनीतिमा नेतृत्व नयाँ पुस्तामा हस्तान्तरण हुने विश्वमान्य अभ्यास । नयाँ संविधान जारी भएपछि संसदीय मान्यताको यो प्रणाली भत्काउने पहिलो नेता देउवा नै हुन् । संसदीय राजनीतिमा आमनिर्वाचनपछि कुनै एक दलको बहुमत आएन भने या त संसद्को सबैभन्दा ठुलो दलको नेतृत्वमा गठबन्धन सरकार बन्छ या त दोस्रो ठुलो दलको नेतृत्वमा । तर, आलोपालोमा कहिले आफ्नो त कहिले अर्को दलको समर्थनमा फेच्चा तेस्रो दलको नेतृत्वमा सरकार बनाउन तयार हुने यिनै कांग्रेस र एमाले नै हुन् । यो विकृतिबाट चेत्नु र यसलाई रोक्न अग्रसर हुनुको साटो संसद्का दुई ठुला दलकै गठबन्धनमा सरकार बनाउने अर्को चरम विकृत अभ्यास थाल्ने यिनै हुन् । अनि यसो गर्नेले प्रणालीको कुरा गर्न मिल्छ ? कहिले भुटानी शरणार्थी काण्डमा आफ्ना पार्टीका नेता मुछिएपछि जेलको हावा खाने अवस्था आउँदा प्रधानमन्त्रीलाई दबाब दिएर छानबिन बराल्ने नेता र हुँदाहुँदा बेचन झा समातिएपछि उनले मुख खोल्छन् कि भनी भयाक्रान्त भई रातारात सातबुँदे सहमति गरी भइरहेको गठबन्धन टुटाएर सत्ता साझेदार बन्ने नेताले प्रणालीको कुरा गर्न सुहाउँछ ?

अझ, विद्या भण्डारीको सक्रिय राजनीतिमा आगमन नैतिक हुँदैन रे ! जुन नेताले सत्ता जोगाउन सांसदको खरिद-बिक्री गर्न बाँकी राखेन, आफ्नो पार्टीका नेतासँगको रिसमा सत्ता दरबारमा बुझाउन पछि परेन र पुनः कुर्सी पाउँदा गोर्खाली राजाले न्याय गरे भन्न भ्यायो उसैले नैतिकताको कुरा गर्ने ? यिनीहरूले सुशासन, संविधान संशोधन इत्यादिको लेपन गरेर सत्तारोहणका लागि सातबुँदे सहमति गरे पनि कटुसत्य के हो भने त्यो फगत भागबन्डाको राजनीतिको नग्न दस्ताबेज हो । कहिलेसम्म को प्रधानमन्त्री हुने र कहिलेदेखि को, अनि कुन प्रदेशको मुख्यमन्त्री को हुने र कुन प्रदेशको को ? आइजिपी कसको हुने र गभर्नर कसको हुने ? रिक्त हुने संवैधानिक निकायमा ककसले के-के लिने, त्यो पनि 'फिक्स्ड' गर्ने । एक वाक्यमा भन्नुपर्दा जो 'काले-काले मिलेर खाऊँ भाले'को बाटोमा हिँडेको छ, उसैले नैतिकताको कुरा गर्ने ? यसैलाई सायद भन्छन्- 'सौ सौ चुहे खा के बिल्ली चली हज को' ।

सेनाको परमाधिपति भइसकेको मान्छे सक्रिय राजनीतिमा आउनुहुँदैन रे ! तर्कको घोडा पनि कति कुदाउन जान्या हुन् ? के एकपटक परमाधिपति भएको व्यक्ति जीवनभर परमाधिपति भइरहन्छ ? फेरि यिनै नेताहरू पूर्वराजा ज्ञानेन्द्रको राजनीतिक सक्रियताबाट आत्तिए वा क्रुद्ध भएर राजनीति गर्ने हो भने पार्टी खोल्नु र चुनाव जितेर प्रधानमन्त्री बन्नु नि भनेर चुनौती दिन्छन् । ज्ञानेन्द्रले परमाधिपति भएर पार्टी खोल्न वा चुनाव लड्न मिल्छ भने अरूले किन नमिल्ने ? यो नितान्त बकम्फुसे तर्क र दोहोरो मापदण्ड भएन र ?

तीनवटा कुरा : कुरा कति मात्रै हो भने, विद्या भण्डारी एमालेको सक्रिय राजनीतिमा आइन् र कथंकदाचित तिनले केपी ओलीको स्थान लिइन् भने तीनवटा कुरा हुन सक्छन् । पहिलो, अहिले देउवाको ओलीसँग जुन 'ट्युनिङ' छ त्यस्तै 'ट्युनिङ' विद्यासँग नहुन सक्छ । दोस्रो, त्यसो हुनासाथ देउवाको प्रधानमन्त्री पद गोलखाडी जान्छ । हुन त अहिलेकै अवस्था पनि सत्ता हस्तान्तरणको मामिलामा ओलीको जस्तो 'ट्र्याक रेकर्ड' छ त्यसलाई आधार मान्ने हो भने उनकै हातबाट पनि जिल्लिने पूरापुर सम्भावना छ । त्यसो त यो 'हाइपोथेटिकल' कुरा भयो तर कथंकदाचित यस्तो भयो भने विद्याबाट उनको प्रधानमन्त्री पदले निरन्तरता नपाउने निश्चित नै छ । र तेस्रो, उनी एमालेको नेतृत्वमा आउनासाथ केपी ओलीका कारण रोकिएको राजनीतिक ध्रुवीकरण तीव्र हुन सक्छ । कमसेकम केन्द्रबाट देब्रेतिरका राजनीतिक शक्तिहरूको गठबन्धनको सम्भावना बढेर जान्छ ।

> पूर्वराष्ट्रपति एमालेको नेतृत्वमा आउनासाथ केपी ओलीका कारण रोकिएको राजनीतिक ध्रुवीकरण तीव्र हुने र केन्द्रबाट देब्रेतिरका राजनीतिक शक्तिहरूको गठबन्धन बन्न सक्ने सम्भावनाबाट भयाक्रान्त देउवा नेतृत्वको कांग्रेसले त्यही भयलाई ढाकछोप गर्न प्रणाली, नैतिकता, परमाधिपति आदि-इत्यादिको कुतर्क गरिरहेको छ

वास्तवमा यही त्यो कटुसत्य हो जसबाट देउवा नेतृत्वको कांग्रेस भयाक्रान्त छ । यही भयलाई ठाकछोप गर्न ऊ प्रणाली, नैतिकता, परमाधिपति आदि-इत्यादिको कुतर्क गरिरहेको छ ।

चिन्ताको विषय : जहाँसम्म कांग्रेसको यो चासो र चिन्तामा प्रधानमन्त्री ओलीले 'हाँ मा हाँ' मिलाए भन्ने कुरा बाहिर आएको छ, त्योचाहिँ चिन्ताको विषय हो । हो, कांग्रेसको यो चासोले उनलाई एक हिसाबले आफ्नो दलमा विद्यालाई रोक्ने सम्बल मिल्ला । तर, आफ्नो दलको आन्तरिक मामिलामा प्रतिस्पर्धी दलको ठाडो हस्तक्षेप के एमालेका स्वाभिमानी नेता तथा कार्यकर्ताले सहजै पचाउलान् ? कल्पना गरौं त, यतिवेला एमालेका कुनै नेताले कांग्रेसमा देउवाले 'रिटायर्मेन्ट' लिएर गगन थापा वा विश्वप्रकाश शर्माले नेतृत्व सम्हाल्नुपर्छ भन्यो भने कांग्रेसको प्रतिक्रिया के होला ? कांग्रेसजनले आकाश उचाल्दैनन् ? यो स्तम्भकार पनि के धारणा राख्छ भने, मुलुकको राजनीति सही दिशामा अघि बढिरहेको हुँदो हो भने पूर्वराष्ट्रपतिले सक्रिय राजनीतिमा आउन आवश्यक थिएन । तर, यतिवेला नेपाली राजनीति न कुनै ढंगले चलेको छ न मुलुकका शासकले जनअपेक्षाअनुसार काम गर्न नै सकेका छन् । नेपाली जनतामा अहिलेका शासकप्रति जेजस्तो आक्रोश र वितृष्णा छ त्यसको पारो दिनानुदिन चढिरहेछ । जहाँसम्म सरकारको स्थायित्वको प्रश्न छ, त्यो स्वयंमा केही होइन, पञ्चायतकालमा ३० वर्ष स्थायित्व थियो । तर, के भयो ?

दुई विकल्प : यतिवेला बरालिएको हाम्रो राजनीतिलाई 'ट्र्याक'मा ल्याउने जम्माजम्मी दुई विकल्प देखिन्छन् । पहिलो, प्रमुख राजनीतिक दलका युवा नेताले आ-आफ्नो दलमा शक्तिका लागि 'एसर्ट' गर्ने र पटक-पटक टेस्ट भएका र असफल साबित भइसकेका नेताहरूको ठाउँ लिने अनि तिनलाई सल्लाहकारको भूमिकामा बसाउने ।

यसको सुरुवात छैटौंपटक प्रधानमन्त्री बन्न मुख मिठ्याएर बसेका देउवालाई सल्लाहकार बनाएर तिनको स्थान युवा नेताले लिएर प्रारम्भ गर्न सक्छन् । यसो हुनसक्यो भने यसको शृंखलाबद्ध प्रतिक्रिया एमाले र माओवादीमा पर्नेछ । तर, यो यसकारण सम्भव छैन कि कांग्रेसका जुन नेताको समाजमा लोकप्रियता छ, तिनको आफ्नै संगठनमा त्यो स्तरको पकड छैन । र तिनले त्यो आँट गर्ने अवस्था अहिले नै छैन ।

दोस्रो, दलहरूमाझ विचार वा कार्यक्रमका आधारमा टिकाउ गठबन्धन र ध्रुवीकरण । अहिलेको जस्तो जोजोसँग र जतिखेर पनि मिल्न सक्ने भद्रगोले, फोहोरी र स्वार्थी गठबन्धन होइन । आज यो मुलुकलाई केन्द्रबाट देब्रेको एउटा र केन्द्रबाट दाहिनेको अर्को गठबन्धनको आवश्यकता छ । यसो गर्नका लागि जसले जहाँबाट पहल गर्दा पनि हुन्छ । हो, पूर्वराष्ट्रपति विद्या भण्डारीको सक्रिय राजनीतिमा आगमनले त्यो सम्भावनाको ढोका खोल्न सक्छ । उनको नेतृत्वमा एमाले केन्द्रबाट देब्रेतिरका राजनीतिक शक्तिहरूको गठबन्धनको मियो बन्न सक्छ । इतिहासमा यो मौका कुनै वेला केपी ओलीलाई प्राप्त भएको थियो, तर त्यतिवेला शक्तिको दम्भमा उनको मति यति बिग्रियो कि त्यो बिर्सनलायक इतिहास बन्यो । वस्तुतः विद्याको आगमनले यस्तो गठबन्धन बन्छ कि भन्ने सम्भावनाले नै हो यतिवेला कांग्रेस आत्तिएको छ ।

तर, कांग्रेस आत्तिन जरुरी छैन । उसले पनि आफ्नो नेतृत्वमा केन्द्रबाट दाहिनेतिरका दल र शक्तिहरूको गठबन्धन बनाउन सक्छ । उसका लागि पनि त्यो मैदान खाली छ । यसो भयो भने, यो मुलुक बल्ल दुई-गठबन्धनको प्रभुत्व भएको अवस्थामा पुग्नेछ । र, फोहोर राजनीति सफा बाटोमा लाग्नेछ । अनि जनतामा नवीन आशाको सञ्चार हुनेछ ।

@cris_pokharel

३ प्रश्न

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष **दीपेन्द्रबहादुर क्षेत्री**लाई



हाम्रो विकासमा किन बारम्बार विलम्ब हुने गर्छ ?

संसद्बाट बजेट समयमै पारित भए पनि सम्बन्धित मन्त्रालयमा बजेट पठाउन ढिलासुस्ती हुने गरेको छ । मन्त्रालयहरूमा बजेट पठाइसकेपछि पनि ठेक्कापट्टा लगाउनैमा पनि ढिलाइ हुन्छ । दसैंपछि ठेक्का लगाऔंला भन्ने प्रवृत्तिले पनि ढिलाइ हुने गरेको छ । आयोजनाको नेतृत्वमा कसलाई पठाउने भन्ने 'हिडन' स्वार्थले गर्दा पनि ढिलाइ हुन्छ । ठेकेदारले ४० प्रतिशतभन्दा कममा ठेक्का सकार्ने र पछि नसकेपछि भाग्ने प्रवृत्तिले पनि ढिलाइ भइरहेको छ ।

प्रधानमन्त्रीको संयोजकत्वमा रहने समितिका निर्णय पनि कार्यान्वयन नहुनुको कारण के हुन सक्छ ?

प्रधानमन्त्रीको नेतृत्वमा सम्पूर्ण विश्वविद्यालयदेखि दुई दर्जनभन्दा बढी संस्था छन् होला । उहाँको नेतृत्वमा शासकीय सुधार आयोगसमेत छ । शासकीय सुधारका विषयमा त अरूले नेतृत्व गरेको संस्थाबाट सुझाव आए पो राम्रो हुँदो हो । यति धेरै संस्थाको नेतृत्व गर्दै गर्दा प्रधानमन्त्रीबाट कति संस्थाका काम कारबाही हेर्न, बुझ्न र नेतृत्व गर्न सम्भव होला ? प्रधानमन्त्री नेतृत्वको संस्थाले आफ्नो निर्देशन कति पालना भयो, कति भएन, किन भएन भनेर अनुगमन गर्ने र कानुनअनुसार कठोर भई अघि बढ्ने हो भने निर्णय पनि कार्यान्वयन हुन्छन् र ढिलासुस्ती पनि कम हुन्छ ।

यस्तो ढिलासुस्तीमा सुधारको सम्भावना छैन ?

पक्कै छ । सैद्धान्तिक रूपमा केही भएका पनि छन् । कतिपय काम समयभन्दा अगावै सकिएका उदाहरण पनि छन् । यस्तोमा ढिलाइ गर्नेलाई दण्ड र समयमै गर्नेलाई पुरस्कारको व्यवस्था गरी राइट 'पर्सन इन राइट प्लेस' गर्ने हो भने पनि समयमै काम हुन सक्छ । निश्चित अवधि तोकेर नेतृत्व पठाउने र उसलाई तोकिएको अवधि काम गर्न दिएर काम हुन नसके उसैलाई जवाफदेही बनाउने हो भने मुलुकलाई उचाल्न समय लाग्दैन ।

प्रेरक प्रसंग

दोषी को हो ?

कुनै वेला महात्मा गान्धी चम्पारणमा पुगेका थिए । एक दिन उनी बिहानै आफ्नो कुटीबाहिर बसेर चर्खामा धागो कातिरहेका थिए । यो उनको जहाँ पुगे पनि चलिरहने दैनिकी थियो । त्यतिखेर उनी बसेको स्थाननजिकै दुईजना बच्चा आपसमा खेलिरहेका थिए । मिलेरै खेलिरहेका ती दुवै बालक एकैछिनमा आपसमा चर्काचर्की गर्दै झगडा गर्न थाले । झगडा गर्दागर्दै ती दुवै बालक अति नै उत्तेजित भए र एकअर्कालाई नराम्रा शब्द प्रयोग गरी गाली गर्न थाले । ससाना बच्चाका मुखबाट त्यति नराम्रो गाली सुन्नुपर्दा गान्धीलाई बडो अफसोच लाग्यो । उनले बालकहरूको झगडा रोकेर तिनका आमाबाबुलाई बोलाउन लगाए । बालकका आमाबाबु आएपछि गान्धीले उनीहरूलाई गाली गर्न थाले । केही क्षणसम्म उनीहरूले यो सब चुपचाप सुनिरहे । तर, उनीहरूमध्ये एउटा बच्चाका बाबु चुप लागिरहन सकेनन् । उनले गान्धीलाई सोधे, 'बापु, हाम्रो गल्ती के थियो र तपाईं यसरी हामीलाई गाली गर्दै हुनुहुन्छ ? पहिला त्यो त बताउनुस् । उनको प्रश्न सुनिसकेपछि गान्धीले स्पष्ट गर्दै भने, 'तिमीहरू दुवैका बच्चा यहाँ नजिकै खेलिरहेका थिए । अचानक उनीहरूबिच झगडा सुरु भयो । एकैछिनमा उनीहरू एकअर्कालाई अत्यन्तै नराम्रा शब्द प्रयोग गरेर गाली गर्न थाले ।'

'तर यसका लागि तपाईंले हामीलाई चाहिँ किन बोलाउनुभएको त ? उनीहरूलाई नै बोलाएर हप्काइदिनुभएको भए भइहाल्थ्यो नि । तपाईंलाई उनीहरूलाई गाली गर्ने पूरा अधिकार छ,' ती व्यक्तिले जवाफमा भने । उनका कुरा सुनिसकेपछि गान्धी गम्भीर भए र भने, 'हो, पक्कै पनि म आफैं उनीहरूलाई गाली गर्न सक्थें । तर, त्यो वेला गाली गर्नु जायज हुन सक्थ्यो, जतिखेर उनीहरू दोषी हुन्थे । यिनीहरूले यस्तो गाली आफैं सिर्जना गरेका होइनन् । यिनीहरूले त यस्तो फोहोरी गाली तिमीहरूबाटै सिकेका न हुन् ।'

गान्धीको तर्क सुनेर बच्चाका आमाबाबुले लाजले टाउको निहुऱ्याए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विदेश भ्रमणको उपलब्धि के ?

लोकतान्त्रिक गणतन्त्रमा संघ, प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारी विदेश भ्रमणमा पटक-पटक जाने र आउने गरेको सञ्चारमाध्यमबाट पढ्न, देख्न र सुन्न पाइरहिएको छ । तर, यस्तो भ्रमणमा जाने जनप्रतिनिधिले देश र जनताका लागि के-कस्ता ज्ञान सिकेर आउनुभयो, त्यसबारे भने जानकारी पाउन सकिएको छैन । देशको ढुकुटी खर्चेर विदेश गइसकेपछि त्यहाँ देखेका, सुनेका र अनुभव गरेका राम्रा विषयलाई यहाँ पनि लागू गराउन पहल नगर्ने हो भने त विदेश जानुको अर्थ नै के भयो र ? त्यसैले, विदेश भ्रमणमा जाने जनप्रतिनिधिको टोलीली स्वदेश फर्किसकेपछि भ्रमणमा सिकेका, देखेका, जानेका, सुनेका अनुभवलाई समेटेर एउटा भ्रमण प्रतिवेदन तयार पारी बुझाउनैपर्ने व्यवस्था गर्नसके राम्रो हुन्थ्यो कि ?

● **बलराम थापा,** क्षेत्रपाटी, काठमाडौं

मन्त्रीमाथि छानबिन नगर्ने सरकार ?

लाखौं रकम घुसको खुलेआम बार्गेनिङ गरेको अडियो सार्वजनिक हुँदा पनि मन्त्रीलाई कारबाही गर्न कुन आइतबार कुर्नुपर्ने हो सरकार ? सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले बिचौलियासित बसेर कर्मचारीको सरुवा थमौती र आयोग प्रमुखको नियुक्तिलगायत विषयमा गरेको घुसको बार्गेनिङ गरिएको अडियो सर्वत्र छ्याप्छ्याप्ती भइसक्दा पनि उनको राजीनामा नमागिनु र उनीमाथि छानबिन प्रक्रिया अघि नबढ्नुले सरकारकै सुशासनमाथि गम्भीर प्रश्न उठेको छ । एमाले यसबारे के हेरिबसेको छ हँ ?

● **सौरभ कठायत**
बत्तीसपुतली, काठमाडौं

उद्योगबारे अनुगमन गर

जगदम्बा स्टिल्सको भट्टी पटक-पटक पड्किएर पाँच वर्षमा नौ श्रमिकको ज्यान गएको समाचार पढियो । साथै, कारखाना रहेको क्षेत्रबाट नजिक रहेका बस्तीसमेत जोखिममा रहेको समाचार पढ्दा हाम्रो लाचार र निरीह राज्य के हेरिबसेको होला भन्ने प्रश्न बारम्बार मनमा उठिरह्यो । हो, देशलाई उद्योगधन्दा नभई हुँदैन । तर, नभई नहुने भन्दैमा तिनको अनुगमन नै गर्नुपर्दैन भन्ने होइन र तिनले जे गरे पनि छुट दिनुपर्छ भन्ने पनि होइन ।

● **वसन्ती पासवान**
कलैया, बारा

असारे विकास कहिलेसम्म सरकार ?

पिच गर्ने भत्काउने, फेरि पिच गर्ने र फेरि भत्काउने क्रम कहिलेसम्म दोहोरिइरहने हो सरकार ? के विकास भनेको यही हो ? सरकारले असार मसान्तसम्म बजेट सक्नुपर्न भनेपछि ठेकेदारहरू जेठदेखि असार मसान्तसम्म काम सक्न दौडधुप गर्छन् । ११ महिना चुप बस्ने ठेकेदारहरूलाई जब असार मसान्त आउँछ, तब काम भ्याइनभ्याइ हुन्छ । यस्तो असारे विकास कहिलेसम्म चल्ने हो सरकार भनेर जनताले प्रश्न गरीरहेका छन् ।

केही दिनअघि आफूले छाता ओढेर र सडकलाई बर्सादी ओढाएर पिच गरेको समाचार पढियो । यस्तो बर्खे झरीमा गरेको पिच कहिलेसम्म टिक्ला ? हिउँदमा गरेको पिच त ६ महिना टिक्न गारो छ भने वर्षामा गरेको पिच कति टिक्ला ? पिचको नाउँमा पिच गरेर बजेट पचाउने काम नगरौं । स्थानीय सरकारका इन्जिनियर, ठेकेदार र नेता मिलेपछि सजिलै बिल पास हुने, तर जनताले भने जहिल्यै सास्ती खेप्नुपर्ने, यो के पारा हो सरकार ? विकासका नाउँमा राज्यको ढुकुटी दोहन हुँदा पनि सम्बन्धित निकाय किन मौन छ ?

विकसित देशहरूमा पिच गरेको वर्षौंवर्ष केही हुँदैन । हामीकहाँ भने पिच गरेको ६ महिना पनि टिक्दैन, यसको कारण के हो ? हरेक वर्ष त्यही बाटो पिच गर्न सरकारले बजेट छुट्याउने हो भने अन्य सहायक बाटामा चाहिँ पिच कहिले गर्ने ?

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अब त गाजामा स्वस्थ रगत पनि छैन

गाजामा दान दिइएका झन्डै दुईतिहाइ रगतमा हेमोग्लोबिन र फलामको मात्रामा कमी हुँदा ती रगत दानयोग्य हुँदैनन्



देश / विदेश

● दोन्या अबु सित्ता

मखान युनिस सहरको पश्चिममा रहेको नासेर अस्पतालनजिकै बस्छु । हरेक दिनजसो अस्पतालबाट लाउडस्पिकरमार्फत रक्तदानका लागि गरिने हतारो र व्याकुल अपिल सुनिरहेकी हुन्छु । यो अवस्था एक वर्षभन्दा बढी समयदेखि चलिरहेको छ । गाजाका थोरै मात्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थामध्ये एक यो अस्पताल इजरायली हवाई आक्रमणका पीडितले नियमित रूपमा भरिभराउ हुने गरेको छ । मेको अन्त्यदेखि त झन् राहत वितरणस्थलमा इजरायली सेनाले गोली हान्न थालेपछि धेरैजसो घाइते यही अस्पतालमा ल्याइने गरिएका छन् ।

मैले पहिले पनि रक्तदान गरिसकेकी थिएँ र फेरि पनि दान गर्नु मेरो कर्तव्य हो भन्ने लागेर म गत महिना एकाबिहानै नासेर अस्पताल पुगैं । जब मेरो हातबाट रगत निकालिँदै थियो, मलाई एक्कासी बेस्सरी रिंगटा लाग्यो र म बेहोस हुन्छुजस्तो भयो । रक्तदान अभियानमा संलग्न मेरी साथी नर्स हानान तुरुन्तै मसँग आइन् र मस्तिष्कमा रगतको प्रवाह बढोस् र मलाई केही राहत मिलोस् भनेर मेरो खुट्टामाथि उठाइदिइन् । मेरो रगतको परीक्षण गरेर १० मिनेटपछि फर्किएर नर्सले मलाई गम्भीर रक्तअल्पता (एनिमिया) र कुपोषण रहेको बताइन् । मेरो रगतमा दान गर्न आवश्यक न्यूनतम पोषक तत्त्वसमेत थिएनन् । हानानले मेरो अवस्था अपवाद नभएको बताइन् । इजरायली नाकाबन्दी र मासु, दुध, अन्डा, फलफूलजस्ता पौष्टिक खाद्य पदार्थको अभावका कारण अस्पतालमा रगत दान गर्न आउने अधिकांश मानिसमा रक्तअल्पता र कुपोषण देखिएको छ । अस्पतालमा दान गरिएका झन्डै दुईतिहाइ रक्त युनिटमा हेमोग्लोबिन र फलामको मात्रा अत्यन्त कम हुने भएकाले ती रगत रक्तसञ्चारका लागि प्रयोग गर्न मिल्ने अवस्थामा छैनन् ।

जुनको सुरुवाततिर प्रयोगशाला तथा रगत बैंककी निर्देशक डा. सोफिया जआराबले सञ्चारमाध्यमलाई गाजामा दान गरिएको रगतको गम्भीर अभाव 'संकटकालीन अवस्था'मा पुगेको बताएकी थिइन् । गाजालाई दैनिक चार सय युनिट रगत चाहिन्छ । 'बेस्ट बैंकबाट रगत ल्याउन प्रयास गरिए तापनि इजरायली अतिक्रमणकारीले गाजामा प्रवेश रोकिदिए,' उनले बताएकी थिइन् ।

रक्तदान गर्न असफल भएपछि म निराश भएर फर्किएँ । मलाई भोकमरीले असर गरिरहेको थियो । मेरो तौल घटेको छ, म थकान, टाउको दुखाइ, जोर्नी दुखाइ र रिंगटाबाट ग्रस्त छु । लेख्न वा पढ्न पनि विश्राम आवश्यक हुन्छ । वास्तवमा स्वास्थ्य अवस्था कति गम्भीर भइसकेको रहेछ भन्ने थाहा पाएर म गहिरो आघातमा परेकी थिएँ । पिठो अत्यन्त महँगो भएकाले महिनौंदेखि हामीले केवल पास्ता र चामल खाँदै आएका छौं । हामी दिनको एक छाक मात्र खान्छौं, कहिलेकाहीं आधापेट खाएर साना दाजुभाइबहिनीलाई खुवाउँछौं । उनीहरू कुपोषणका चिन्ताजनक लक्षण देखाउँदै भोकले खाना मागिरहन्छन् । इजरायलले २ मार्चमा पूर्ण नाकाबन्दी लगाएदेखि हामीले मासु, अन्डा वा दुधजस्ता वस्तु देखेका छैनौं, उसो त त्यसअघिसम्म पनि यी खाद्य पदार्थ दुर्लभ नै हुन्थे ।

गाजा स्वास्थ्य अधिकारीका अनुसार इजरायली नरसंहारकारी युद्ध सुरु भएयता कम्तीमा ६६ बालबालिकाको मृत्यु भोकमरीका कारण भएको छ । युनिसेफका अनुसार मे महिनामा मात्रै पाँच हजारभन्दा बढी बालबालिकालाई तीव्र कुपोषणको उपचारका लागि गाजाका स्वास्थ्य संस्थामा भर्ना गरिएको थियो । यी



तस्बिरः एएफपी

बालबालिकामध्ये केही चमत्कारी ढंगले बाँच्न सफल भए पनि उनीहरूले स्वस्थ रूपमा हुर्किने, आफ्नो सम्पूर्ण सम्भावना विकास गर्ने र स्थिर एवं सुरक्षित जीवन बाँच्ने अवसर पाउनेछैनन् । तर, मेरो शरीरमा भोकमरीले पारेको असरभन्दा पनि म घाइतेलाई सहयोग गर्न असफल भएँ भन्ने पीडाले थिचिएको थिएँ । म युद्धमा घाइते भएर अस्पतालमा जीवन र मृत्युको संघर्ष गरिरहेका मानिसलाई सहयोग गर्न चाहन्थें किनभने म एक मानव हुँ । र, अन्ततः अर्को व्यक्तिको पीडामा हात बढाउनु नै सबैभन्दा मौलिक मानवीय प्रेरणामध्ये एक हो । सहानुभूति र ऐक्यबद्धता नै हाम्रो मानवताको परिभाषा हो ।

जब तपाईं कसैको जीवन बचाउन चाहनुहुन्छ, तर रोक्न बाध्य पारिन्छ तब निराशाको एक नयाँ क्षितिज खुल्छ । जब तपाईं आफ्नै थोरै स्रोत (यहाँ त आफ्नै शरीरको हिस्सा)बाट सहयोग गर्न चाहनुहुन्छ, तर त्यसबाट पनि वञ्चित हुनुहुन्छ भनेर थाहा पाउँदाको पीडा आत्माको गहिरो घाउ बन्न पुग्छ । २१ महिनायता हामीलाई अन्तर्राष्ट्रिय कानुनमा सुनिश्चित गरिएका हाम्रा सबै मानव अधिकारबाट वञ्चित गरिएको छ । हामीलाई पानी र खाना खाने अधिकार, स्वास्थ्य सेवा र वासस्थानको अधिकार, शिक्षाको अधिकार, स्वतन्त्र आवागमन र शरणको अधिकार र जीवन बाँच्ने अधिकारबाट समेत वञ्चित गरिएको छ । अब हामी यस्तो अवस्थामा पुगिसकेका छौं जहाँ अरूको जीवन बचाउन चाहने आकांक्षा अर्थात् मानव ऐक्यबद्धता देखाउने अधिकार नै हामीबाट खोसिएको छ ।

यो सबै संयोगले नभई योजनाबद्ध रूपमा भइरहेको छ । यो नरसंहारले केवल ज्यान लिँदैन, मानवीयता र सहानुभूतिमा पनि प्रहार गर्छ । राहत संस्था र सार्वजनिक भान्सामा आक्रमण, खाद्यान्न लुटपाटका लागि गरिएका उक्साहट सबै ऐक्यबद्धताविरुद्धका हमला हुन् । वास्तवमा, यही ऐक्यबद्धता ७५ वर्षदेखि उत्पीडन सहँदै आएका प्यालेस्टिनी जनताको बलियो आधार हो । हाम्रो सामूहिक सम्बन्धमा चिरा परिरहेका हुन सक्छन्, तर हामी ती चिरा पुर्न जान्दछौं । गाजामा हामी सबै एउटै ठुलो परिवार हौं र हामीलाई एक-अर्कालाई मलम लगाउने, सहारा दिने उपाय थाहा छ । प्यालेस्टिनी जनताको मानवता सधैं विजयी रहिआएको छ ।

(सित्ता लेखक, अनुवादक एवं अंग्रेजी भाषाकी शिक्षक हुन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्को सैन्य 'कु'तर्फ जाँदै हो थाइल्यान्ड ?

थाई राजनीतिमा देखिने गतिरोध प्रायः एउटै तरिकाले अन्त्य हुने गर्छ, सैन्य 'कु'मार्फत। थाइल्यान्ड बारम्बार सैन्य 'कु' हुने विश्वको एक मात्र मध्यम आयुक्त देश हो। सन् १९३२ मा निरंकुश राजतन्त्रको अन्त्यपछि त्यहाँ एक दर्जनभन्दा धेरैपटक सैन्य विद्रोह भइसकेको छ, जसमध्ये दुईवटा त पछिल्लो २० वर्षभित्रै भए। अहिले थाई नागरिक पुनः देशमा अर्को 'सैन्य कु'को छाया देख्न थालेका छन्। जुलाई १ मा देशको संवैधानिक अदालतले प्रधानमन्त्री पेटोङ्टार्न सिनावात्रालाई निलम्बन गर्‍यो। अदालतले पेटोङ्टार्नविरुद्ध परेको मुद्दाको फैसला नआएसम्म उनी आफ्नो नियमित काम गर्न नसक्ने बताएको थियो।

जुलाई १ को संवैधानिक अदालतको निर्णयअघि दुई महत्त्वपूर्ण घटना भएका थिए। जुन १८ मा सत्तारूढ गठबन्धनको दोस्रो ठुलो दलले सरकार छाड्यो र विपक्षमा गयो। त्यस कदमपछि सत्तारूढ गठबन्धनसँग ५०० सिट भएको तल्लो सदनमा झिनो बहुमत मात्र कामय छ। त्यसपछि जुन २८ मा हजारौँ मानिसहरूले बैंककमा प्रधानमन्त्रीको बर्खास्तीको माग गर्दै जुलुस निकाले। केही थाई नागरिकले यी दुई घटनामा पुरानो सैन्य 'कु'अघिको परिस्थितिको झल्को पाइरहेका छन्।

सन् २००६ मा सेनाले 'कु' गरेर पेटोङ्टार्नका व्यापारी पिता थाक्सिन सिनावात्रालाई प्रधानमन्त्री पदबाट हटाएको थियो। त्यसको १० वर्ष नबित्दै पुनः सन् २०१४ मा पेटोङ्टार्नकी सानिमा यिनलक सिनावात्रालाई अदालतले पदच्युत गर्‍यो। अदालतले यिनलकलाई पदच्युत गरेको दुई हप्तापछि सेनाले सत्ता हातमा लिएको थियो। दुवै अवसरमा सैन्य कुअघि प्रधानमन्त्रीविरुद्ध अदालतको प्रतिकूल फैसला आएको थियो। संसदीय गतिरोध चर्किएको थियो र सरकार विघटन गर्नुपर्ने माग गर्दै सडकमा प्रदर्शन भएका थिए।

तथापि, यसपटक थाइल्यान्ड अर्को अस्थिरताका लागि तयार छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस देशविरुद्ध ३६ प्रतिशत भन्सार लगाउने बताएका छन्। राजनीतिक समस्यामा अल्झिएकाले प्रधानमन्त्री पेटोङ्टार्नको सरकारले जुलाईको सुरुवातसम्म अमेरिकासँग वार्ता सुरु गरेको थिएन। जबकि, अन्य देशले अमेरिकासँग महिनौँ लामो वार्ता गरिरहँदासमेत आशातीत सहमति गर्न नसकेको स्थितिमा थाइल्यान्डलाई झन् गाह्रो छ। थाई निर्यात उद्योगीहरू सस्तो चिनियाँ सामानहरूको बिगबिगीसँग संघर्ष गरिरहेका छन्। त्यस्तै थाइल्यान्ड घुम्न आएका चिनियाँ पर्यटकहरूलाई अपहरण गरी छिमेकी म्यानमारका 'स्क्याम' केन्द्रमा बेचिएको घटनाले समग्र पर्यटन क्षेत्र नै प्रभावित छ। यी समस्यामाझ मे महिनामा, एक थाई सैनिकले कम्बोडियन सीमारक्षकलाई मारेपछि कम्बोडियासँगको पुरानो सीमा विवाद बल्झियो।

त्यही सीमा विवाद पेटोङ्टार्नको निलम्बनको तत्कालीन कारण बन्न पुग्यो। पेटोङ्टार्नले कम्बोडियासँग विवाद सल्टाउन त्यहाँका पूर्वप्रधानमन्त्री हुनसेनलाई फोनवार्ता गरेकी थिइन्। (दुई वर्षअघिदेखि कम्बोडिया सरकारको नेतृत्व हुनसेनका छोराले गरिरहे पनि वास्तविक शक्ति अझै हुनसेनसँगै रहेको मानिन्छ।) बाहिरिएको फोन रेकर्डिङमा, पेटोङ्टार्नले ज्ञछ



सीमाको जिम्मेवारी पाएका थाई जनरलको आलोचना गरेको सुनिन्छ। अझ फोनवार्तामा पेटोङ्टार्नले हुनसेनलाई 'काका' भनेर सम्बोधन गरिन्, जसलाई धेरै थाईहरूले देशलाई कमजोर देखाएको रूपमा लिए। उनलाई पदबाट हटाउन संवैधानिक अदालतमा दायर निवेदनमा उक्त फोनवार्तामा स्पष्ट नैतिक नियमको उल्लंघन भएको दाबी गरिएको छ।

तर, थाई संस्थापनको सिनावात्रा परिवारप्रतिको आक्रोशको जरा भने योभन्दा धेरै गहिरो छ। सन् २००१ मा थाक्सिन पहिलोपटक प्रधानमन्त्री चुनिएपछि उनले आफ्ना विभिन्न कम्पनीलाई नियमन गर्ने नोकरशाही र एजेन्सीहरूलाई मिलाउने प्रयास गरेका थिए। त्यतिवेला सो कार्यको आलोचना गर्ने मिडियामाथि प्रतिबन्ध लगाइएको थियो। राजाले अप्रत्यक्ष रूपमा ती अभ्यासको आलोचना गरेका थिए। त्यसवेला राजा र थाक्सिनबिचको विवादले सेना र व्यापारिक नेताबिच लामो कालदेखि हालसम्म जारी झगडाको आधार तयार पारेको थियो।

देशका रुढीवादी अभिजात वर्गले थाक्सिनको लोकप्रियवादी राजनीतिक अभियानले गाउँका विपन्न वर्गमाझ समर्थन हासिल गरेको कुराप्रति घृणा गर्थे। कुबाट थाक्सिन हटाइएपछि पनि सन् २००७ र सन् २०११ मा भएका चुनावमा उनकै दल विजयी भएबाट उनीहरूप्रति घृणा बढ्यो। थाक्सिनविरुद्ध कैयौँ आपराधिक मुद्दा दायर गरिए। ती आरोपबाट बच्न थाक्सिन देशबाहिर रहन थाले। सन् २०११ को चुनावमा उनको दल विजयी भएपछि बहिनी यिनलकको नेतृत्वमा सरकार बन्यो। यिनलकले आफ्नो कार्यकालमा थाक्सिनलाई दोषमुक्त गर्ने प्रयास गरेकी थिइन्। सेनाले यिनलकलाई सत्ताच्युत गर्ने एउटा कारण यो पनि थियो।

> सन् २००६ मा सेनाले 'कु' गरेर पेटोङ्टार्नका व्यापारी पिता थाक्सिन सिनावात्रालाई प्रधानमन्त्री पदबाट हटाएको थियो। त्यसको १० वर्ष नबित्दै पुनः सन् २०१४ मा पेटोङ्टार्नकी सानिमा यिनलक सिनावात्रालाई अदालतले पदच्युत गर्‍यो। अदालतले यिनलकलाई पदच्युत गरेको दुई हप्तापछि सेनाले सत्ता हातमा लिएको थियो।

सन् २०१४ मा सत्ता हातमा लिएपछि जुन्ताले नयाँ संविधान बनायो। संविधानका प्रावधान नै थाक्सिन र उनको दललाई सधैँका लागि सत्ताबाट बाहिर राख्ने गरी बनाइएको थियो। देशको उत्तर-पूर्वी भेगमा थाक्सिनको जनाधार रहेको क्षेत्रको सिट घटाउने गरी निर्वाचत क्षेत्र तथा प्रणाली बदलिएको थियो। तर, यस परिवर्तनले उनीहरूले नसोचेको नयाँ खतरा सिर्जना भयो। हाल पिपुल्स पार्टी भनेर चिनिने नयाँ उदारवादी दल झन् ठुलो रुढीवादीविरोधी शक्तिको रूपमा उदायो। सन् २०१९ मा १८ प्रतिशत जनमत पाएको दलले सन् २०२३ मा ३८ प्रतिशत मत प्राप्त गरेको थियो।

पिपुल्स पार्टीले एकाधिकारवादी व्यापारिक अभ्यास अन्त्य गरिनुपर्ने, सेनाको बजेट कटौती गर्नुपर्ने र राजतन्त्रको आलोचना गर्नेविरुद्धको कठोर कानुनमा सुधार हुनुपर्ने आह्वान गरेको छ। सन् २०२३ मा भएको पछिल्लो निर्वाचनमा पार्टीले तल्लो सदनमा सबैभन्दा धेरै सिट जितेको थियो। तर, सशस्त्र सेनाद्वारा मनोनीत थाइल्यान्डको निर्वाचित सिनेटले पार्टीलाई सरकार गठन गर्न रोक्यो। नयाँ उदारवादी शक्तिको उदयबाट स्तब्ध सेना समर्थक दलहरूले पहिले अकल्पनीय मानिएको काम गरे। सेना समर्थित दलले संसद्को दोस्रो ठुलो दल थाक्सिन नेतृत्वको फेउ थाईसँग मिलेर गठबन्धनमा सरकार बनाए।

यस गठबन्धन बनेपछि थाक्सिन स्वनिर्वासनबाट स्वदेश फर्किने बाटो खुल्यो। दरबार र सेनालाई थाक्सिन पुनः राजनीतिमा सक्रिय नहुने र शान्त जीवन बिताउनेछन् भन्ने भान पारिएको थियो। तर, भित्रभित्रै थाक्सिन थाई राजनीति र विदेश नीतिमा आफूलाई पुनः प्रभावशाली बनाउन व्यस्त थिए। यो कुरा खुलेपछि शताब्दीको सुरुवातदेखि उनीसँग लडिरहेको रुढीवादी संस्थापनले त्यसलाई पचाउन सकेन। त्यसैले अहिले पुनः एकपटक सिनावात्रा परिवारको प्रभावलाई मेटाउने प्रयास सुरु भएको छ। यसै शृंखलामा पेटोङ्टार्नलाई निलम्बन गरिएकै दिन थाक्सिनविरुद्ध राजतन्त्रको अपमान गरेको मुद्दा ब्युँताइयो। यदि संवैधानिक अदालतले पेटोङ्टार्नविरुद्ध फैसला सुनायो भने पेटोङ्टार्नको सरकार टिक्ने सम्भावना छैन।

त्यसोभए नयाँ अवस्थामा कसले शासन गर्नेछ ? धेरैको नजर व्यापारी अनुतिन चार्नविराकुलमाथि छ। उनी गत महिना सरकारबाट बाहिरिएको पार्टी भुमजैथाईको नेतृत्व गरिरहेछन्। अनुतिनले आफूलाई देशको सर्वोच्च पदमा गद्दिसीन गर्ने जोकोहीसँग काम गर्न सक्छन्। उनको पार्टीलाई तल्लो सदनमा बहुमत कायम राख्न थाक्सिन वा पिपुल्स पार्टीमध्ये एकको समर्थन चाहिन्छ।

पिपुल्स पार्टीका नेता नथाफोङ रुएङपान्यावुतले भने तत्काल चुनावको वाचा गर्ने व्यक्तिलाई प्रधानमन्त्रीका रूपमा समर्थन गर्ने बताएका छन्। तर, पिपुल्स पार्टीबाहेक सबै दल भने आगामी चुनावमा सिट घट्ला भनेर चिन्तित छन्। थाक्सिनको दलका एकथरी मतदाता विगतमा सत्ता गठनका लागि सेनासँग सम्झौता गरेकोमा रुष्ट छन्। उता रुढीवादी मतदाता भने सैन्य समर्थित दलहरूले थाक्सिनसँग सत्तासाझेदारी गरेकोमा क्रुद्ध छन्। यसबिच अर्को कुको चिन्ता बढेको छ। सेनासँग थाक्सिनको लोकप्रियतावादी दल वा नथाफोङ नेतृत्वको पिपुल्स पार्टीमध्ये एक छनोट गर्नेबाहेक अर्को विकल्प छैन। तर, उनी दुवै दलसँग सहकार्य गर्न अनिच्छुक छन्। एक दर्जनपटकको 'कु'ले पनि जनरलहरूलाई खुसी बनाउने राजनीतिक प्रणाली दिन सकेको छैन। त्यसैले उनीहरूहरूले फेरि अर्को विद्रोहका प्रयास नगर्लान् भन्ने निश्चित छैन।

- द इकोनोमिस्टबाट

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८२/०३/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरेपश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

टाँडी शाखा, चितवन

ऋणीको विवरण

१. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, वागमति प्रदेश, भरतपुर चितवनमा प्रा.फ.र.नं. १५०६/२०७७/२०७८ अन्तर्गत मिति २०७७/११/०६ मा दर्ता कायम भएको **टोटल स्प्रीट्स**
फर्म दर्ता ठेगाना : रत्ननगर न.पा. -१, चितवन
स्थायी लेखा नं. ६११९७७६०१ मिति २०७६/०५/३०
प्रोप्राइटरः बर्षा महर्जन
ना.प्र.नं. २८-०१-०६८-०४८३१, जारी मिति २०६८/०७/१४, जि.प्र.का. ललितपुर
बाबुको नाम : देवरव महर्जन
पतिको नाम : प्रदीप खनाल
ससुराको नाम : ऋषिराम खनाल
स्थायी ठेगाना : धापाखेल -१, ललितपुर
कर्जा शिर्षक : आवधिक तथा सवारी साधन कर्जा

२. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, वागमती प्रदेश, भरतपुर चितवनमा प्रा.फ.द.नं. २८३/०७४/०७५ अन्तर्गत मिति २०७४/०५/०२ मा दर्ता कायम भएको **श्री गोर्खा ट्रेड लिङ्क**
फर्म दर्ता ठेगाना : रत्ननगर न.पा. -२, चितवन
स्थायी लेखा नं. ६०६४२६३७२ मिति २०७४/०५/०२
प्रोप्राइटर : ऋषिराम खनाल
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

प्रदीप खनाल
ना.प्र.नं. ४४१००६/२३२,
जारी मिति २०६४/१०/०८
जि.प्र.का. गोरखा
बाबुको नाम : ऋषिराम खनाल
बाजेको नाम : होम नाथ खनाल
स्थायी ठेगाना : बुंकोट -४, गोरखा
हालको ठेगानाः रत्ननगर न.पा. -२, चितवन

इन्दिरा खनाल
ना.प्र.नं. ३००/४३२३०, जारी मिति २०५१/०९/१३, जि.प्र.का. गोरखा
बाबुको नाम : मित्रलाल कट्टेल
पतिको नाम : ऋषिराम खनाल
ससुराको नाम : होम नाथ खनाल
स्थायी ठेगाना : बुंकोट -४, गोरखा
हालको ठेगानाः रत्ननगर न.पा. -२, चितवन

ऋषिराम खनाल
ना.प्र.नं. ४०१, जारी मिति २०३२/११/१२
जि.प्र.का. गोरखा
बाबुको नाम : होमनाथ खनाल
बाजेको नाम : आम्नीकान्त
स्थायी ठेगाना : बुंकोट -४, गोरखा
हालको ठेगानाः रत्ननगर न.पा. -२, चितवन

धितोको विवरण (घर/जग्गाको विवरण)

१. आम्नीकान्तको नाति, होमनाथ खनालको छोरा ऋषिराम खनालको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेस्ता कायम रहेको
क. चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ५ ग स्थित कि.नं. ४७६ को क्षेत्रफल ०-०-१६.५-० विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ५ ग स्थित कि.नं. ४७५ को क्षेत्रफल ०-०-७.५-० विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ग. चितवन जिल्ला, पिठुवा गा.वि.स./न.पा. वडा नं. ७ ख स्थित कि.नं. ९४७ को क्षेत्रफल ०-३-०-० विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. मित्रलाल कट्टेलको छोरी, होम नाथ खनालको बुहारी, ऋषिराम खनालको पत्नी, इन्दिरा खनालको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स./न.पा. वडा नं. ७ ख स्थित कि.नं. ९४८ को क्षेत्रफल ०-३-०-० विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण (ऋणी टोटल स्प्रीट्सका लागि)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Tata Motors Xenon Yodha	प्रदेश ०३ ०१ ०२४ च ५९९०	२०२१	4SPCR10PZX627219	MAT464602MSR00049

नोटः यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

ऋणीको विवरण

१. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, भरतपुर, चितवनमा प्रा.फ.र.नं. ९२६/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/२६ मा दर्ता कायम भएको **सिदीसा इन्टरप्राइजेज**
फर्म दर्ता ठेगाना : राप्ती न.पा. -२, चितवन
स्थायी लेखा नं. १००२०७६२४, मिति २०७६/०५/२७
प्रोप्राइटर तथा जमानतकर्ता : चित्र बहादुर खत्री क्षेत्री
कर्जा शिर्षक : ओभरड्राफ्ट, फोर्स तथा सवारी साधन कर्जा

२. **चित्र बहादुर खत्री क्षेत्री**
ना.प्र.नं. २०३४,
जारी मिति २०४४/१२/२९
जि.प्र.का. चितवन
बाबुको नाम : मिन बहादुर खत्री क्षेत्री
बाजेको नाम : हर्क बहादुर खत्री क्षेत्री
स्थायी ठेगाना : चैनपुर -७, चितवन
हालको ठेगाना : खैरहनी न.पा. -२, चितवन
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

यमुना कुमारी खत्री
ना.प्र.नं. १२७३/०४६/४७
जारी मिति २०४६/०९/२०
जि.प्र.का. चितवन
बाबुको नाम : चन्द्र बहादुर खड्का
पतिको नाम : चित्र बहादुर खत्री क्षेत्री
ससुराको नाम : मिन बहादुर खत्री क्षेत्री
स्थायी ठेगाना : चैनपुर -७, चितवन
हालको ठेगाना : खैरहनी न.पा. -२, चितवन

विष्णु माया खत्री क्षेत्री
ना.प्र.नं. २२७९,
जारी मिति २०३६/११/१४
जि.प्र.का. चितवन
पतिको नाम : मिन बहादुर खत्री क्षेत्री
ससुराको नाम : हर्क बहादुर खत्री क्षेत्री
स्थायी ठेगाना : चैनपुर -८, चितवन
हालको ठेगाना : खैरहनी न.पा.-२, चितवन
(**ऋणी सिदीसा इन्टरप्राइजेजका लागि मात्र**)

धितोको विवरण (जग्गाको विवरण)

ऋणी सिदीसा इन्टरप्राइजेजका लागि मात्र धितो सुरक्षण रहेको
१. चन्द्र बहादुर खड्काको छोरी, मिन बहादुर खत्री क्षेत्रीको बुहारी, चित्र बहादुर खत्री क्षेत्रीको पत्नी, यमुना कुमारी खत्रीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको
क. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ३ ख (देवीथान मन्दिर नजिक) स्थित कि.नं. ७३० को क्षेत्रफल २७७६.७६ व. मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ८ ग (देवीथान मन्दिर नजिक) स्थित कि.नं. ३५५ को क्षेत्रफल ०-२-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. हर्क बहादुर खत्री क्षेत्रीको बुहारी, मिन बहादुर खत्री क्षेत्रीको पत्नी, विष्णु माया खत्री क्षेत्रीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको
क. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ८ ग (देवीथान मन्दिर नजिक) स्थित कि.नं. ५७१ को क्षेत्रफल ०-३-१५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ३ ख (देवीथान मन्दिर नजिक) स्थित कि.नं. २७५ को क्षेत्रफल ०-९-११-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ऋणी चित्र बहादुर खत्री क्षेत्रीका लागि मात्र धितो सुरक्षण रहेको
हर्ष बहादुरको नाति, मिन बहादुर क्षेत्रीको छोरा, चित्र बहादुर खत्रीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला चैनपुर गा.वि. स/न.पा. वडा नं. ३ ख (देवीथान मन्दिर नजिक) स्थित कि.नं. २६४ को क्षेत्रफल ०-६-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

भुमही शाखा, नवलपरासी

ऋणीको विवरण

द्वारिका नारायण चौधरी
ना.प्र.नं. २७८, जारी मितिः २०४५/०१/०९
जि.प्र.का. नवलपरासी
बाबुको नामः जंग बहादुर चौधरी
बाजेको नामः जितराम
स्थायी ठेगानाः सरावल -७, नवलपरासी
हालको ठेगानाः सरावल गा. पा. -४, नवलपरासी
कर्जा शिर्षकः आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

उषा देवी चौधरी
ना.प्र.नं. ३६३०६२/३००, जारी मिति २०६३/११/२२
जि.प्र.का. नवलपरासी
बाबुको नामः गिरधारी थारु
पतिको नामः द्वारिका नारायण चौधरी
ससुराको नामः जंग बहादुर चौधरी
स्थायी ठेगानाः सरावल -२, नवलपरासी
हालको ठेगानाः सरावल गा. पा. -४, नवलपरासी

धितोको विवरण (जग्गाको विवरण)

जितरामको नाति, जंग बहादुर चौधरीको छोरा, द्वारिका नारायण चौधरीको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प) जिल्ला, सरावल गा.वि.स./न.पा. वडा नं. ७ (सिद्धार्थ माध्यामिक विद्यालय, गोवरिया नजिक) स्थित कि.नं. १४ र १७ को क्षेत्रफल क्रमशः २१२.४५ र १०३.१२ व. मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सुर्खेत शाखा, सुर्खेत

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, बीरेन्द्र नगर, सुर्खेतमा प्रा.फ.र.नं. ५१८८/०७२/०७३ अन्तर्गत मिति २०७२/०६/०१ मा दर्ता कायम भएको **विचारी हार्डव्यर**
फर्म दर्ता ठेगाना : बीरेन्द्रनगर न.पा. -२१, सुर्खेत
स्थायी लेखा नं. ६०३६०६०८७ मिति २०७२/०६/१०
प्रोप्राइटर तथा जमानतकर्ता : भूपेन्द्र शाही
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

२. **भूपेन्द्र शाही**
ना.प्र.नं. ११०३७९/३१
जारी मिति २०६१/०४/१९
जि.प्र.का. दैलेख
बाबुको नाम : दानबहादुर शाही
बाजेको नाम : भक्तबहादुर शाही
स्थायी ठेगाना : वडाभैरव -१, दैलेख
हालको ठेगाना : बीरेन्द्रनगर न.पा. -१०, सुर्खेत
कर्जा शिर्षक : घर कर्जा

व्यक्तिगत जमानी दिनेको विवरण

लक्ष्मी कुमारी सिंह
ना.प्र.नं. ६३१०१६/१३९
जारी मिति २०६५/१२/२७
जि.प्र.का. दैलेख
बाबुको नाम : पदम बहादुर सिंह
पतिको नाम : भूपेन्द्र शाही
ससुराको नाम : दानबहादुर शाही
स्थायी ठेगाना : कट्टी -२, दैलेख
हालको ठेगाना : बीरेन्द्रनगर न.पा. -१०, सुर्खेत

धितोको विवरण (घर/जग्गाको विवरण)

१. रघुवीर सिंहको नातिनी, पदम बहादुर सिंहको छोरी, लक्ष्मी कुमारी सिंहको नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतमा दर्ता श्रेस्ता कायम रहेको
क. सुर्खेत जिल्ला लाटीकोइली गा.वि.स/न.पा. वडा नं. २ ख स्थित कि.नं. १२३६ र २४ को क्षेत्रफल क्रमश : २२०.१२ र ११.४० व. मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. सुर्खेत जिल्ला लाटीकोइली गा.वि.स/न.पा. वडा नं. १ ख स्थित कि.नं. १५७४ को क्षेत्रफल ०-०-५-२ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. भक्तबहादुर शाहीको नाति, दानबहादुर शाहीको छोरा, भूपेन्द्र शाहीको नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतमा दर्ता श्रेस्ता कायम रहेको सुर्खेत जिल्ला लाटीकोइली गा.वि.स/न.पा. वडा नं. २ ख स्थित कि.नं. १९१० को क्षेत्रफल ०-०-१२-२ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण

३. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १५०४९२/७२/०७३ अन्तर्गत मिति २०७३/०२/२४ मा दर्ता कायम भएको **आभाष मोटोकर्प प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : नेपालगंज उ.म.न.पा. -२६, बाँके
स्थायी लेखा नं. ६०४७७८६२० मिति २०७३/०३/०३
संचालकहरु : प्रकाश अधिकारी र रिता सापकोटा
कर्जा शिर्षक : अल्पकालिन, आयत तथा ओभरड्राफ्ट कर्जा

४. **रिता सापकोटा**
कर्जा शिर्षक : आवधिक कर्जा

५. **प्रकाश अधिकारी**
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

प्रकाश अधिकारी
ना.प्र.नं. १२/०५१-५२
जारी मिति २०५१/०६/१३
जि.प्र.का. सुर्खेत
बाबुको नाम : लक्ष्मी प्रसाद शर्मा
बाजेको नाम : भवानी प्रसाद शर्मा
स्थायी ठेगाना : चौराठा -९, दैलेख
हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -२६, बाँके

रिता सापकोटा
ना.प्र.नं. ४१८४२
जारी मिति २०५७/१०/१८
जि.प्र.का. सुर्खेत
बाबुको नाम : भिम प्रसाद सापकोटा
पतिको नाम : प्रकास अधिकारी
ससुराको नाम : लक्ष्मी प्रसाद शर्मा
स्थायी ठेगाना : जर्बुटा -१, सुर्खेत
हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -२६, बाँके

धितोको विवरण (घर/जग्गाको विवरण)

१. देव प्रसाद शर्माको नाति, लक्ष्मी प्रसाद शर्माको छोरा, प्रकाश अधिकारीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १० स्थित कि.नं. १३९ को क्षेत्रफल ०-५-०-१ रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. भवानी प्रसाद शर्माको नाति, लक्ष्मी प्रसाद शर्माको छोरा, प्रकाश अधिकारीको नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता श्रेस्ता कायम रहेको सुर्खेत जिल्ला बयलकाँडा गा.वि.स/न.पा. वडा नं. ४ क स्थित कि.नं. १०३२ को क्षेत्रफल ०-१-१८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकवोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरिक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२ साउन ४ गते (कार्यालय समय भित्र), बोलपत्र खोलिने मितिः २०८२ साउन ५ गते
समयः दिउँसो ३ बजे, स्थानः सम्बन्धित शाखा कार्यालयमा

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ३० असार ०८२

काठमाडौं महानगरको बजेट २५ अर्ब ७६ करोड

अरू ५ महानगरले समयमै बजेट ल्याए, आन्तरिक विवादका कारण काठमाडौंको बजेट आइतबार मात्रै सार्वजनिक



बजेट प्रस्तुत गर्दै उपमेयर सुनीता डंगोल



मेयर बालेन्द्र शाहले प्रस्तुत गरेको नीति कार्यक्रममा उद्यमशील केन्द्र स्थापना गर्ने, सार्वजनिक पुस्तकालय तथा खुला सिकाइ केन्द्र निर्माण गर्ने, बालबालिकालाई पोषणयुक्त आहारको व्यवस्था गर्ने, आधारभूत स्वास्थ्य सेवालाई थप व्यवस्थित गर्नेलगायतका कार्यक्रमलाई प्राथमिकता

राजस्वमा हेरफेर : डेन्टल क्लिनिकको कर बढ्यो, परामर्श सेवा दायरामा

महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि करको दरमा सामान्य हेरफेर गरेको छ। केही शीर्षकमा विगतमा लगाउँदै आएको कर कटौती, केही वृद्धि र केही नयाँ क्षेत्रमा कर लगाएको हो। महानगरपालिकाका राजस्व विभागका प्रमुख दीपक अधिकारीका अनुसार करका नयाँ क्षेत्रको खोजी गरिएको छ भने कतिपय क्षेत्रमा लगाउँदै आएको कर हटाइएको छ। कर वृद्धि गरिएको क्षेत्रमा डेन्टल क्लिनिक, डाइग्नोटिक सेन्टरलगायत हुन्। यसपटकदेखि अनलाइन व्यवसायसँग सम्बन्धित क्षेत्र, चस्मा पसललगायतलाई कर लगाउन थालिएको छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष ०८२/८३ का लागि २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार रुपैयाँको बजेट ल्याएको छ। विवादका कारण रोकिएको नीति तथा कार्यक्रम र बजेट आइतबार महानगरको १७औँ अधिवेशनमा पेस गरिएको हो। नीति तथा कार्यक्रम मेयर बालेन्द्र शाहले प्रस्तुत गरे भने उपमेयर सुनीता डंगोलले बजेट पेस गरिन्।

महानगरपालिकाले पेस गरेको बजेटका लागि सञ्चित कोषमा २५ अर्ब ११ करोड ४१ लाख ४१ हजार जम्मा हुने जनाएको छ। अपुग ६५ करोड रुपैयाँ बाह्य व्ययभारबाट जुटाउने उल्लेख छ। महानगरको आन्तरिक आय र बैंक मौज्दात गरी कुल २० अर्ब १२ करोड ६४ लाख रुपैयाँको स्रोत व्यवस्थापन हुने अनुमान गरेको छ।

त्यस्तै, प्रदेश सरकारबाट ससर्त, समानीकरण अनुदान तथा राजस्व बाँडफाँटबाट चार अर्ब ९८ करोड ७९ लाख ४१ हजार रुपैयाँको स्रोत सुनिश्चित गरेको छ। नीति तथा कार्यक्रममा प्रस्तुत गर्दै मेयर बालेन्द्र शाहले आगामी आर्थिक वर्षमा उद्यमशील केन्द्र स्थापना गर्ने, सार्वजनिक पुस्तकालय तथा खुला सिकाइ केन्द्र निर्माण गर्ने, बालबालिकालाई पोषणयुक्त आहारको व्यवस्था गर्ने, आधारभूत स्वास्थ्य सेवालाई थप व्यवस्थित गर्नेलगायतका कार्यक्रम पेस गरेका थिए।

पूर्वाधार र आर्थिक-सामाजिक क्षेत्रमा धेरै बजेट विनियोजन गरिएको छ। पूर्वाधार विकासतर्फ ५१ प्रतिशत (१२ अर्ब ८० करोड ८३ लाख १४ हजार), आर्थिक विकासमा ७५ करोड ३४ लाख ३० हजार, सामाजिक विकासमा २० प्रतिशत (पाँच अर्ब दुई करोड २८ लाख ६८ हजार), सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ १२ प्रतिशत (तीन अर्ब एक करोड ३७ लाख २१ हजार) र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ १४ प्रतिशत (तीन अर्ब ५१ करोड ६० लाख आठ हजार) रुपैयाँ बजेट विनियोजन गरिएको छ।

पूर्वाधार विकाससँगै फोहोरमैला व्यवस्थापन, विद्यालय शिक्षा प्रणाली सुधार, सुशासन प्रवर्द्धन, सहरी स्वास्थ्य, एक वडा एक उद्यमशीलतालगायत कार्यक्रमलाई प्राथमिकतामा राखिएको उपमेयर डंगोलले बताइन्।

■ विद्युत् नियमन आयोगको योजना तथा कार्यक्रम सार्वजनिक

जलविद्युत् आयोजनाको वास्तविक लागत यकिन गर्ने विधि अध्ययन हुने

प्रतिमेगावाट विद्युत् उत्पादन लागत २० करोड लाग्ने अनुमान छ, तर प्रस्ट तथ्यांक छैन, निजी क्षेत्र र सरकारले उत्पादन गर्ने बिजुलीको लागतसमेत फरक पर्ने गरेकाले भरपर्दो तथ्यांक जुटाउन खोजेको आयोगको भनाइ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् नियमन आयोगले आइतबार आगामी आर्थिक वर्ष ०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम ल्याउँदै जलविद्युत् आयोजनाहरूको वास्तविक उत्पादन लागत निर्धारणसम्बन्धी अध्ययन गर्ने नीति ल्याएको छ।

जलविद्युत् आयोजनाको वास्तविक लागत कति हुन्छ भन्ने विषयमा द्विविधा रहेकाले यकिन तथ्यांक निकाल्ने आधार तयार गर्न आयोगले अग्रसरता लिन लागेको हो। हाल प्रतिमेगावाट लागत २० करोड रुपैयाँ हाराहारी भएको अनुमान छ। तर, निजी क्षेत्रका आयोजनाको लागत कम र सरकारी आयोजनाको लागत उच्च भएको देखिने गरेको छ। त्यसैले आयोगले 'कस्ट बेन्च मार्किङ' निर्धारण गर्ने भएको हो।

'जलविद्युत् आयोजनाहरूको विद्युत् खरिद-बिक्रीको दर निर्धारण सम्बन्धमा उपयुक्त रणनीति तय गर्न उद्देश्यले आयोजनाहरूको लागत निर्धारणसम्बन्धी अध्ययन गरिनेछ,' आयोगको योजना तथा कार्यक्रममा उल्लेख छ।

आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले जलविद्युत् आयोजनाको वास्तविक लागत निर्धारण गर्न खोजिएको बताए। मुख्य नदीहरू, त्यहाँको भौगोलिक अवस्था, पूर्वाधारको सुविधालगायतका आधारमा लागत निर्धारण गरिने उनले बताए।

आयोगले विदेशी, सरकारी र निजी लगानीका आयोजनासँग गरिने विद्युत् खरिद-बिक्री सम्झौताका सर्तहरूमा पनि एकरूपता ल्याउने नीति ल्याएको छ। 'आयोगद्वारा हाल प्रयोगमा रहेका विद्युत् खरिद-बिक्री सम्झौतासम्बन्धी ढाँचाहरूको प्रणालीगत आवश्यकता तथा लगानीकर्ताको व्यावहारिक जटिलतालाई मध्यनजर गर्दै समसामयिक आवश्यकताअनुसार पुनरावलोकन गरिनेछ। आगामी आवमा पिपिएको संरचना, जोखिम बाँडफाँट, मूल्य निर्धारणका आधारहरू तथा समयावधिलगायतका प्रावधानहरू अध्ययन गरी आवश्यक संशोधन प्रस्ताव गर्न सकिने व्यवस्था गरिनेछ,' आयोगको योजना तथा कार्यक्रममा भनिएको छ।

अध्यक्ष डा. धितालले पिपिएका सर्तहरूमा एकरूपता ल्याउन खोजेको बताए। 'अहिले विदेशी लगानीका आयोजना, सरकारी लगानीका आयोजना र निजी लगानीका आयोजनासँग गरिने पिपिएमा फरक-फरक सर्त छन्। अबका दिनमा त्यसमा एकरूपता ल्याउन खोजेका छौं,' उनले बताए।





कुन क्षेत्र कति मूल्यमा परियोजना बनाउन सकिन्छ भनेर एउटा खाका देखाइदिनेछौं

● **डा. रामप्रसाद धिताल**, अध्यक्ष, आयोग

नेपालमा भएका मेची, बागमती, कोशी, कालीगण्डकी, त्रिशूली, कर्णाली, सेती, महाकालीजस्ता मुख्य नदी क्षेत्रमा भएको पूर्वाधारको सुविधा, भौगोलिक अवस्थासहित बाँधदेखि पावरहाउससम्मको लम्बाइ, हेडवर्क्सको उचाइ, पानीको बहाव र उपकरणको दक्षताका आधारमा कुन क्षेत्र कति मूल्यमा परियोजना बनाउन सकिन्छ भनेर एउटा खाका देखाइदिनेछौं। हामीले कुन क्षेत्रमा कति लागतमा परियोजना बनाउन सकिन्छ भनेर रेन्ज देखाइदिने मात्रै हो।

बिजुलीको होलसेल एक्सचेन्ज मार्केट स्थापनाबारे अध्ययन गरिने

थोक विद्युत् बजारका सम्भावित मोडेलहरू पहिचान गर्ने योजना

आयोगले विद्युत्को होलसेल बजार सम्बन्धमा सम्भाव्यता अध्ययन पनि गर्ने भएको छ। 'नेपालको विकासशील विद्युत् क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउने, निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्ने तथा दीर्घकालीन आपूर्ति सुनिश्चित गर्न थोक विद्युत् बजारको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ। आगामी आवमा नेपालमा थोक विद्युत् बजार विकासको सम्भाव्यता, कानुनी तथा संस्थागत पूर्वाधार, प्रविधिगत आवश्यकता, थोक विद्युत् बजारका सम्भावित मोडेलहरू र चरणबद्ध कार्यान्वयन सम्बन्धमा अध्ययन तथा मूल्यांकन गरिनेछ,' आयोगको योजना तथा कार्यक्रममा उल्लेख छ।

स्टोरेज आयोजनालाई प्रोत्साहन हुने पिपिए दर

आयोगले जलाशय तथा भण्डारणयुक्त आयोजनाको महसुल दरसम्बन्धी अध्ययन तथा निर्धारण गर्ने नीति पनि ल्याएको छ। 'आगामी आर्थिक वर्षमा यस्ता परियोजनाका लागि उचित, पारदर्शी र प्रवर्द्धनमैत्री महसुल दर निर्धारण गर्न आवश्यक प्राविधिक, आर्थिक तथा नियामकीय अध्ययन अघि बढाइनेछ,' योजना तथा कार्यक्रममा भनिएको छ।

विद्युत् कटौतीका लागि बलियो आधार बनाइँदै

आयोगले उपभोक्ताको विद्युत् कटौती गर्नका लागि उचित अवस्था र आधार तोक्ने नीति पनि ल्याएको छ। 'उपभोक्ताको सेवा सुरक्षालाई मध्यनजर गर्दै विद्युत् सेवाप्रदायकले सेवा बन्द वा कटौती गर्न सक्ने अवस्था तथा आधारहरू स्पष्ट रूपमा निर्धारण गरिनेछ,' आयोग भन्छ।

प्रसारणलाइन भाडामा लगाउन शुल्क तोकिने

प्रसारणलाइन भाडामा लगाउन प्रसारण तथा ह्विलिङ दस्तुर निर्धारण गर्ने नीति लिइएको छ। खुला पहुँच प्रणालीको कार्यान्वयन, थोक विद्युत्को कारोबार तथा ऊर्जा क्षेत्रमा लगानी प्रोत्साहन गर्न विद्युत् प्रसारण प्रणालीको प्रयोगबापत लाग्ने प्रसारण दस्तुर र ह्विलिङ दस्तुरको उचित, पारदर्शी र लागत-आधारित संरचना निर्धारण गर्नुपर्ने आवश्यकता छ।

विद्युत् उपभोक्ताको गुनासो सम्बोधन गर्न तीन तहको संयन्त्र विकास गरिने

विद्युत् उपभोक्ताको गुनासो सम्बोधन गर्न तीन तहको संयन्त्र विकास गर्ने नीति पनि लिएको छ। 'पहिलो तहमा, उपभोक्ताका गुनासाहरू पहिलो सम्पर्क विन्दुका रूपमा विद्युत् सेवाप्रदायकले कार्य गरिने र दोस्रो तहमा, सेवाप्रदायकबाट सन्तोषजनक समाधान खोजिने भएको छ।

जग्गा विवादमा आयल निगमको पक्षमा फैसला

स्थानीय दुई व्यक्तिले निगमको जग्गामा हकदाबी माग गर्दै जिल्ला अदालत झापामा डेढ वर्षअघि दायर गरेका थिए मुद्दा

अजित अधिकारी/नयाँ पत्रिका

झापाको मेचीनगर- १३ स्थित २३ बिघा तीन कट्ठा १३ धुर जग्गामा परेको मुद्दा आयल निगमले जितेको छ। डेढ वर्षअघि जग्गाको वरिपरि तारबार गरेर संरक्षण गर्ने क्रममा स्थानीय छत्रबहादुर र उनकी बहिनी रीता कार्कीले आफूहरूको दुई बिघा जग्गा निगमले हडपेको दाबी गर्दै जिल्ला अदालत, झापामा ०८ चैतमा 'जग्गा खिचलो' मुद्दा दायर गरेका थिए।

उक्त मुद्दा दायर भएको करिब डेड वर्षपछि जिल्ला न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले आइतबार अन्तिम आदेश जारी गर्दै छत्रबहादुर र रीता कार्कीको माग दाबी नपुग्ने फैसला गरेको हो। आय निगमका उपप्रबन्धक (कानुन) डिल्लीप्रसाद अधिकारीका अनुसार अदालतको आदेशमा वादीहरूले बिक्री गरेको जग्गा कहाँनेर छ भनेर यकिन गर्न नसकेको र अदालतको आदेशमा नापी कार्यालयबाट भएको नापजाँच पनि तारबार गरिएकोमध्येबाट निगम स्वामित्को भन्दा बढी जग्गा नभेटिएको उल्लेख छ।

'मुद्दा दायर गर्ने स्थानीय छत्रबहादुर र रीता कार्कीले निगम स्वामित्वको जग्गाको प्लटभित्र आफ्नो जग्गा भएको स्थान यकिन गर्न नसकेको र उनीहरूले दाबी गरेको जग्गा कसले भोगचलन गरेको हो भन्नेबारे आफैंले



जिम्मेवारी लिनुपर्ने विषय पनि फैसलामा उल्लेख छ,' अधिवक्तासमेत रहेका अधिकारीले भने। उनले निगमका तर्फबाट समेत अदालतमा बहस गरेका थिए।

कार्की दाजुबहिनीले निगमलाई सात वर्षअघि उक्त स्थानको जग्गा बिक्री गरेका थिए। तर, दुई बिघा जग्गामा उनीहरूले स्वामित्व दाबी गर्दै मुद्दा दायर गरेपछि अदालतले विवादित बनेको कित्ता नम्बर १४० को एक बिघा १० कट्ठा र कित्ता नम्बर १२६६ को १९ कट्ठामध्ये ७ कट्ठासहित सम्पूर्ण जग्गाको नापजाँच गर्न अदालतले आदेश दिएको थियो।

त्यसपछि जिल्ला अदालतको रोहबरमा नापी कार्यालय, झापाका अधिकृतले डिजिटल प्रविधिको उपयोग गरेर नापजाँचको प्रतिवेदन दिएका थिए। उक्त प्रतिवेदनमा निगमले तारबार गरेको जग्गामा अन्यको स्वामित्व नदेखिएको उल्लेख थियो। सोही प्रतिवेदनका आधारमा अदालतले निगमका पक्षमा फैसला दिएको थियो।उक्त फैसलापछि तारबार गरी संरक्षण गरेको जग्गा निगम स्वामित्वमा आएको छ। उक्त जग्गामा इन्डियन आयल कर्पोरेसन (आइओसी)ले पेट्रोलियम भण्डारणगृह बनाइदिने र भारतको सिलगुडीदेखि पाइपलाइनसमेत बिछ्याएर ल्याइदिने सम्झौता भइसकेको छ। परियोजना निर्माणका लागि आइओसीले डिपिआरसमेत अन्तिम चरणमा पुऱ्याइसकेको निगमले जनाएको छ।

अब सरकारी भुक्तानी विद्युतीय प्रणालीमार्फत मात्रै

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटमार्फत 'सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा अनिवार्य गरेका हुन्



काठमाडौं/ सार्वजनिक निकायबाट हुने सबै प्रकारका भुक्तानीलाई अनिवार्य रूपमा विद्युतीय प्रणालीमार्फत गरिने भएको छ। यसका लागि आवश्यक व्यवस्था गर्न भन्दै अर्थ मन्त्रालयले सार्वजनिक निकायहरूलाई परिपत्र गरेको हो।

अर्थ मन्त्रालयले १ साउनदेखि सार्वजनिक निकायबाट हुने सबै प्रकारका भुक्तानीलाई अनिवार्य रूपमा विद्युतीय प्रणालीमार्फत गर्ने व्यवस्था मिलाउन सबै मन्त्रालय, नेपाल राष्ट्र बैंक, सार्वजनिक संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरूलाई परिपत्र गरेको हो।

आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार परिपत्र जारी गरेको अर्थ मन्त्रालयले जनाएको छ। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी बजेटमा 'सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गरिने' घोषणा गरेका छन्। सोही घोषणा कार्यान्वयनका लागि अर्थले सरकारी निकायलाई परिपत्र गरेको हो।

'नेपाल सरकारले आव ०८२/८३ को बजेट वक्तव्यमार्फत सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने नीतिगत व्यवस्था गरेको व्यहोरा विदितै छ,' परिपत्रमा उल्लेख छ, 'सोहीबमोजिम आगामी १ साउनदेखि हुने सबै प्रकारका भुक्तानीलाई अनिवार्य रूपमा विद्युतीय प्रणालीमार्फत गर्ने व्यवस्था गर्नु-गराउनुहुन अनुरोध छ।'

असार सकिन लाग्दा ५९ प्रतिशत रोपाइँ

धेरै धान उत्पादन हुने कोशी र मधेशमा रोपाइँको दर न्यून, धेरै जमिनमा रोपाइँ हुने प्रदेशमा लुम्बिनी अगाडि

■ आइतबार सांसदहरूले गरे खबरदारी

● **रामकृष्ण यादव**, सांसद



तराईको अवस्था हृदयविदारक छ। पानीको हाहाकार भएर किसानले धान रोप्न पाएका छैनन्। खेत बाँझै छ। रोपाइँका लागि ठिक पारेको जमिन पनि सुकिसकेको छ। तराईमा अहिले नहर पनि छैन। रोपेको धानखेतमा पनि पानी सुकिसकेको छ।

● **नागिना यादव**, सांसद



मधेश प्रदेशमा अहिले ठुलो खडेरी र सुक्खा भएको अवस्था छ। किसानले खेती गर्न पाएका छैनन्। खेती गर्न किसानलाई मल र जल दुवैको आवशयकता पर्छ। दुवै कुराको अभाव छ। ६२ प्रतिशत किसान र कृषिप्रधान अर्थतन्त्र भएको देशमा यस्तो अवस्था हुनु राम्रो भएन।



नयाँ पत्रिका

असार सकिन लाग्दा देशभर ५९ प्रतिशत मात्र रोपाइँ सकिएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। तुलनात्मक रूपमा कम वर्षा भएकाले मधेशमा धेरै रोपाइँ सकिएको छ भने सुदूरपश्चिममा रोपाइँ सकिन लागेको छ।

कृषि मन्त्रालयका अनुसार कोशीमा ४१.३२ प्रतिशत, मधेशमा ३३.७८ प्रतिशत, बागमतीमा ७६.३१ प्रतिशत, गण्डकीमा ६६.९९ प्रतिशत, लुम्बिनीमा ७३.६८ प्रतिशत, कर्णालीमा ८३.२९ प्रतिशत र सुदूरपश्चिममा ९३.१ प्रतिशत रोपाइँ सकिएको छ। सुदूरपश्चिममा जेठ दोस्रो साताबाटै रोपाइँ थालिने भएकाले छिट्टै सकिन लागेको हो।

मन्त्रालयका अनुसार धान खेती हुने क्षेत्रफलमध्ये कोशीमा एक लाख १४ हजार दुई सय ११ हेक्टर र मधेशमा एक लाख २५ हजार आठ सय ८८ हेक्टरमा रोपाइँ सकिएको छ।

त्यस्तै, बागमतीमा ९१ हजार नौ सय ८३ हेक्टर, गण्डकीमा ६३ हजार ९१ हेक्टर, लुम्बिनीमा दुई लाख २३ हजार दुई सय १२ हेक्टर, कर्णालीमा ३४ हजार २५ हेक्टर र सुदूरपश्चिममा एक लाख ६३ हजार नौ सय ९३ हेक्टरमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ।

यो वर्ष १३ लाख ८३ हजार सात सय ३२ हेक्टरमा रोपाइँ हुने अनुमान छ। यसमध्ये आठ लाख १६ हजार चार सय पाँच हेक्टरमा रोपाइँ सकिएको छ।

बागमतीमा पोहोरको भन्दा धेरै

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमतीमा ७६.३१ प्रतिशत रोपाइँ भएको छ। गत वर्षको यही अवधिमा बागमतीमा ७०.६ प्रतिशत रोपाइँ भएको कृषि विकास निर्देशनालयले जनाएको छ।

निर्देशनालयका निर्देशक सुधीर श्रेष्ठका अनुसार प्रदेशका अधिकांश धान रोपाइँ हुने स्थानमा यस वर्ष समयमै पानी पर्न सुरु गरेकाले विगतभन्दा राम्रो धान रोपाइँ भइरहेको छ। निर्देशक श्रेष्ठले काठमाडौं, भक्तपुर र ललितपुरमा रोपाइँ सकिएको जानकारी दिए।

काठमाडौंमा पाँच हजार नौ सय २४ हेक्टर, ललितपुरमा चार हजार एक सय ६३ हेक्टर र भक्तपुरमा दुई हजार ६ सय ९९ हेक्टर धान खेती हुने क्षेत्रफल रहेको र सबै ठाउँमा रोपाइँ सकिएको उनले बताए।

सबैभन्दा कम रोपाइँ धादिङमा भएको छ। यहाँ ४० प्रतिशत मात्रै रोपाइँ भएको निर्देशक श्रेष्ठले जानकारी दिए। धादिङमा ११ हजार एक सय ५९ हेक्टर क्षेत्रफलमा धान रोप्ने गरिए पनि आइतबारसम्म चार हजार चार सय ६४ हेक्टरमा मात्रै रोपाइँ भएको छ। त्यस्तै, मकवानपुरमा सात हजार ६७ हेक्टर जमिनमध्ये ५९.३ प्रतिशत, चितवनमा २७ हजार दुई सय ०७ हेक्टरमध्ये ८०.३ प्रतिशत र नुवाकोटमा १६ हजार चार सय ९८ हेक्टरमध्ये ९६ प्रतिशतमा रोपाइँ सकिएको छ।

सिन्धुपाल्चोकमा आठ हजार सात सय ८२ हेक्टरमध्ये ६७.२ प्रतिशत, दोलखामा दुई हजार आठ सय १४ हेक्टरमध्ये ९२ प्रतिशत, सिन्धुलीमा ११ हजार चार सय ४५ हेक्टरमध्ये ६३.७ प्रतिशत र रामेछापमा सात हजार आठ सय ५९ हेक्टरमध्ये ८३ प्रतिशत रोपाइँ भएको निर्देशनालयले जनाएको छ।

त्यसैगरी १० हजार दुई सय १० हेक्टर धान रोपाइँ हुने क्षेत्रफल रहेको काभ्रेमा ७६.१४ प्रतिशत र रसुवामा दुई हजार सात सय १८ हेक्टरमध्ये ३७.७० प्रतिशत धान रोपाइँ भएको छ।

मौद्रिक नीतिलाई निजी क्षेत्रको स्वागत

अर्थतन्त्र चलायमान हुने विश्वास

नयाँ पत्रिका

निजी क्षेत्रका विभिन्न संगठनहरूले आगामी आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीति स्वागतयोग्य भएको बताएका छन्। नेपाल राष्ट्र बैंकले गत शुक्रबार आगामी आवको मौद्रिक नीति सार्वजनिक गरेको थियो। त्यसपछि नेपाल उद्योग परिसंघ (सिएनआई), बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन), नेपाल समुद्रपार निकासी-पैठारी संघ, नेपाल चेम्बर अफ कमर्स र उद्योग संगठन मोरङले आइतबार विज्ञप्ति जारी गर्दै सकारात्मक प्रतिक्रिया दिएका छन्। पछिल्लो समय सुस्त जस्तै रहेको अर्थतन्त्र चलायमान हुने विश्वास उनीहरूको छ।

सिएनआईले मौद्रिक नीतिले आर्थिक गतिविधि बढाउन सहयोग पुग्ने बताएको छ। चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई उद्योग-व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा परिमार्जन गर्ने घोषणा सकारात्मक भएको सिएनआइको भनाइ छ।

यस्तै, बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) दिगो, दर्बिलो र वास्तविक अर्थतन्त्रको निर्माणका लागि मौद्रिक नीतिले स्पष्ट मार्गचित्र कोरेको बताएको छ। बैंक तथा वित्तीय संस्थाहरूले पुँजी कोषमा दबाब झेलिरहनुपरेको विद्यमान अवस्थामा कर्जा लगानी क्षमता बढाउने, कर्जा व्यवस्थापनलाई सहज बनाउने र पुँजी कोष सुदृढ बनाई वित्तीय स्थायित्व कायम गर्ने कार्यलाई प्राथमिकता राख्नु र बैंकदर तथा नीतिगत दर घटाइनुले कर्जा विस्तारमा सहजता ल्याउने सिबिफिनको भनाइ छ।

यस्तै, नेपाल समुद्रपार निकासी-पैठारी संघले ब्याजदर घटाउने, कर्जा प्रवाह बढाउने र खराब कर्जाका कारण तनावमा रहेका बैंकहरूलाई राहत दिने उद्देश्यले मौद्रिक नीतिमा राखिएका लचिला प्रावधानले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताएको छ।

नेपाल चेम्बर अफ कमर्सले मौद्रिक नीति सकारात्मक र वित्तीय सहजीकरण गर्ने गरी आएको बताएको छ। आगामी आर्थिक वर्षको मौद्रिक नीतिले आर्थिक पुनर्उत्थान एवं सहज कर्जा प्रवाहमार्फत वित्तीय क्षेत्र चलायमान हुने चेम्बरले उल्लेख गरेको छ। आगामी वर्षका लागि निजी क्षेत्रमा प्रवाह हुने कर्जा १२ प्रतिशत विस्तार गर्न सकिए हालको अधिक तरलता समस्या समाधान हुन सक्ने चेम्बरको भनाइ छ।

यस्तै, उद्योग संगठन मोरङले बजार चलायमान हुन नसकिरहेको वर्तमान अवस्थामा समयमै मौद्रिक नीति सार्वजनिक गर्नु र त्यसमा बजेटसँग मौद्रिक नीतिसँग तादात्म्यता देखिनु सकारात्मक पक्ष भएको बताएको छ।

संगठनका अध्यक्ष नन्दकिशोर राठीले अर्थतन्त्रमा शिथिलता छाएको अवस्थामा बजारलाई तत्काल चलायमान बनाउने उद्देश्यका साथ रियल इस्टेट र सेयर कर्जामा अपनाएको लचिलोपनाले समग्र अर्थतन्त्रलाई चलायमान बनाउने अपेक्षा लिएको बताए। घर निर्माण र खरिद गर्न प्रवाह गरिने कर्जाको सीमा बढाउनु, जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म-कम्पनीलाई प्रवाहित कर्जाका लागि पुनर्संरचना र पुनर्तालिकीकरण गर्ने व्यवस्था सकारात्मक भएको उनले बताए।

महालक्ष्मी विकास बैंकको स्वतन्त्र सञ्चालकमा ठाकुर



काठमाडौं/ महालक्ष्मी विकास बैंकको स्वतन्त्र सञ्चालकमा अश्विनीकुमार ठाकुर नियुक्त भएका छन् । २० असारमा बसेको बैंकको सञ्चालक समितिको बैठकले ठाकुरलाई स्वतन्त्र सञ्चालकमा नियुक्त गरेको हो । उनले आइतबार बैंकको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमबिच पदबहाली गरेका छन् । ठाकुरको विगतको अनुभवले समग्र संस्थागत सुशासन अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास बैंकले लिएको छ ।

ठाकुरसँग नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक, राष्ट्रिय जीवन बिमा कम्पनी (साबिक राष्ट्रिय बिमा संस्थान)को प्रमुख कार्यकारी अधिकृत तथा मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक, हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी, अपर तामाकोशी हाइड्रोपावर, नेसनल बैंकिङ इन्स्टिच्युटलगायतका संगठित संस्थाहरूको बोर्ड सदस्यको जिम्मेवारीमा रही काम गरेको अनुभव छ ।

सांग्रिला डेभलपमेन्ट बैंकद्वारा विद्यार्थीलाई स्टेसनरी सामग्री वितरण



काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले विपन्न समुदायका विद्यार्थीलाई स्टेसनरी सामग्री वितरण गरेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत बैंकले काठमाडौंको गुह्येश्वरीस्थित बाल सारथी एकेडेमीका विद्यार्थीलाई कापी, पेन्सिललगायत स्टेसनरी सामग्री वितरण गरेको हो । एकेडेमीमा आयोजित कार्यक्रममा बैंकका मार्केटिङ विभाग प्रमुख अर्पणा बज्राचार्यले विद्यार्थीलाई स्टेसनरी सामग्री प्रदान गरिन् ।

आर्थिक रूपमा विपन्न तथा परिवारबाट टाढा रहेका बालबालिकालाई अध्ययन-अध्यापन गराइरहेको एकेडेमीका अध्यक्ष डा. माला खरेलले जानकारी दिइन् ।

शिवम् सिमेन्टको सन्देशमूलक भिडियो 'नो कम्प्रमाइज' सार्वजनिक

काठमाडौं/ शिवम् सिमेन्टले आफ्नो ब्रान्ड क्याम्पेन 'क्वालिटीको मामलामा नो कम्प्रमाइज'अन्तर्गतको दोस्रो भिडियो सार्वजनिक गरेको छ । भिडियोमा घरबेटी र भाडावालबिचको सम्झौतामा आधारित कथामार्फत 'सतर्कताका मामलामा नो कम्प्रमाइज' भन्ने सन्देश दिन खोजिएको छ । यो भिडियोले विश्वासपात्रबाट हुन सक्ने धोका, छलकपटबारे सचेत गराउँदै, सामान्य जीवनका निर्णयहरूमा पनि विवेक र सतर्कता आवश्यक हुन्छ भन्ने कुरामा जोड दिएको छ ।



यसअघि क्याम्पेनको पहिलो चरणमा एक कर्तव्यनिष्ठ ट्राफिक प्रहरीको जीवनमार्फत 'कर्तव्यको मामलामा नो कम्प्रमाइज' नामक सामाजिक सन्देशमूलक प्रचार भिडियो सामग्री प्रस्तुत गरिएको थियो । यो भिडियोले समाजमा कर्तव्यबोध र उत्तरदायित्वप्रतिको चेतना फैलाउने उद्देश्य राखेको थियो । यो अभियान केवल विज्ञापन मात्र नभएर समाजप्रतिको उत्तरदायित्व र जनचेतना अभिवृद्धिमा केन्द्रित रहेको कम्पनीले जनाएको छ । 'नो कम्प्रमाइज भन्न जति सजिलो छ, त्यति नै व्यवहारमा पूरा गर्न गाह्रो छ । तर जसले पूरा गर्छ, उसको शिर सधैं ठाडो हुन्छ,' भन्ने सन्देशमार्फत, शिवम् सिमेन्टले आफ्नो गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने नीति झनै मजबुत रूपमा प्रस्तुत गरेको बताइएको छ । कम्पनीले स्थापनाकालदेखि केवल ओपिसी सिमेन्ट उत्पादन तथा बिक्री गर्दै आएको छ ।

सिटी एक्सप्रेसले गऱ्यो रक्तदान



काठमाडौं/ सिटी एक्सप्रेस मनी ट्रान्सफर २७ असारदेखि स्थापनाको १८औँ वर्ष पार गरी १९औँ वर्षमा प्रवेश गरेको छ । यही अवसरमा कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा खुला रक्तदान कार्यक्रम गरेको हो । त्यसैगरी कम्पनीले वर्षका उत्कृष्ट कर्मचारीलाई पुरस्कृत पनि गरेको थियो । कार्यक्रममा सिटी एक्सप्रेसका ब्रान्ड एम्बासडर तथा चर्चित हास्यकलाकार जितु नेपालको पनि उपस्थिति रहेको थियो ।


सिटी एक्सप्रेसले १८ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । हालै मात्रै कम्पनीले सिटी पे वालेटमार्फत अनलाइन भुक्तानी सेवासमेत सुरु गरेको छ ।

एनसिएचएल र गुह्येश्वरी मर्चेन्टबिच सम्झौता

काठमाडौं/ गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेमा आबद्ध हुनेबारे सम्झौता भएको छ । सम्झौतापत्रमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तोयराज अधिकारी र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् ।

एनसिएचएलले बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो । त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन् । पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् गुह्येश्वरी मर्चेन्टका ग्राहकले कार्ड इस्यु गर्न सक्नेछन् ।

एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिन लागेको हो ।



China International Water and Electric Corporation
बालुवाटार, काठमाडौं
सम्पर्क नं : ९८५११५४२२३, ईमेल : cwenepal@info.com.np

लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/३/३०

यस China International Water and Electric Corporation को तपसिल बमोजिमको विवरण रहेका इलेक्ट्रोनिकल सामान तथा चार पांग्रे सवारी साधनहरू जहा जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले इच्छुक व्यक्ती/कम्पनी/फर्म/संघ/संस्था तथा सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने सवारी साधन लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्रको आव्हान गरिएको छ । शिलबन्दी बोलपत्र सम्बन्धी विस्तृत जानकारी तथा शर्तहरू बोलपत्र फारम र कम्पनीको वेवसाईटमा उल्लेख गरिएको छ ।

तपशिल

SN.	Particular	Model Number	Serial Number	Remarks
1	Generator	KDE20SS	0739010415	
2	Double-Cab Pickup	Navara Double Cab 4wd Pickup		
3	Double-Cab Pickup	Navara Double Can 4wd Pickup		
4	Double-Cab Pickup	Navara Double Can 4wd Pickup		
5	Rebar Bending Machine	BB40		
6	Air Compressor	HD130-3H		
7	Air Compressor	XA187	ALUW04CT	
8	Transformer	930D		
9	Pickup	Nissan Navara Double Cab Luxury(LE)	YD25.406560T	
10	Pickup	Nissan Pickup D/CAD 2WD 3154CC Diesel. RHD	QD32-311696	
11	Pickup	Nissan Pickup D/CAD 2WD 3155CC Diesel. RHD	QD32-311856	
12	Eicher Tipper	Eicher 10.95ECBC Tipper		
13	Eicher Tipper	Eicher 10.95ECBC Tipper		
14	Drum Truk Body	Eicher 10.95ECBC Tipper		
15	Mini Excavator JCB	HR3DXSUP0 1496056	1041634616	
16	Loader			

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	**१) ऋणी फर्म: दिप्ती गाल्ला भण्डार**, प्रोप्राईटर तथा जमानीकर्ता: सिता कुमारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवा, प्रा.फ.नं. ९३१७/०७७/०७८, दर्ता मिति २०७७/०७/०३, ठेगाना: जिल्ला सर्लाही, गोडैता न.पा. वडा नं. २	
	धितोको विवरण	
	१) रामएकवाल महतोकी छोरी, बद्री महतो कोइरीकी बुहारी, शत्रुधन महतोकी पत्नी, सर्लाही जिल्ला, बेल्बाजबदी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३ मा बस्ने सिता कुमारीको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ६ (हाल चन्द्रनगर गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १४४ को क्षेत्रफल ०-९-१० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) रामएकवाल महतोकी छोरी, बदरी महतो कोइरीकी बुहारी, शत्रुधन महतोकी पत्नी, सर्लाही जिल्ला, बेल्बाजबदी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३ बस्ने सिता कुमारीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १ (हाल: लालबन्दी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १५७८ को क्षेत्रफल ०-९८-४-८ (बिगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) दिप्ती गाल्ला भण्डार को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताको विवरण	
	१) सिता कुमारी २) शत्रुधन महतो	
	२) ऋणी: सिता कुमारी स्थायी ठेगाना: सर्लाही जिल्ला, बेल्बाजबदी गा.वि. वडा नं. ७, हालको ठेगाना: सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३, बाबु: राम एकवाल महतो, ससुरा: बद्री महतो कोइरी, पति: शत्रुधन महतो	
	धितोको विवरण	
	रामएकवाल महतोकी छोरी, बदरी महतो कोइरीकी बुहारी, शत्रुधन महतोकी पत्नी, सर्लाही जिल्ला, बेल्बाजबदी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३ बस्ने सिता कुमारीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १ (हाल लालबन्दी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १५७८ को क्षेत्रफल ०-१८-४-८ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताको विवरण	
	शत्रुधन महतो	
	३) ऋणी फर्म: दिया जेनरल स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: सिता कुमारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवा, प्रा.फ.नं. ८९७८/०७७/०७८, दर्ता मिति २०७७/०४/१८, ठेगाना: जिल्ला सर्लाही, लालबन्दी न.पा. वडा नं. ५	
	धितोको विवरण	
	दिया जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताको विवरण	
	१) शत्रुधन महतो २) सिता कुमारी	
	कर्जाको किसिम: बिना धितो कर्जा **४) ऋणी: शत्रुधन महतो** स्थायी ठेगाना: सर्लाही जिल्ला, वेल्वा जबदी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३, बाबु: बदरी महतो कोइरी, बाजे: विष्णु महतो कोइरी	
	जमानीकर्ताको विवरण	
	सिता कुमारी, स्थायी ठेगाना: सर्लाही जिल्ला, बेल्बाजबदी गा.वि.स वडा नं. ७, हालको ठेगाना: सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३, बाबु: रामएकवाल महतो, ससुरा: बद्री महतो कोइरी, पति: शत्रुधन महतो	
२)	**१) ऋणी कम्पनी: यु.एम.मार्केटिङ्ग प्रा.ली.**, संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १६५९४१/०७३/०७४, दर्ता मिति: २०७३/१२/१०, ठेगाना: जिल्ला काभ्रे, बनेपा न.पा. वडा नं. ७	
	धितोको विवरण	
	यु.एम. मार्केटिङ्ग प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	२) ऋणी कम्पनी: यु.एम.इन्टरप्राइजेज प्रा.ली., संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२७७२९/०७६/०७७, दर्ता मिति: २०७६/०७/२२, ठेगाना: जिल्ला काभ्रे, बनेपा न.पा. वडा नं. ७	
	३) ऋणी: रुशन श्रेष्ठ ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. १, बाबु: रामशरण श्रेष्ठ, बाजे: हरिगोपाल श्रेष्ठ	
	धितोको विवरण	
	१) सानु सेतु बहादुरको नाति, हरी गोपालको छोरा, काभ्रे जिल्ला, ढुकुचा गा.वि.स. वडा नं. ३ बस्ने राम शरण श्रेष्ठको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगातमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ५ स्थित कित्ता नं. २६७९, २७५३ र २७५५को क्षेत्रफल क्रमश: १३१.१९, ११५.४८ र ८२.३३(व.मी.) को घरजग्गा र सो घजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) यु.एम.इन्टरप्राइजेज प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताहरुको विवरण	
	१) कृष्णकुमारी श्रेष्ठ २) रुसा श्रेष्ठ ३) राम शरण श्रेष्ठ ४) रुशन श्रेष्ठ	

नोट: ऋणी तथा जमानीकर्ता/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा जमानीकर्ता/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

आन्तरिक राजस्व कार्यालय विराटनगरको

कागजात पेश गर्ने वारेको सूचना

सूचना प्रकाशित मितिः २०८२/०३/३०

यस कार्यालय अन्तर्गतका तपसिलमा उल्लेखित करदाताहरूको आ.ब. २०७९।०८० देखि २०८१।०८२ (२०८१ चैत्र मसान्त सम्मको) कारोवारको सम्बन्धमा आवश्यक छानविन तथा अनुसन्धानात्मक कर परीक्षण गर्नुपर्ने भएकोले कार्यालयमा उपलब्ध सम्पर्क ठेगाना, फोन नम्बर आदिमा खोज तलास, फोन सम्पर्क तथा हुलाकबाट पत्राचार गर्दा कतिपय करदातासँग सम्पर्क गर्न नसकिएको, सम्पर्क भएका कतिपय करदाता कार्यालयमा उपस्थित नभएको तथा स्थलगतरुपमा खोज तलास गर्दा समेत फेला पार्न नसकिएको हुँदा सो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उपर्युक्त अवधिको कारोवार पुष्टि गर्ने कागजातहरू (खरिद बिक्री खाता/बिल बिजकहरू आदि) पेश गर्नु हुन आयकर ऐन, २०५८ को दफा ८३(१) एवं मू.अ.कर ऐन, २०५२ को दफा २३(२) बमोजिम अनुरोध छ । अन्यथा कार्यालयमा उपलब्ध सूचना तथा तथ्यांक प्रमाणको आधारमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही प्रकृया अगाडी बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

सि. नं.	स्था.ले.नं.	करदाताको नाम	ठेगाना	प्रो./सं./साझेदारको नाम	कैफियत
१.	६१०४१२७५८	जय श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.	विराटनगर - ४, मोरङ्ग	हेमन्त कुमार राई	
२.	११३६३२२२०	भगवती हार्डवेयर एण्ड ट्रेडिङ्ग	बिराटनगर - ५, मोरङ्ग	पुनित कुमार यादव	
३.	६१९०१५६४६	अमाईराज ईण्टरनेशनल ट्रेडिङ्ग	बिराटनगर - ३, मोरङ्ग	निर्जला खड्का	
४.	६१२३०८२४८	हरेराम निर्माण सप्लायर्स	बिराटनगर - ७, मोरङ्ग	जस्वन्त कुमार सिंह	
५.	६०६५३७२५२	सुस्तरी ईण्टरप्राईजेज एण्ड बिल्डर्स प्रा.लि.	बिराटनगर - ८, मोरङ्ग	बाल कुमार राई	
६.	६१०४०९८०४	पिल्लर्स ट्रेडर्स एण्ड बिल्डर्स प्रा.लि.	बिराटनगर - ७, मोरङ्ग	जस्वन्त कुमार सिंह	
७.	६२११३८९८४	ओम लक्ष्मीपार्वती हार्डवेयर एण्ड प्रा.लि.	बिराटनगर - ३, मोरङ्ग	विपल राई	
८.	६०१३२६४९३	सरस्वतीमाता हार्डवेयर एण्ड सप्लायर्स	बिराटनगर - ७, मोरङ्ग	संजय कुमार मण्डल	
९.	३०५७६३८६४	भगवती हार्डवेयर्स एण्ड सप्लायर्स	बिराटनगर - ५, मोरङ्ग	राज कुमार मण्डल	
१०	६२०२८३७४६	बि.एन. हार्डवेयर एण्ड सप्लायर्स	बिराटनगर - १२, मोरङ्ग	चन्दन कुमार साह	

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ टी-२० विश्वकपअन्तर्गत एसिया छनोटको तयारी

तीन वर्षपछि राष्ट्रिय टोलीको प्रशिक्षणमा आदिल

रमेश सुवेदी / नयाँ पत्रिका

अलराउन्डर आदिल अन्सारी आलम तीन वर्षपछि नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीको प्रशिक्षणमा फर्किएका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार आदिलसहित ३२ खेलाडीलाई आसन्न आइसिसी टी-२० विश्वकपअन्तर्गत एसिया तथा पूर्वी एसिया प्यासिफिक छनोटका लागि प्रारम्भिक छनोटमा बोलाएको हो ।

०७९ पुस ९-२७ सम्म भएको नेपाल टी-२० लिगमा स्पट र म्याच फिक्सिङको आरोपमा मुछिएका कारण आदिल तीन वर्ष घरेलु क्रिकेटबाट बाहिर रहेका थिए । टी-२० लिगमा अलराउन्डर आदिलसँगै महबुब आलम, नितेश शाह, नवीन कँडेल र रवि माझीविरुद्ध नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ५ फागुन ०७९ मा जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको थियो ।

क्यानले अनुसन्धान चलिरहेको भन्दै घरेलु तथा अन्तर्राष्ट्रिय खेल खेल्न प्रतिबन्ध लगाएको थियो । त्यसपछि १३ चैत ०८० मा काठमाडौं जिल्ला अदालतले सिआइबीको दाबी नपुगेको भनी पाँच खेलाडीलाई सफाइ दिएको थियो । म्याच फिक्सिङको आरोपबाट मुक्त भएपछि आदिल घरेलु क्रिकेटमा फर्कन सकिरहेका थिएनन् । क्यानको इन्टेग्रिटी कमिटीले आवश्यक अनुसन्धान र प्रक्रिया पार गरेपछि आदिललाई २१ वैशाख ०८२ देखि क्रिकेटमा फर्किन अनुमति दिएको थियो । क्यानले अनुमति दिए पनि राष्ट्रियस्तरको प्रतियोगिता नभएका कारण उनले खेल्न पाएका थिएनन् ।

अमेरिकाविरुद्ध डेब्यु

म्याच फिक्सिङका कारण प्रतिबन्धमा पर्नुअघि आदिललाई नेपाली टोलीमा एक उदीयमानी प्रतिभाशाली अलराउन्डर खेलाडीका रूपमा लिइएको थियो । उनले सन् २०२२ मा अमेरिकाविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए । उनले ६ एकदिवसीय खेलमा ७० रन जोडेका छन् । यसैगरी, पपुवा न्युगिनीविरुद्ध उनले टी-२० फर्म्याटमा डेब्युको अवसर पाए । उनले टी-२० आईमा आठ खेलबाट ११० रन जोडेका छन् ।

बलिङतर्फ उनले एकदिवसीय खेलमा ६ विकेट तथा टी-२० आईमा पाँच विकेट हात पारेका छन् । एकदिवसीयमा उनले ३१-३ र टी-२० आईमा २१-२ को उत्कृष्ट प्रदर्शन गरेका थिए । उनले लिस्ट 'ए'मा सात खेलमा ७२ रन तथा टी-२० खेलमा ११ खेलबाट १५७ रन जोडेका छन् । उनले टी-२० आईमा अन्तिमपटक केन्याविरुद्ध प्रतिस्पर्धा गरेका थिए । डेब्यु गरेको छोटो समयमै आक्रामक खेल प्रदर्शन गरेका आदिलको टी-२० लिगको घटनापछि करिअर नै धरापमा पऱ्यो ।

छनोटको समूह 'बी'मा नेपाल

नेपालले अक्टोबरमा ओमानमा टी-२० विश्वकपअन्तर्गत एसिया तथा पूर्वी एसिया प्यासिफिक छनोट खेल्दै छ । आइसिसीले छनोटको ड्र निकाल्दा नेपाल समूह 'बी'मा रहेको छ । नेपालको समूहमा कुवेत र जापान छन् । कुवेतसँग नेपालले तीन खेल खेल्दा दुईमा जित निकालेको छ । जापान नेपालको नयाँ प्रतिद्वन्द्वीका रूपमा रहनेछ । छनोटको सुपर सिक्सको शीर्ष तीन स्थान बनाउने राष्ट्रले अर्को वर्ष भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकपमा स्थान बनाउनेछन् ।

क्यानले विश्वकपमा छनोट हुने लक्ष्यका साथ नेपाली टोलीलाई अस्ट्रेलिया भ्रमण गराउनेछ । नेपाली टोलीले अस्ट्रेलियामा आयोजना हुने टी-२० क्रिकेट प्रतियोगितामा बंगलादेश र पाकिस्तानका 'ए' टोलीसँगै बिग बासमा आबद्ध टोलीसँग प्रतिस्पर्धा गर्नेछ । त्यसपछि नेपालले वेस्ट इन्डिजसँग तीन खेलको टी-२० आई सिरिज खेल्नेछ ।

प्रारम्भिक नेपाली टोली

रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, अनिल शाह, आसिफ शेख, भीम सार्की, लोकेश बम, कुशल मल्ल, आरिफ शेख, सन्दीप जोरा, विवेक यादव, गुल्सन झा, सन्दीप लामिछाने, नन्दन यादव, करण केसी, सोमपाल कामी र रिजन ढकाल छन् । प्रतिश जिसी, ललितनारायण राजवंशी, कमलसिंह ऐरी, शाहब आलम, सागर ढकाल, आकाश चन्द, दीपेन्द्रसिंह ऐरी, रूपेश सिंह, अर्जुन घर्ती, युवराज खत्री, किरण ठगुन्ना, आदिल आलम, पवन सर्राफ, शेर मल्ल, शुभ कंसाकार र अर्जुन घर्ती छन् ।



फाइल तस्बिर

● आदिल अन्सारी

■ कुशल फर्किए, युवराजलाई अवसर

मुख्य प्रशिक्षक स्टुवार्ट लले विश्वकप छनोटका लागि प्रारम्भिक खेलाडी छनोट गर्दा युवा तथा सिनियरहरूले पनि टोलीमा फर्कने मौका पाएका छन् । सिनियर टोलीको मध्यक्रममा आक्रामक खेल प्रस्तुत गर्ने कुशल मल्ल पनि टोलीमा समावेश भएका छन् । यसैगरी, यू-१९ क्रिकेट टोलीबाट खेलेका युवराज खत्रीले पनि स्थान बनाएका छन् । खराब प्रदर्शनका कारण कुशल टोलीमा स्थान बनाउन संघर्षरत थिए ।



● कुशल मल्ल



● युवराज खत्री

उनले टी-२० आईमा अन्तिमपटक १३ अप्रिल २०२५ मा कुवेतविरुद्ध प्रतिस्पर्धा गरेका थिए । एकदिवसीय खेलमा उनले २ नोभेम्बर २०२४ मा अमेरिकाविरुद्ध अन्तिमपटक खेलेका थिए । एकदिवसीय तथा टी-२० आईमा ब्याटिङ र बलिङमा खराब प्रदर्शन गरेका कारण उनी टोलीबाट बाहिर रहे । गत महिना स्कटल्यान्डमा भएको आइसिसी विश्वकप लिग २ अन्तर्गत त्रिकोणात्मक सिरिजबाट उनी बाहिर नै रहे । कुशलले ३९ टी-२० आईमा एक शतक तथा चार अर्धशतकको सहयोगमा ९२१ रन बटुलेका छन् । उनले ५१ टी-२० आईमा १९ विकेट हात पारेका छन् ।

प्रशिक्षक स्टुवार्टले सिनियर टोलीमा अभिनाश बोहरालाई पनि ३२ सदस्यीय खेलाडीमा समावेश गरेका छन् । बोहराले नेपाली टोलीबाट अन्तिमपटक टी-२० आईमा बंगलादेशविरुद्ध प्रतिस्पर्धा गरेको थियो । १६ जुन २०२४ पछि उनी टोलीबाट रहे । गत वर्ष अमेरिका र वेस्ट इन्डिजले आयोजना गरेको टी-२० विश्वकपमा बोहराले प्रतिस्पर्धा गरेका थिए । उनले ६२ टी-२० आई खेलमा ७५ विकेट लिएका छन् । टी-२० फर्म्याटमा उनले ७० खेलमा ७७ विकेट हात पारेका छन् । यसैगरी, स्कटल्यान्डको भ्रमणमा घाइते भएका सोमपाल कामी र गुल्सन झा पनि टोलीमा समेटिएका छन् । आइसिसी विश्वकप लिग २ अन्तर्गतको एकदिवसीय सिरिजमा यी दुवै प्रशिक्षणका क्रममा खेलाडी घाइते भएका थिए । जसका कारण उनीहरूले लिग २ का बाँकी रहेका खेल गुमाएका थिए ।

■ साफ यू-२० महिला च्याम्पियनसिप

अन्तिम इन्जुरी समयमा सम्हालिन सकेन नेपाल

नयाँ पत्रिका

इन्जुरी समयको अन्तिम सेकेन्ड सम्हालिन नसक्दा नेपाल साफ यू-२० महिला च्याम्पियनसिपको दोस्रो खेलमा आइतबार बंगलादेशसँग ३-२ ले पराजित भएको छ । बंगलादेशको बसुन्धारा किंग्स मैदानमा नेपाललले उत्कृष्ट पुनरामगन गर्दै दुई गोलले पछि रहेको अवस्थामा बंगलादेशलाई २-२ को बराबरीमा रोकेको थियो । भुटानी रेफ्रीले सात मिनेट अतिरिक्त समय थपेकी थिइन् । यसै समयमा बंगलादेशले बाजी मारेको हो । बराबरीतर्फ अग्रसर भएको खेल सकिन केही सेकेन्डअघि नेपाली डिफेन्डरले कमजोर प्रदर्शन गरेका थिए । यसैको फाइदा लिँदै बंगलादेशले नेपालमाथि ३-२ को सनसनी जित निकाल्यो । बंगलादेशको तेस्रो गोलसँगै खेल पनि समाप्त भएको थियो । अन्तिम सेकेन्ड सम्हालिन नसक्दा नै नेपालले महत्त्वपूर्ण अंक गुमाएको छ ।

बंगलादेशको जितमा सिन्हा शिखा, सागोरिका र श्रीमोती तृस्ना रानीले समान एक गोल गरेका थिए । नेपालबाट डिफेन्डर अनिशा राई र मीना देउवाले समान एक गोल फर्काए । डबल राउन्ड रोबिन लिगमा बंगलादेशले लगातार दुई खेलमा जित निकाली शीर्ष स्थान बलियो बनाएको छ । नेपालले दुई खेलमा समान एक हार र जित निकालेको छ । दोस्रो चरणको राउन्ड रोबिन लिगमा आयोजक बंगलादेश नेपालमाथिको जितका कारण बलियो देखिएको छ ।

पहिलो खेलमा नेपालले भुटानलाई ६-१ ले हराएको थियो । नेपालको जितमा पूर्णिमा राईले ह्याट्रिक गरेकी थिइन् । बंगलादेशले पहिलो खेलमा श्रीलंकालाई ९-१ ले हराएको हो ।

मध्यान्तरपछि दुवै टोली १० खेलाडीमा सीमित

प्रतिस्पर्धाको ५७औँ मिनेटमा नेपाल र बंगलादेश समान १० खेलाडीमा सीमित भए । नेपालकी डिफेन्डर सिम्रन राई र बंगलादेशकी स्ट्राइकर सागोरिकाले सिधै रातो कार्ड पाएका थिए । राई र सागोरिकाले मैदानमा हात हालाहाल गरेपछि भुटानी रेफ्री छिरिङ याङखेले उनीहरूलाई सिधै रातो कार्ड देखाएकी हुन् । त्यसपछि दुवै टोलीले १० खेलाडीमै प्रतिस्पर्धा गरेका थिए । बंगलादेशको स्ट्राइकरले रातो कार्ड पाएपछि फिनिसिङ लाइनअप कमजोर देखियो ।

नेपालले १० खेलाडीमा रहेको बंगलादेशविरुद्ध मध्यान्तरपछि भरपूर फाइदा लियो । नेपालले बंगलादेशविरुद्ध दुवै गोल मध्यान्तरपछि नै गरेको थियो । बंगलादेशले भने एक खेलाडी नहुँदा कमजोर प्रदर्शन गऱ्यो । नेपालले बराबरी गोल फर्काउँदा बंगलादेशका खेलाडी आत्तिएका देखिन्थे । यद्यपि, अन्तिम सेकेन्डमा बंगलादेशले बाजी मार्‍यो ।



दुवै हाफमा समान दुई गोल

बंगलादेशले खेलको १४औँ मिनेटमा सिन्हा शिखाको गोलबाट १-० को अग्रता लियो । मुन्की अख्तरले नेपाली गोलरक्षक सुजाता तामाङसहित चार डिफेन्डरलाई बिट बल प्रहार गरेकी थिइन् । नेपाली डिफेन्डर गंगा रोकायले गोललाइनबाट बल राम्रोसँग क्लियर गर्न सकिनन् । सिन्हाले सिक्स यार्ड बक्समा सहज अग्रता गोल गरेकी हुन् । दोस्रो हाफमा रातो कार्ड पाएकी सागोरिकाले ३६औँ मिनेटमा बंगलादेशलाई २-० को अग्रता दिलाएकी थिइन् । शान्ति मार्दीको क्रसलाई गोलरक्षक सुजाताले नियन्त्रणमा लिन सकिनन् । डिबक्सभित्र रिबाउन्ड बलमा सागोरिकाले सहजै गोल गर्दै बंगलादेशलाई दोहोरो अग्रता दिलाइन् ।

खेलको ७६औँ मिनेटमा नेपालले बंगलादेशविरुद्ध २-१ को गोलअन्तर बनायो । डिफेन्डर अनिशाले पेनाल्टीमा गोल गरेकी हुन् । अट्याकर मीना देउवालाई बंगलादेशकी बिबी रिताले बक्सभित्र लडाएपछि रेफ्री छिरिडले नेपाललाई पेनाल्टी दिएकी हुन् । खेलको ८६औँ मिनेटमा नेपालले २-२ को बराबरी गोल गऱ्यो । अट्याकर मीनाले काउन्टरमा बराबरी गोल फर्काइन् । काउन्टरमा अर्की स्ट्राइकर पूर्णिमा राईले मिलाएको पासलाई बक्सभित्रबाट मीनालेवान टचमै गोल गरेकी हुन् ।

पहिलोपटक महिला भलिबल लिगको अक्सन हुँदै

नयाँ पत्रिका

पहिलोपटक एभरेष्ट महिला भलिबल लिगको अक्सन हुँदै छ । २ साउनमा अक्सन हुने भएको हो । आयोजक इन्फिनिटी ड्रिम्सका अनुसार ६ वटा फ्रेन्चाइज टोलीको सहभागिता रहने लिगमा राष्ट्रिय स्टारदेखि नवप्रतिभा खेलाडीले अक्सनमा सहभागिता जनाउनेछन् ।

यसै साता हुने अक्सन नेपाली महिला भलिबलको व्यावसायिक यात्राको महत्त्वपूर्ण मोड साबित हुने इन्फिनिटी ड्रिम्सले जनाएको छ । 'नेपाली भलिबल इतिहासमा यो ऐतिहासिक कार्यक्रम हुन लागेको छ,' इन्फिनिटी ड्रिम्सकी सिइओ स्नेभी चापागाईंले भनिन् ।

प्रत्यक्ष बोलकबोल प्रणालीमार्फत फ्रेन्चाइज टोलीहरूले राष्ट्रिय, नवप्रतिभा र उदाउँदा खेलाडीलाई चयन गर्नेछन् । 'अक्सन प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र पूर्ण रूपमा प्रतिभामा आधारित हुनेछ,' स्नेभीले भनिन्, 'यसले खेलाडीहरूको सिप र योगदानको उचित मूल्यांकन गर्न सहयोग गर्नेछ ।' राष्ट्रिय खेलका रूपमा रहेको भलिबलमा महिला खेलाडीले अक्सनमातर्फ नयाँ अध्याय सुरु गर्ने उनले बताइन् ।



आगामी २० देखि २८ भदौसम्म हुने दोस्रो संस्करणमा सहभागी ६ टोलीले अक्सनमा खेलाडी भित्र्याउनेछन्

सहभागी ६ टोली

कर्णाली यशविस, गण्डकी थन्डर्स, चितवन शक्ति, ललितपुर क्विन्स, काडमाडौं स्पाइकर्स र मधेश युनाइटेडले लिगमा प्रतिस्पर्धा गर्नेछन् । '६ वटा फ्रेन्चाइज टोलीको सहभागितासहित यो प्रक्रिया नेपाली महिला भलिबलको व्यावसायिक यात्रामा एक युगान्तकारी मोड साबित हुने अपेक्षा गरिएको छ,' उनले भनिन्, 'यो अक्सन मात्र नभई नेपाली महिला भलिबलका लागि ऐतिहासिक मोड हो ।' महिला भलिबल लिगका कारण खेलाडी अब व्यावसायिक संरचनाभित्र प्रवेश गर्ने र सिप, बजार मूल्य र पहिचानलाई संस्थागत हुने अवसर पाउने चापागाईंले बताइन् । पहिलो संस्करण कर्णालीले जितेको थियो । दोस्रो संस्करण २० देखि २८ भदौसम्म हुनेछ । प्रतियोगिताको स्वीकृति नेपाल भलिबल संघले दिइसकेको छ ।

■ मेसीले तोडे आफ्नै रेकर्ड



एजेन्सी / अर्जेन्टिनी कप्तान लिओनल मेसीले मेजर लिग सकर (एमएलएस)मा नयाँ रेकर्ड राखेका छन् । मेसीले लगातार पाँचौं खेलमा एकभन्दा बढी गोलको कीर्तिमान बनाएका हुन् । यसअघि उनले लगातार चार खेलमा एक गोलभन्दा बढी गोलको रेकर्ड राखेका थिए । उनले आफ्नै रेकर्ड तोडेका छन् । मेसीकै उत्कृष्ट प्रदर्शनमा इन्टर मियामीले न्यासभिललाई २-१ ले पराजित गऱ्यो । सो खेलमा उनले दुई गोल गरेका थिए । खेलको १७औँ मिनेटमा मेसीले सटीक फ्रिकिक गोल गरेका थिए । खेलको ६२औँ मिनेटमा उनले मियामीका लागि विजयी गोल ठोके । लिगमा उनले १६ खेलमा १६ गोल गर्दै एमएलएसको सर्वाधिक गोलकर्ताको सूचीमा न्यासभिलकै साम सरिजसँग बराबरीमा छन् । मेसीले कीर्तिमानी बनाउने क्रममा पाँचै खेलमा समान दुई गोल गरेका छन् । यो जितसँगै मियामी पूर्वी क्षेत्रको अंकतालिकाको अग्र स्थानमा छ ।

बंगलादेशले नेपालसँगको मैत्रीपूर्ण फुटबल नखेल्ने

नयाँ पत्रिका

बंगलादेशले नेपालसँग हुने भनिएको दुई मैत्रीपूर्ण खेल नखेल्ने घोषणा गरेको छ । गत साता अखिल नेपाल फुटबल संघ (एन्फा)ले एएफसी एसियन कप छनोटअगाडि बंगलादेशसँग मैत्रीपूर्ण खेल खेल्ने जनाएको थियो ।

एन्फाका अनुसार नेपाल र बंगलादेशबिचको खेल ६ र ९ सेप्टेम्बरमा हुनुपर्ने थियो । तर, बंगलादेशले दशरथ रंगशालामा हुने भनिएको नेपालसँगको दुई अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल नखेल्ने जनाएको छ । बंगलादेश फुटबल फेडेरेसन (बिएफएफ)ले दक्षिण एसियाबाहिरको टोलीसँग मैत्रीपूर्ण खेल खेल्ने निर्णय गरेको हो ।

'बंगलादेशले दक्षिण एसिया राष्ट्रसँग नभएर यस क्षेत्रबाहिरका फुटबल टोलीसँग मैत्रीपूर्ण खेल खेल्नेछ,' बिएफएफको शनिबार राति बसेको बैठकले जनाएको छ । बिएफएफ मिडिया समितिका अध्यक्ष आमिरुल इस्लामले टोली बलियो बनाउन आफूभन्दा बलिया राष्ट्रसँग मैत्रीपूर्ण खेल्ने निर्णय भएको बताए । 'हामी आफू बराबर नभएर बलियो टोलीसँग खेल्ने योजना बनाएका छौं,' उनले भने, 'यसले हाम्रो स्तर बढ्नेछ ।'

उनका अनुसार बंगलादेशसँग भियतनाम र कम्बोडिया मैत्रीपूर्ण खेल खेल्न इच्छुक छन् । बंगलादेशले एसिया कपका लागि युरोपका सात राष्ट्रसँग मैत्रीपूर्ण खेलको प्रस्ताव राखेको थियो । तर, बंगलादेशको प्रस्ताव युरोपियन राष्ट्रहरूले अस्वीकार गरेका थिए । बंगलादेशको पछिल्लो निर्णयसँगै नेपालको तयारी अन्योलमा परेको छ । एसियन कप छनोटमा नेपाल समूह 'एफ'मा मलेसिया, लाओस र भियतनामसँग छ । समूह चरणमा नेपाललले दुई खेल गुमाएको छ । नेपाल मलेसियासँग २-० र लाओससँग २-१ ले पराजित भएको थियो । नेपालले ९ अक्टोबरमा तेस्रो खेलमा भियतनामसँग उसको घरेलु मैदानमा प्रतिस्पर्धा गर्ने तालिका छ ।

इंग्ल्यान्डको कमजोर प्रदर्शन

एजेन्सी

घरेलु टोली इंग्ल्यान्डले भारतविरुद्धको तेस्रो टेस्टमा कमजोर प्रदर्शन गरेको छ । लर्ड्स मैदानमा आइतबार इंग्ल्यान्ड दोस्रो इनिङ्समा १९२ रनमै समेटिएको छ । भारतले जितका लागि सहज १९३ रन पाएको छ । इंग्ल्यान्डले पहिलो इनिङ्समा ३८७ रन जोडेको थियो । भारतको पहिलो इनिङ्स पनि ३८७ रनमै सीमित भयो । दोस्रो इनिङ्समा इंग्ल्यान्डविरुद्ध भारतीय बलरले कसिलो बलिङ प्रदर्शन गरे ।

लर्ड्स मैदानमा भारतले ऐतिहासिक जित निकाल्न अझै पाँचौं दिनको खेल बाँकी रहेको छ । यद्यपि, भारतले लक्ष्य पछ्याएको इनिङ्समा चार विकेट गुमाइसकेको छ । इंग्ल्यान्डविरुद्ध दोस्रो इनिङ्समा वासिङटन सुन्दरले उत्कृष्ट बलिङ गरेका थिए । उनले १२.१ ओभरमा २२ रन खर्चेर चार विकेट हात पारे । सिमर जसप्रीत बुमराहले १६ ओभरमा ३८ रन खर्चेर दुई विकेट लिए । मोहमद सिराजले ३१ रनमा दुई विकेट हात पारे । नीतीश कुमारले २० रनमा एक विकेट लिए ।

अर्धशतकविनाको इंग्ल्यान्डको दोस्रो इनिङ्स

इंग्ल्यान्डको दोस्रो इनिङ्सको ब्याटिङमा कुनै पनि खेलाडीले अर्धशतक बनाउन सकेनन् । सो इनिङ्समा सर्वाधिक रन जोए रुटले बनाए । उनले ४० रनको योगदान दिन १४० बलमा चार चौका र एक छक्का प्रहार गरेका थिए । उनले पहिलो इनिङ्समा शतकीय इनिङ्स खेलेका थिए । कप्तान बेन स्टोक्सले ३३ रन जोडेका थिए । उनले ९६ बलमा तीन चौका प्रहार गरेका थिए । भारतको कसिलो बलिङमा इंग्ल्यान्ड इनिङ्सको एक समय ८७-४ को स्थितिमा थियो । त्यसपछि रुट र बेनले पाँचौं विकेटका लागि ६७ रनको महत्त्वपूर्ण साझेदारी गर्दै टोलीलाई १५४-५ को स्थितिमा राखे । पुछारका कुनै पनि खेलाडीले गतिलो योगदान दिन नसक्दा इंग्ल्यान्डले भारतलाई ठुलो लक्ष्य दिन नसकेको हो । भारतले इंग्ल्यान्डलाई ३२ अतिरिक्त रन दिएको थियो । इंग्ल्यान्डले १० रनको अन्तरमा अन्तिम चार विकेट गुमाएको थियो ।

इंग्ल्यान्डमा राखे गिल र बुमराहले रेकर्ड

भारतका कप्तान शुभमन गिल र बलर जसप्रीतले रेकर्ड बनाएका छन् । गिल इंग्ल्यान्डविरुद्धको एकै सिरिजमा ६ सय रन बनाउने दोस्रो भारतीय ब्याट्सम्यान बनेका छन् । यसैगरी फास्ट बलर बुमराह घरबाहिर सर्वाधिक पाँच विकेट लिने खेलाडी बने । घरबाहिर भएका टेस्टमा बुमराहले सर्वाधिक १३ पटक पाँच विकेटको प्रदर्शन गरेका छन् । उनले पहिलो इनिङ्समै टेस्ट करिअरमा ४५० विकेट संख्यासमेत पूरा गरे । पूर्वकप्तान कपिल देवले भारतबाहेक अन्य भूमिमा १२ पटक पाँच विकेटको प्रदर्शन गरेका थिए ।

यसैगरी, इंग्ल्यान्डका रुटले भारतविरुद्ध ११ टेस्ट शतक लगाएका छन् । उनले करिअरकै ३७औँ टेस्ट शतक लगाएका हुन् । अस्ट्रेलियाका पूर्वकप्तान स्टिभ स्मिथको नाममा रहेको ३६ शतक रेकर्ड रुटले तोडेका छन् । स्मिथले पनि भारतविरुद्ध समान ११ टेस्ट शतक बनाएका छन् ।

टेस्ट करिअरमा बुमराहले रुटलाई १५ पटक आउट गरेका छन् । यसैगरी, टेस्ट क्रिकेटमा इंग्ल्यान्डका रुट सबैभन्दा बढी क्याच लिने फिल्डर बनेका छन् । उनले १५६ टेस्टमा सर्वाधिक २११ क्याच लिएका छन् । यसअघि यो रेकर्ड भारतका राहुल द्रविडको नाममा थियो । द्रविडले १६४ टेस्टमा २१० क्याच लिएका थिए ।



तेस्रो टेस्टको दोस्रो इनिङ्समा कमजोर ब्याटिङ गरेपछि इंग्ल्यान्ड १९२ रनमै समेटियो । भारतले जितका लागि सहज १९३ रन पाएको छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com